# वन तथा वन्यजन्तुसँग सम्बन्धित राजपत्रहरूको संगालो २०७७

प्रकाशक

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

वन्यजन्तु अपराध नियन्त्रण शाखा

बबरमहल, काठमाडौं

२०७७

# वन तथा वन्यजन्तुसँग सम्बन्धित राजपत्रहरुको संगालो २०७७

प्रकाशक

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

वन्यजन्तु अपराध नियन्त्रण शाखा

बबरमहल, काठमाडौं

२०७७

| | | |
|---|---|---|
| प्रकाशक | : | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग<br>बबरमहल, काठमाडौं। |
| प्रतिलिपि अधिकार © | : | २०७७, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,<br>काठमाडौं |
| प्रकाशन प्रति | : | ५०० प्रति |
| सम्पर्क ठेगाना | : | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग<br>पो.ब.नं. : ८६० काठमाडौं, नेपाल<br>फोन नं. : ००९७७ १ ४२२०९१२/४२२०८५०/४२२७९२६<br>फ्याक्स नं. : ००९७७ १ ४२२७६७५<br>इमेल : info@dnpwc.gov.np<br>वेबसाइट : www.dnpwc.gov.np |
| मुद्रण | : | क्रिएटिभ लिङ्क प्रा. लि.<br>बागबजार, काठमाडौं, नेपाल<br>फोन नं. : ००९७७ १ ४२१६९१३<br>इमेल : creativelink@gmail.com |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
(............................................ शाखा)

फोन नं. : ४२२०८५०, ४२२०९१२, ४२२७९२६
फ्याक्स नं. ४२२७६७५

पो. ब. नं. - ८६०
बबरमहल, काठमाडौं
Email: info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

संकेत नं. :-
पत्र संख्या :-
चलानी नं. :-

# दुई शब्द

नेपालमा वन्यजन्तुको संरक्षण कार्य औपचारिक रुपमा मुलुकी ऐन, जंगली जीवजन्तु संरक्षण ऐन जस्ता कानुनी दस्तावेजहरु जारी गरी शुरुवात भएतापनि अनौपचारिक रुपमा लामो समय पहिले देखि शुरुवात भएको पाइन्छ । विभिन्न क्षेत्रमा छरिएका ऐन कानुनहरुलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले एकिकृत गरिसकेपछि वन्यजन्तुको संरक्षण र यसको बासस्थान व्यवस्थापन कार्य संस्थागत र प्रभावकारी हुँदै आएको देखिन्छ । राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, प्राणी उद्यान लगायतका संरक्षित क्षेत्रहरु घोषणा हुँदा विगतदेखि हालसम्म विभिन्न समयमा सरकारबाट भएका महत्वपुर्ण निर्णयहरु बिभिन्न ठाउँमा छरिएर रहेकोमा यी राजपत्रहरु एकै किताबमा समावेश गरि प्रकाशन भएको यो संगालो वन तथा वन्यजन्तुको संरक्षण क्षेत्रमा कार्यरत कर्मचारी, मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रमसँग सम्बन्धित पदाधिकारीहरु, स्थानीय तह तथा अन्य सरोकारवाला निकायहरुका लागि सन्दर्भ सामाग्री हुने देखिन्छ । कतिपय अवस्थामा सिमानाको वादविवाद मिलाउन तत्काल राजपत्र नभेटिएर संरक्षित क्षेत्र तथा अन्य निकायहरु विच द्विविधा अन्तका लागि यो राजपत्रको संगालो सहयोगी हुने देखिन्छ । राजपत्रहरु तत्काल उपलब्ध गर्न हेर्न सबै ठाउँमा इन्टरनेटको सुविधा नभएकोले त्यस्ता दुर्गम क्षेत्रहरुमा समेत यो संगालो थप उपयोगी हुने देखिन्छ ।  राजपत्रको संगालोले नेपालमा संरक्षणको विगतको इतिहास देखि हालसम्मको संरक्षणको झल्को दिने भएकोले संरक्षणको क्षेत्रमा अध्ययन गर्ने विद्यार्थी, अनुसन्धानकर्ता तथा अध्यापन कार्यमा संलग्न बर्गहरुलाई समेत यो राजपत्र उपयोगी दस्तावेज हुने देखिन्छ ।

बिभिन्न ठाउँमा छरिएका केही राजपत्रहरुको शुरुको संकलन गर्न सहयोग गर्ने सहायक अनुसन्धान अधिकृत श्री विष्णु प्रसाद थपलिया र छोटो समयमा अपुग राजपत्रहरु संकलन गरी प्रकाशनको काममा समन्वय गरी यो रुपमा ल्याउन योगदान गर्ने अनुसन्धान अधिकृत श्री वेद कुमार ढकाल, साथै यसलाई प्रकाशन गर्ने श्री क्रियटिभ लिङ्क, बागबजार, काठमाण्डौंलाई धन्यवाद दिन चाहन्छु । सबै वर्गहरुबाट प्राप्त सुझावहरुलाई समेत समावेश गरी नेपाल सरकारबाट भविष्यमा प्रकाशन गरिने नयाँ राजपत्रहरु समेत थप गरी भविष्यमा राजपत्रको संगालोको नयाँ सस्करण प्रकाशन गरिने प्रतिवद्धता व्यक्त गर्दै संरक्षणको कार्यमा हातेमालो गर्न सवैमा अनुरोध गर्दछु ।

..............................
(डा. रामचन्द्र कँडेल)
निमित्त महानिर्देशक

मिति : २०७७०३१८

# विषय सूची

क) संरक्षित क्षेत्र (राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्र) को चार किल्ला सिमाना घोषणा तथा सिमाना हेरफेरसम्बन्धी राजपत्रहरू


| सि.न. | राजपत्रको नाम र प्रकाशन मिति | पेज नं |
|---|---|---|
| १.१ | नारायणी अञ्चलअन्तर्गत शाही चितवन राष्ट्रिय निकुञ्ज घोषणा गरेको: मिति २०३०/०६/०४ | १२ |
| १.२ | शाही चितवन राष्ट्रिय निकुञ्ज घोषणा गरेको: मिति २०३४/०४/३१ | १४ |
| १.३ | चितवन राष्ट्रिय निकुञ्जको सीमा हेरफेरसहित चार किल्ला तोकेको: मिति २०७३/०७/०१ | १७ |
| २.१ | बर्दिया जिल्लाको उल्लिखित क्षेत्रलाई शाही कर्णाली वन्यजन्तु आरक्ष घोषणा गरेको: मिति २०३२/११/२५ | २१ |
| २.२ | शाही कर्णाली वन्यजन्तु आरक्षको नाम शाही बर्दिया वन्यजन्तु आरक्ष कायम गरी परिवर्तन गरिएको: मिति २०४१/०५/११ | २३ |
| २.३ | शाही बर्दिया राष्ट्रिय निकुञ्ज घोषणा गरी चार किल्ला तोकेको: मिति २०४५/०८/२० | २४ |
| ३ | रसुवा, नुवाकोट र सिन्धुपाल्चोक जिल्लामा पर्ने उल्लिखित क्षेत्रलाई लामटाङ राष्ट्रिय निकुञ्ज घोषणा गरेको: मिति २०३२/१२/०९ | २६ |
| ४ | सगरमाथा राष्ट्रिय निकुञ्ज घोषणा गरेको: मिति २०३३/०४/०४ | २७ |
| ५.१ | शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षको सिमाना तोकिएको: मिति २०३३/०४/०४ | २८ |
| ५.२ | शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षको सिमाना हेरफेर गरेको: मिति २०५१/०२/०९ | ३० |
| ५.३ | शुक्लाफाँटा वन्यजन्तु आरक्षलाई शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज घोषणा गरेको: मिति २०७३/११/०९ | ३२ |
| ६ | रारा राष्ट्रिय निकुञ्ज घोषणा गरेको: मिति २०३४/०४/२४ | ३३ |
| ७ | शे फोक्सुण्डो राष्ट्रिय निकुञ्जको चार किल्ला तोकेको: मिति २०४१/०४/२२ | ३५ |
| ८ | खप्तड राष्ट्रिय निकुञ्ज घोषणा गरेको: मिति २०४३/०३/०९ | ३७ |
| ९ | मकालु वरुण राष्ट्रिय निकुञ्ज घोषणा गरेको: मिति २०४८/०८/०२ | ३९ |
| १०.१ | शिवपुरी संरक्षित जलाधार क्षेत्र कायम गरेको: मिति २०३९/११/११ | ४२ |
| १०.२ | शिवपुरी राष्ट्रिय निकुञ्ज घोषणा गरेको: मिति २०५८/११/०६ | ४३ |
| १०.३ | शिवपुरी राष्ट्रिय निकुञ्जको सिमानामा हेरफेर गरेको: मिति २०६१/०२/२५ | ४४ |
| १०.४ | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको नामावली नामाकरण गरेको: मिति १०६५/११/१२ | ४५ |
| ११ | बाँके राष्ट्रिय निकुञ्ज घोषणा गरेको: मिति २०६७/०३/२८ | ४६ |
| १२.१ | पर्सा वन्यजन्तु आरक्ष घोषणा गरेको: मिति २०४१/०२/०८ | ४८ |
| १२.२ | पर्सा वन्यजन्तु आरक्षको सिमाना हेरफेर गरेको: मिति २०७२/०५/०७ | ४९ |
| १२.३ | पर्सा राष्ट्रिय निकुञ्ज घोषणा गरेको: मिति २०७४/०२/१९ | ५२ |
| १३ | कोशीटप्पु वन्यजन्तु आरक्ष घोषणा गरेको: मिति २०३३/०४/०४ | ५३ |
| १४ | ढोरपाटन शिकार आरक्ष घोषणा गरेको: मिति २०३३/०४/०४ | ५४ |

| | | |
|---|---|---|
| १५ | अन्नपूर्ण संरक्षण क्षेत्र घोषणा गरेको: मिति २०४४/०१/१४ | ५६ |
| १६.१ | कञ्चनजङ्घा संरक्षण क्षेत्र घोषणा गरेको: मिति २०५४/०४/०६ | ५८ |
| १६.२ | कञ्चनजङ्घा संरक्षण क्षेत्रको सिमाना हेरफेर गरेको: मिति २०५५/०५/२९ | ५९ |
| १७ | मनास्लु संरक्षण क्षेत्र घोषणा गरेको: मिति २०५५/०९/१३ | ६१ |
| १८ | कृष्णसार संरक्षण क्षेत्र घोषणा गरेको: मिति २०६५/१२/०३ | ६२ |
| १९ | गौरीशंकर संरक्षण क्षेत्र घोषणा गरेको: मिति २०६६/०९/२७ | ६३ |
| २० | अपिनाम्पा संरक्षण क्षेत्र घोषणा गरेको: मिति २०६७/०३/२८ | ६४ |

ख) मध्यवर्ती क्षेत्रको चार किल्ला सिमाना तोकेको तथा सिमाना हेरफेरसम्बन्धी राजपत्र

| सि.नं. | राजपत्रको नाम र प्रकाशन मिति | पेज नं |
|---|---|---|
| १.१ | शाही बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेको: मिति २०५३/०८/१७ | ६६ |
| १.२ | बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको सिमाना हेरफेर गरेको: मिति २०६७/०६/३१ | ६९ |
| २.१ | शाही चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती तोकेको: मिति २०५३/०८/१७ | ७१ |
| २.२ | चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको सिमाना हेरफेर गरेको: मिति २०७६/७/०१ | ७४ |
| ३ | लाङटाङ राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेको: मिति २०५५/०१/१४ | ७९ |
| ४ | शेफोक्सुण्डो राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेको: मिति २०५५/०७/०२ | ८१ |
| ५ | मकालु वरुण राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेको: मिति २०५५/१०/२५ | ८२ |
| ६ | सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेको: मिति २०५८/०९/१७ | ८३ |
| ७ | शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र तोकेको: मिति २०६१/०२/०९ | ८४ |
| ८ | कोशीटप्पु वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र तोकेको: मिति २०६१/०५/१४ | ८७ |
| ९ | पर्सा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेको: मिति २०६२/०३/१३ | ८८ |
| १० | रारा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेको: मिति २०६३/०३/०९ | ९० |
| ११ | खप्तड राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेको: मिति २०६३/०७/१३ | ९२ |
| १२ | बाँके राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेको: मिति २०६७/०३/२८ | ९३ |
| १३ | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेको: मिति २०७२/१२/१५ | ९४ |

ग) ऐन, नियम, नियमावली, निर्देशिका तथा अनुसूचीसम्बन्धी राजपत्र

| सि.नं. | राजपत्रको नाम र प्रकाशन मिति | पेज नं |
|---|---|---|
| १ | जंगली जीवजन्तु संरक्षण ऐन, २०१५ मिति: २०१५/०८/१८ | ९८ |
| २ | जलचर संरक्षण ऐन, २०१७ | १०६ |
| ३ | जंगली जीवजन्तु संरक्षण ऐन, २०१५ को संशोधन: मिति २०१९/३/१५ | ११० |
| ४ | जंगली जीवजन्तु संरक्षण ऐन २०२५ अनुसार तोकिएका जीवजन्तु र तिनको शरीरको अङ्ग विदेश निकाशी गर्न मनाही गरेको: मिति २०२२/२/१८ | ११२ |
| ५ | जंगली जीवजन्तु संरक्षण ऐन २०१५ अनुसार राष्ट्रिय पंछी डाफेलाइ सोहि ऐनको अनुसुचि १ मा समाबेस गरेको: मिति २०२४/९/१० | ११३ |

| | | |
|---|---|---|
| ६ | जंगली जीवजन्तु संरक्षण ऐन २०१५ अनुसार रेडपाण्डालाइ सोहि ऐनको अनुसुचि १ मा समाबेस गरेकोः मिति २०२५/१२/४ | ११४ |
| ७ | जंगली जीवजन्तु संरक्षण ऐन २०१५ अनुसार कस्तूरी मृग र कृष्णसारलाई अनूसूचि १ मा समाबेस गरेकोः मिति २७/६/२०२६ | ११५ |
| ८ | जंगली जीवजन्तु संरक्षण ऐन २०१५ अनुसार जंगली जीव जन्तु र तिनका शरीरका कुनैपनि अंग भाग विदेश निकासी गर्न मनाही गरेकोः मिति २०२७/७/१७ | ११६ |
| ९ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार अधिकारहरु तोकिएकोः मिति २०३०/६/४ | ११७ |
| १० | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ लागु भएकोः मिति २०३०/६/४ | ११८ |
| ११ | राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन २०२९ अनुसार तोकिएको क्षेत्रमा शिकार बन्द समय तोकिएकोः मिति २०३०/१०/१५ | ११९ |
| १२ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार तोकिएको जिल्लाहरुमा शिकार बन्द समय तोकिएकोः मिति २०३१/६/७ | १२० |
| १३ | नागार्जुन शाही वन प्रवेश तथा वन पैदावार विक्री विवरण नियमावली २०३२: मिति २०३२/१/१६ | १२१ |
| १४ | हिमाली राष्ट्रिय निकुञ्ज नियमावली २०३६ अनुसार हिमाली राष्ट्रिय निकुञ्जहरु भित्र नेपाली नागरिक प्रवेश गर्दा प्रवेश शुल्क नलाग्ने निर्णयः मिति २०३६/९/२३ | १२३ |
| १५ | जलचरहरूको संरक्षण ऐन, २०१७ को पहिलो संशोधनः मिति २०५५/१०/१७ | १२४ |


घ) बिभिन्न आयोग, उच्च स्तरिय समिति तथा अन्य समिति गठन सम्बन्धी राजपत्र


| सि.न. | राजपत्रको नाम र प्रकाशन मिति | पेज नं |
|---|---|---|
| १ | नागार्जुन शाही वन विकास समिती गठन आदेश २०२९: मिति २०२९/७/३० | १३२ |
| २ | नागार्जुन शाही वन विकास समिति (गठन) आदेशको उप दफा र खण्डहरूमा हेरफेरः मिति २०३२/५/९ | १३४ |
| ३ | शिवपुरी जलाधारक्षेत्र विकास समिति गठन आदेश २०३३ बमोजिम गठित समितिको अध्यक्ष र सदस्यहरु हेरफेरः मिति २०३३ साल | १३५ |
| ४ | कोशी टप्पुको जग्गा दर्ता गर्न उच्चस्तरीय गठित आयोगलाई कार्य र म्याद थप गरेकोः मिति २०३४/४/२४ | १३६ |
| ५ | कोशी टप्पुको खड्ग निशानाले पाएको जग्गा दर्ता गर्न उच्चस्तरिय आयोग गठनः मिति २०३४/४/२४ | १३७ |
| ६ | कोशी टप्पु जग्गा दर्ता आयोगको सदस्यमा हेरफेर भएकोः मिति २०३४/८/२० | १३८ |
| ७ | कोशि टप्पु उच्चस्तरिय आयोगको म्याद समाप्त भएकोमा २ महिना थप गरिएकोः मिति २०३४/१०/२४ | १३९ |
| ८ | शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष क्षेत्रभित्र केही वन कार्यालय स्थापना गरेकोः मिति २०४१/११/२८ | १४० |

| | | |
|---|---|---|
| ९ | शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष विकास समिति (गठन) आदेश, २०४१: मितिः २०४१/०४/०१ | १४१ |
| १० | शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष विस्तार कार्यक्रमलाई छुट्टै आयोजनाको रूपमा सञ्चालन गर्ने निर्णयः मिति २०४४/९/२० | १४५ |
| ११ | सदर चिडियाखाना विकास समिति गठन आदेश, २०४६ | १४७ |
| १२ | चिडियाखाना विकास समिति गठन आदेशको हेरफेर गरेको मिति २०५०/१०/१८ | १५१ |
| १३ | पदमपुर गाउँ विकास समितिलाई शाही राष्ट्रिय निकुञ्ज चितवनमा काम कर्तव्य र अधिकारः मिति २०५२/१/१८ | १५२ |
| १४ | जलाधार संरक्षण अधिकृतको कार्य गर्ने गरी तोकेकोः मिति २०५३/११/६ | १५४ |
| १५ | वन्यजन्तु आरक्षण विकास समितिको अध्यक्ष र सदस्यमा हेरफेर गरेकोः मिति २०५४/०४/०६ | १५५ |
| १६ | शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष विकास समिति विघटन गरेकोः मिति २०५७/६/१३ | १५६ |


ङ) विविध राजपत्र

| सि.नं. | राजपत्रको नाम र प्रकाशन मिति | पेज नं |
|---|---|---|
| १ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नामाकरणः | १५८ |
| २ | निजामती सेवा नियमावली, २०२१ अनुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालयका प्रमुखलाई नियमको अनुसूची १ ख मा समावेश गरेकोः मिति २०३२/७/१० | १५९ |
| ३ | नेपाल वन सेवा समूह नेसनल पार्कस् एन्ड वाइल्ड लाइफ समूहीकृत गरेकोः मिति २०४५/११/३० | १६० |
| ४ | चितवन नवलपुरमा शिकार वन्य पशुको ज्यादै क्षति हुँदै गएकोले शिकार कडाइका साथ बन्दः मिति २०१२/११/२९ | १६३ |
| ५ | बँदेललाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको सूचनाः मिति २०७६/१०/२० | १६४ |
| ६ | राष्ट्रिय प्राणी उद्यान सूर्यविनायक भक्तपुरको चार किल्ला सिमाना तोकिएकोः मिति २०७२/१०/१६ | १६७ |
| ७ | भानुभक्त प्राणी उद्यान तनुहँको चार किल्ला सिमाना तोकिएकोः मिति २०७४/१/१८ | १६८ |
| ८ | रासन तथा लुगा (युनिफर्म) सुविधा स्वीकृतः मिति २०४५/७/९ | १६९ |

# 'क'

## संरक्षित क्षेत्र (राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्र) को चार किल्ला सिमाना घोषणा तथा सिमाना हेरफेरसम्बन्धी राजपत्र

श्री ५ को सरकार

## वन मन्त्रालयको

## सूचना

मितिः २०३०/०६/०४

राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले, नारायणी अञ्चल, चितौन जिल्लाको देहाय-बमोजिम चार किल्लाभित्रको क्षेत्रलाई शाही चितौन राष्ट्रिय निकुञ्ज घोषित गरेको छः–

पूर्वः–

(क) सौराह घाट निर राप्तीको दक्षिण किनाराको सिमेण्ट र इँटाको नं.३ को पक्की पिलरबाट शुरु भई जयमङ्गला भवानीपुर, गढौली, ढिढौली, वनगाई, भीमपुरको आवादी जग्गाको किनारा हुँदै सोही भीमपुर गाउँको पूर्वतर्फ पर्ने मूल खोलाको पश्चिम किनारामा स्थित पक्की पिलर नं. ३५ सम्म ।

(ख) मूल खोला निरको उक्त ३५ नं. को पक्की पिलरबाट सीधा दक्षिण जंगल लाइन भई पैरे खोलाको बगर पुगी पैरेवास हुँदै पिपरिया-ठोरीको पैदल बाटो भएर चुरेको मुख्य पानीढलो (चुरेथान भञ्ज्याङ) सम्म ।

(ग) उक्त चुरेथान भञ्ज्याङबाट चुरेको मुख्य पानीढलो भएर पूर्वको अमुवा खोलाको पश्चिम शिरसम्म ।

(घ) उक्त शिर निरको पहाडी ढाल हुँदै दक्षिण गई अमुवा खोलामा रहेको सिमेण्टको खम्बा-सम्म ।

(ङ) सो सिमेण्ट खम्बादेखि अमुवा खोला हुँदै ठोरी-माडी बाटोसम्म ।

दक्षिणः–

(क) ठोरी-माडी बाटै बाटो हुँदै वबै चौकी निरको रिउ खोलासम्म ।

(ख) सो रिउ खोलाबाट उक्त खोलाको बीच धार हुँदै बोटे सिमरा चौकी नजिक काठको खम्बा नं. १ सम्म ।

(ग) उक्त खम्बाबाट आवादी जग्गा र जंगलको सीमाना कायम गर्दै सपनावती घोलसंग मिसिएर बनेको नयाँ रिउ खोलासम्म । सो रिउ खोला पक्री अनिलिया गाउँको नयाँ आवादी जग्गासम्म । सो आवादी जग्गादेखि काठको खम्बाले सीमाना लगाएको ५५ नं. खम्बासम्म ।

(घ) उक्त ५५ नं. को आखिरी खम्बाबाट सपनावती घोल हुँदै रिउ खोलासम्म ।

(ङ) उक्त रिउ खोलाको बीच धार हुँदै पाँच पाण्डव गाउँको आखिर आवादीको जग्गाबाट शुरु भएको काठको खम्बाले छुट्याएको वन सीमाना खम्बा नं. १ सम्म ।

(च) उक्त खम्बा नं. १ बाट पाँच पाण्डव गाउँ, द्रौपदीनगर, चैनपुर गाउँको आवादी जग्गा र जंगल छुट्टाउने काठको वन सीमाना हुँदै चैनपुरबाट भारतको दुन जाने बाटोमा रहेको काठको खम्बा नं. ६२ सम्म ।

(छ) माडी चैनपुरबाट भारतको दुन जाने बाटो हुँदै नेपाल–भारत सीमानासम्म ।

(ज) नेपाल–भारत सीमानाबाट पश्चिमतर्फ सीमानै सीमाना गई नेपाल–भारत सीमानाको ६० नं. को पिलरसम्म ।

पश्चिमः–

(क) उक्त ६० नं. पिलरबाट पश्चिम उत्तर डाँडैडाँडा हुँदै मोहान खोलाको पूर्वी हाँगासम्म ।

(ख) उक्त मोहान खोला हुँदै नारायणी नदीसम्म ।

(ग) सो ठाउँबाट नारायणी नदीको सबभन्दा पश्चिमतर्फको मुख्य धार हुँदै सिग्रोली निर नारायणी नदी फाटी दुई धार हुने ठाउँसम्म ।

(घ) उक्त ठाउँ सिग्रोलीबाट सबभन्दा पूर्वपट्टिको मुख्य पानी भएको धार हुँदै राप्ती र नारायणी नदीहरू मिल्ने ठाउँ गोलाघाट निरसम्म ।

उत्तरः–

(क) उक्त संगमबाट राप्तीको बीच धार हुँदै रिउ खोला र राप्ती नदी मिल्ने संगमसम्म ।

(ख) सो संगमबाट राप्तीको बीच धार हुँदै सौराह निर भालु जंगल अजिङ्गरे घोल टापुको पश्चिम कुनाको पक्की पिलर नं. १ सम्म ।

(ग) सो कुनाबाट बूढी राप्तीको र इचर्नी खोलाको बीच धार हुँदै सो टापुको पूर्वी कुनाको पक्की पिलर नं. २ सम्म ।

(घ) सो कुनाको पक्की पिलर नं. २ बाट इचर्नी खोलातर्फ आएको राप्ती नदीको मुख्य धार हुँदै मुख्य राप्तीसम्म ।

(ङ) सो राप्तीको बीच धार हुँदै सौराह घाटको पारी राप्ती नदीको दक्षिण किनारामा स्थित ईंटा र सिमेण्टको पक्की पिलर नं. ३ सम्म ।

द्रष्टव्यः–

उपर्युक्त सीमानाको बेरिङ तथा सीमाना (खम्बा) हरूको बीचको आपसी दूरीको विवरण (अभिलेख) सी. सी. एफ्. कार्यालय, राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण शाखा कार्यालय र शाही चितौन राष्ट्रिय निकुञ्ज कार्यालयमा राखिएको छ ।

आज्ञाले–

धीरबहादुर रायमाझी

श्री ५ को सरकारको सचिव ।

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७] काठमाडौं, साउन ३१ गते २०३४ साल [संख्या १८


श्री ५ को सरकार

### वन मन्त्रालयको

### सूचना

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नारायणी अञ्चल चितौन जिल्लाको देहायबमोजिम चारकिल्लाभित्रको क्षेत्रलाई शाही चितौन राष्ट्रिय निकुञ्ज घोषित गरेको छ ।

<u>शाही चितौन राष्ट्रिय निकुञ्जको चारकिल्ला</u>

१. उत्तरः– राप्तीनदी, आबादी र नारायणीनदी ।

२. पूर्वः– हस्ताखोला र घराङखोला ।

३. दक्षिणः– नेपाल–भारत सिमाना, रिउखोला र अग्नी संरक्षण रेखा ।

४. पश्चिमः– विनायखोलादेखि डनीडाँडाको नाकैनाक हुँदै त्रिवेणी घाटसम्म ।

उपरोक्तबमोजिमको चारकिल्लाको विस्तृत विवरण निम्नबमोजिम छः–

उत्तरः– विनायखोला र नारायणी नदीको मुहानदेखि शुरू भई पूर्वतर्फ हुँदै नारायणी-नदीको उत्तर पश्चिमपट्टिको किनारभित्र पार्दै सिम्रौलीघाटसम्म। त्यहाँबाट

नारायणीनदी पार गरी नारायणीनदीको पूर्वतिरको किनारभित्र पार्दै नदीनै नदी हुँदै दक्षिण पश्चिमतर्फ राप्ती नारायणी दोभानसम्म। उक्त राप्ती–नारायणी दोभानदेखि राप्तीनदीको उत्तरतिरको किनारभित्र पार्दै नदीनै नदी हुँदै पूर्वतर्फ सौराहा निरको इचर्नीटापूको पश्चिम कुनाको पक्की पिलर नं.१ सम्म। सो कुनाबाट बूढी राप्ती र इचर्नीखोलाको उत्तरी किनारसमेत भित्र पार्दै पक्की पिलर नं. २ सम्म। उक्त पक्की पिलर नं. २ बाट इचर्नीखोलातर्फ आएको राप्तीनदीको सुख्खाधार हुँदै मुख्य राप्तीसम्म। सो राप्तीको पूर्व हुँदै सौराहाघाट निरको पक्की पिलर नं. ३ सम्म।

सौराहाघाट निरको राप्तीको दक्षिण किनारको सिमेण्ट र ईंटाको नं. ३ को/पक्की पिलरबाट शुरू भई जयमङ्गला, भवानीपुर, गढौली, ठिठौली, वनगाई, भीमपुरको आवादी जग्गाको किनारको निकुन्ज सीमाना हुँदै सोही भीमपुर गाउँको पूर्वतर्फ पर्ने मूलखोलाको पश्चिम किनारमा स्थित पक्की पिलर नं. ३५ सम्म।

राप्तीनदी किनारको १०९ नं. को काठको पिलरबाट नदी पार गरी राप्तीनदीको उत्तरतर्फको किनारासमेत भित्र पार्दै पूर्वतर्फ राप्तीनदीनै नदी हुँदै राप्तीनदी र हस्ताखोलाको दोभानसम्म।

पूर्वः– राप्तीनदी र हस्ताखोलाको दोभानबाट शुरू भई हस्ताखोलैखोला दक्षिणतर्फ चूरेडाँडाको टुप्पाको मुहानसम्म। त्यहाँबाट घराङखोलाको मुहान हुँदै दक्षिणतर्फ खोलैखोला हुँदै आधावारको अग्नी संरक्षण रेखा भेटिने ठाउँसम्म।

दक्षिणः– माथि उल्लेख गरिएको आधावार अग्नी संरक्षण रेखाबाट शुरू भई उक्त अग्नी संरक्षण रेखा हुँदै पश्चिमतर्फको ठुटेखोलासम्म। ठुटेखोला निरको १११ नं. को काठको पिलरबाट शुरू भई दीपकनगरको आवादीको किनार हुँदै पश्चिमतर्फ अमुवाखोलानिरको १३५ नं. को काठको पिलरसम्म।

उक्त काठको पिलर नं. १३५ देखि शुरू भई पश्चिमतर्फ ठोरी माडी जाने बाटैबाटो हुँदै बगई चौकीनिरको रिउखोलासम्म। सो ठाउँबाट उक्त खोलाको उत्तर किनार हुँदै बोटेसीमरा चौकी नजिक काठको पुरानो पिलर नं. १ सम्म।

उक्त काठको पुरानो पिलर नं. १ बाट आवादी जग्गा र जङ्गलको सिमाना कायम गर्दै सपनावती घोलसंग मिसिएर बनेको नयाँ रिउखोलासम्म। सो रिउखोला पक्री अमिलिया गाउँको नयाँ आवादी जग्गासम्म। सो आवादी जग्गादेखि काठको खम्बाले सिमाना लगाएको ५५ नं. को पिलरसम्म। सो ५५ नं. को पिलरबाट सपनावती घोल हुँदै रिउखोलासम्म। उक्त रिउखोलाको

उत्तरतर्फको किनाराभित्र पार्दै पश्चिमतर्फ पाँचपाण्डव गाउँको आखिरी आवादीको अग्गाबाट शुरू भएको काठको पिलरले छुट्याएको वन सिमाना नं. १ सम्म । पाँचपाण्डव गाउँ द्रौपदीनगर चैनपुर गाउँको आवादी र जङ्गल छुट्याउने काठको वन सिमाना हुँदै चैनपुरबाट भारतदून जाने बाटोमा रहेको काठको पिलर नं. ६२ सम्म । त्यहाँबाट माडी चैनपुरबाट भारतको दून जाने बाटो हुँदै नेपाल–भारतको अन्तरराष्ट्रिय सिमानासम्म । नेपाल–भारत अन्तर-राष्ट्रिय सिमानाबाट पश्चिमतर्फ सिमानै सिमाना भई नेपाल–भारत सिमानाको ६० नं. को पिलरसम्म । उक्त ६० नं. को पिलरबाट पश्चिमतर्फ अन्तरराष्ट्रिय सिमानै सिमाना हुँदै र बाल्मिकी आश्रमलाई बाहिर पारी त्रिवेणीघाटसम्म ।

पश्चिमः– त्रिवेणीघाटबाट डनीडाँडाको नाकैनाक हुँदै (नारायणीनदीको सबभन्दा नजिकको नाक) विनायखोलासम्म ।

द्रष्टव्यः–

(१) त्रिवेणीघाटको वाल्मिकी आश्रम यस राष्ट्रिय निकुन्जको सिमाना बाहिर पारिएको छ ।

(२) उपर्युक्त सिमानाको बेरिङ तथा सिमाना (खम्बा) हरूको बीचको आपसी दूरीको विवरण (अभिलेख) वन विभाग, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण कार्यालय र शाही चितौन राष्ट्रिय निकुन्ज कार्यालयमा राखिएको छ ।

खण्ड २३ मिति २०३०।६।४ अतिरिक्ताङ्क ३८ (क) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित शाही चितौन राष्ट्रिय निकुन्ज घोषित सम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरेको छ ।

आज्ञाले–

अच्युतबहादुर राजभण्डारी

श्री ५ को सरकारको सचिव

# भाग ५

## नेपाल सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

## सूचना १

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोगगरी चितवन राष्ट्रियनिकुञ्जकोसाविक क्षेत्रफलमा२०.६३ वर्ग किलोमिटर थपी कूल क्षेत्रफल ९५२.६३ वर्ग किलोमिटर कायम हुने गरी देहाय बमोजिमको सीमा हेरफेर सहित चारकिल्ला तोकेको छ :-

### चार किल्ला

उत्तर : विनयखोला र नारायणी नदीको दोभानदेखि शुरू भई पूर्वतर्फ हुँदै नारायणी नदीको उत्तर पश्चिम पट्टिको किनार भित्र पार्दै सिघ्रौलीघाटसम्म । त्यहाँबाट नारायणी नदी पार गरी नारायणी नदीको पूर्वतिरको किनारभित्र पार्दै नदीनै नदी हुँदै दक्षिण पश्चिमतर्फ राप्ती र नारायणी नदीको दोभानसम्म। उक्त राप्ती नारायणी दोभानदेखि राप्ती नदीको उत्तरतिरको किनार भित्र पार्दै नदीनै नदी हुँदै पूर्वतर्फ सौराहा निरको इचर्नी टप्पुको पश्चिम कुनाको पक्की पिलर नं. १ सम्म । सो कुनाबाट बुढीराप्ती (ढुङ्ग्रेखोला) र इचर्नीखोलाको उत्तरी किनारसमेत (८४°३१'२"अक्षांश२७°३३"५४"देशान्तर) भित्र पार्दै पक्की पिलर नं. २ सम्म ।उक्तपक्की पिलरनं. २ बाट इचर्नीखोलातर्फ आएको राप्ती नदीको सुख्खाधार (८४°३१'२१" अक्षांश २७°३३'४३" देशान्तर) हुँदै मुख्य

रासी (८४°३१'९" अक्षांश २७°३२'५१" देशान्तर) सम्म । बस्ती स्थानान्तरण गरी खाली भएको साविक पदमपुरलाई निकुञ्जभित्र पारी रासी नदीको उत्तर तर्फको किनारा समेत भित्र पार्दै पूर्वतर्फ रासी नदीनै नदी हुँदै रासी नदी र हस्ता खोलाको दोभानसम्म ।

**पूर्व:** रासी नदी र हस्ताखोलाको दोभानबाट शुरू भई हस्ताखोलैखोला दक्षिणतर्फ चुरेडाँडाको टुप्पाको मुहानसम्म। त्यहाँबाट घराङ्गखोलाको मुहान हुँदै दक्षिणतर्फ खोलैखोला हुँदै आधाभारको अग्नी संरक्षण रेखा भेटिने ठाँउसम्म।

**दक्षिण:** माथि उल्लेख गरिएको आधाभार अग्नी संरक्षण रेखाबाट शुरू भई उक्त अग्नी संरक्षण रेखा हुँदै पश्चिमतर्फको ठुटेखोलासम्म। ठुटेखोलानिरको १११ नं.को काठको पिलरबाट शुरू भई दिपकनगरको आवादीको किनार हुँदै पश्चिमतर्फ अमुवाखोलानिरको १३५ नं. को काठको पिलरसम्म। उक्त काठको पिलर नं. १३५ देखि शुरू भई पश्चिमतर्फ ठोरी माडी जाने बाटैबाटो हुँदै बगाई चौकीनिरको रिउखोलासम्म । सो ठाउँबाट उक्त खोलाको उत्तर किनार हुँदै बोटेसिमरा चौकी नजिक काठको पुरानो पिलर नं. १ सम्म । उक्त काठको पुरानो पिलर नं. १ बाट आवादी जग्गा र जङ्गलको सिमाना कायम गर्दै सपनावती घोलसँग मिसिएर बनेको नयाँ रिउखोलासम्म । सोरियु खोला पक्री अमिलिया गाउँको नयाँ आवादी जग्गासम्म । सो आवादी जग्गादेखि काठको खम्बाले सिमाना लगाएको ५५ नं. को पिलरसम्म । सो ५५ नं. को पिलरबाट सपनावती घोल हुँदै

रिउखोलासम्म । उक्त रिउखोलाको उत्तरतर्फको किनारा भित्र पार्दै पश्चिमतर्फ पाँचपाण्डव गाउँको आखिरी आवादीको जग्गाबाट शुरू भएको काठको पिलरले छुट्याएको वन सिमाना नं. १ सम्म । पाँचपाण्डव गाउँ द्रौपदीनगर चैनपुर गाउँको आवादी र जङ्गल छुट्याउने काठको वन सिमाना हुँदै चैनपुरबाट भारतदुन जाने बाटोमा रहेको काठको पिलर नं.६२ सम्म । त्यहाँबाट माडी चैनपुरबाटभारतको दून जाने बाटो हुँदै नेपाल-भारतको अन्तर्राष्ट्रिय सिमानासम्म । नेपाल-भारतअन्तर्राष्ट्रिय सिमानाबाट पश्चिमतर्फ सिमानैसिमाना भई नेपाल-भारत सिमानाको ६० नं. पिलरसम्म । उक्त ६० नं.को पिलरबाट पश्चिमतर्फ अन्तर्राष्ट्रिय सिमानैसिमाना हुँदै र वाल्मीकी आश्रमलाई बाहिर पारी त्रिवेणीघाटसम्म ।

**पश्चिम:**त्रिवेणीको धनसरीखोला र नारायणी नदीको दोभान ८३°५६'४०" अक्षांश २७°२८'२१" देशान्तर हुँदै ८३°५६'३७" अक्षांश २७°२८'२०" देशान्तर, ८३°५६'३६" अक्षांश २७°२८'१९" देशान्तर, ८३°५६'२०" अक्षांश २७°२८'२०" देशान्तर र ८३°५६'१५" अक्षांश २७°२८'८" देशान्तर हुँदै डवीडाँडाको नाकैनाक हुँदै (नारायणी नदीको सबभन्दा नजिकको नाक) विनयखोलासम्म ।

द्रष्टव्य:उपर्युक्त सिमानाको बेरिङ्ग तथा सिमाना (खम्बा) हरूको बिचको आपसी दुरीको विवरण (अभिलेख) वन विभाग,राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालय र चितवन राष्ट्रिय निकुञ्जकार्यालयमा राखिएको छ ।

खण्ड २७, सङ्ख्या १८, मिति २०३४।०३।३१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालीन वन मन्त्रालयको चितवन राष्ट्रिय निकुञ्जको चारकिल्ला तोक्ने सम्बन्धी सूचना खारेज गरिएको छ ।

᳁# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, फागुन २५ गते २०३२ साल [संख्या ४७

श्री ५ को सरकार

### वन मन्त्रालयको

### सूचना

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले भेरी अञ्चल बर्दिया जिल्लाको देहायबमोजिम चारकिल्लाभित्रको क्षेत्रलाई शाही कर्णाली वन्यजन्तु आरक्ष घोषित गरेको छः–

पूर्व.– ववैनदीको पूर्वी किनार।

दक्षिणः–

(क) ववैनदीबाट शुरूभएको वनपथ, वरगदहा, सैनवार, डूभरेनी, सिंहवाहनी, रानीपुर, करमला, वलांती, औरेनी, मोतीपुर, वनखेत, मोहनपुर, वटनपुर, गोब्रेलाको किनारै–किनार हुंदै वेतैनीसम्म ।

(ख) वेतैनीबाट शुरूभएको आवादी र आरक्ष छुटयाउने काठको खम्बाभएको वनसिमाना नं. १ देखि २८ सम्म।

(ग) २८ नं. पिलरबाट खौराहानदी हुंदै गेरूवानदीको मुनावघाटबाट आएको भंगालोसम्म।

(घ) उक्त गेरूवानदीको भंगालोबाट मुनावघाटसम्म ।

**पश्चिमः–** गेरुवानदीको पश्चिम किनारै–किनार हुंदै चिसापानीको कर्णालीनदीको कर्णाली प्रोजेक्ट कार्यालय भवनसम्म ।

**उत्तरः–**

कर्णालीनदीबाट उठेकोः–

(क) मुख्य पहाडको पानीढलो समाती चूरेपहाडको मुख्य पानीढलोसम्म ।

(ख) चूरेपहाडको मुख्य पानीढलो हुँदै बबैनदीसम्म ।

**द्रष्टव्यः–** उपर्युक्त सिमानाको वेरिङ तथा वनसिमाना (खम्बा) हरूको बीचको आ॰ दूरीको विवरण (अभिलेख) सी. सी. एफ. कार्यालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालय, शाही कर्णाली वन्यजन्तु आरक्ष कार्यालय र बर्दिया प्रधान वन कार्यालयमा राखिएको छ ।

आज्ञाले–

थीरबहादुर रायमाझी

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

# वन तथा भू-संरक्षण मन्त्रालयको

# सूचना

(मितिः २०४१/०५/११)

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड २५ मिति २०३२।११।२५ संख्या ४७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वन मन्त्रालयको सूचनाबमोजिम घोषित "शाही कर्णाली वन्यजन्तु आरक्ष" को नाम "शाही बर्दिया-वन्यजन्तु आरक्ष" कायम गरी परिवर्तन गरिएको छ।

आज्ञाले,

एमरल्ड ज. ब. राणा

श्री ५ को सरकारको का. मु. सचिव

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, मंसीर २० गते २०४५ साल (संख्या ३३

## भाग ३

### श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले भेरी अञ्चल बाँके र बर्दिया जिल्लाको देहायबमोजिम चार किल्लाभित्रको क्षेत्रलाई शाही बर्दिया राष्ट्रिय निकुञ्ज घोषित गरेको छ ।

<u>शाही बर्दिया राष्ट्रिय निकुञ्जको चार किल्ला</u>

पूर्वः– हर्रे डाँडादेखि बाँके चिसापानीसम्मको सुर्खेत–नेपालगञ्ज राजमार्गको खण्ड ।

पश्चिमः– मनाउघाटदेखि उत्तर गेरुवा नदीको पश्चिमी किनारा हुँदै चिसापानी नजिक कर्णाली नदीको भंगालो फुटेको ठाउँसम्म त्यहाँबाट कर्णाली नदीको पश्चिम किनारा हुँदै उत्तरतर्फको सीमाना चुरेले कर्णाली भेटेको ठाउँसम्म ।

उत्तरः– चिसापानीबाट मुख्य पहाडको पानी ढलो समाती सुकरमालर, नरसिंह काँडा, भर्याङ, लेक पराजुली हुँदै हर्रेसम्मको मुख्य पहाडको दक्षिणी पानी ढलो ।

दक्षिणः–

(क) बाँके चिसापानीबाट शुरू भै राँझा, बेतैनी अमोहिया, ढकेला, थानफेनासम्मको निकुञ्ज पथ ।

(ख) थानफेनाको आवादी छेउबाट महेन्द्र राजमार्गको उत्तरी किनारा र सो राजमार्गको छेउ हुँदै बबई नदीसम्म ।

(ग) त्यहाँबाट सोझै पश्चिम गै बबई नदीको पश्चिमी किनारामा भएको बरगदहा, सैनबार आवादी छेउको तारबार ।

(घ) सो बरगदहा सैनबारको तारबार हुँदै डुमरेनी, सिंहवाहिनी, रानीपुर, कर्मला, बलाती, औरेनी, मोतिपुर, बनखेत, महिनपुर, बटनपुर, गोब्रेला, चिटकैया र बेतैनीसमेतको आबादीको छेउ-छेउ हुँदै ठाकुरद्वारासम्मको राष्ट्रिय निकुञ्ज पथ र तारबार ।

(ङ) ठाकुरद्वाराको तारबारबाट खौराहा खोलाको पूर्वी किनारा हुँदै शिवपुर नजिक रहेको बर्दिया हात्तिसारसम्म ।

(च) हात्तिसारबाट सोझै पश्चिमपट्टि मनावघांटसम्म गएको गेरूवा नदी र खौराहा खोलाको भंगालो ।

निम्नबमोजिम चार किल्ला भएको तारबारले घेरिएको शिवपुर फाँटालाई पनि राष्ट्रिय निकुञ्जमा समावेश गरिएको छ ।

पूर्वः– ओरई नदी ।

पश्चिमः– मलियानाला ।

उत्तरः– साबिकको आरक्षको तारबार ।

दक्षिणः– मोहनपुरको कुलो ।

द्रष्टव्यः– खण्ड ३४ मिति २०४१।५।११ संख्या २० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको शाही बर्दिया वन्यजन्तु आरक्ष घोषितसम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
वीरेन्द्रनाथ खुंजेली
श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत ९ गते २०३२ साल

श्री ५ को सरकार

### वन मन्त्रालयको

### सूचना

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बागमती अञ्चल, रसुवा, नुवाकोट र सिन्धुपाल्चोक जिल्लामा पर्ने देहायबमोजिम चारकिल्लाभित्रको क्षेत्रलाई "लामटाङ राष्ट्रिय निकुन्ज" घोषित गरेको छः–

पूर्वः– नेपाल–चीन सिमानाको भाग, पूर्विछ्याचु, नोसेमखोला ।

पश्चिमः– रसुवागढीदेखि बगेको भोटेकोशीको तिरैतिर भई राम्चेगाउँको सीधा पश्चिम पर्ने त्रिशूली नदीको बगरसम्म ।

उत्तरः– नेपाल–चीन सिमाना ।

दक्षिणः– ढोक्सरखोला, चामेबिरखोला, केरलेखोला हुँदै राम्चेसम्म ।

उपर्युक्त सिमाना (किल्ला) को विस्तृत विवरण निम्न बमोजिम छः–

पश्चिमः– रसुवागढीदेखि दक्षिण बगेको भोटेकोशीको तिरैतिर भई त्रिशूलीको दोभानसम्म र त्रिशूलीको दोभानदेखि राम्चेगाउँको सीधा पश्चिम पर्ने त्रिशूली नदीको बगरसम्म । तर, घट्टेखोला, टिम्बुरे, त्रिदिम, छ्यासिङ, खाङजिम, स्याब्रुबेसी, स्याब्रुगाउँ, भँज्याङ गाउँ, मुगा, स्यानोमार्गु, ठूलोमार्गु, धुन्चे, वाकेकुण्ड, ढाङे, ग्राङ, राम्चे गाउँहरू र त्यसले चर्चेका आबादीलाई राष्ट्रिय निकुन्ज बाहिर पारिएको छ ।

श्री ५ को सरकार

# वन मन्त्रालयको

## सूचना

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सगरमाथा अञ्चल सोलुखुम्बू जिल्लामा पर्ने देहायबमोजिम चारकिल्लाभित्रको क्षेत्रलाई "सगरमाथा राष्ट्रिय निकुञ्ज" घोषित गरेको छः–

पूर्वः– मिङवोला भञ्ज्याङ (पास), आम्फुलाप्सा भञ्ज्याङ (पास), चोपोलुहिमाल, ल्होत्सेसारहिमाल।

पश्चिमः– पिगफेरागोसार, त्रासीलाप्सा भञ्ज्याङ (पास), टाङ्गीरागीहिमाल, मेन्लुङला भञ्ज्याङ (पास)।

उत्तरः– ल्होत्सेसारहिमाल, सगरमाथा (माउण्ट एभरेष्ट), नेपाल–चीन (तिब्बत) सिमाना हुँदै नाङपाला भञ्ज्याङ (पास)।

दक्षिणः– मिङवोला भञ्ज्याङ (पास), काङटाइगाहिमाल, तामासेर्कुहिमाल, लुक्ला–नाम्चे जाने बाटो पार गरी कोङडेरीहिमाल हुँदै पिगफेरागोसारसम्म।

उपर्युक्त सिमाना (किल्ला) को विस्तृत विवरण निम्नबमोजिम छः–

पूर्वः– मिङवोला भञ्ज्याङ (पास) बाट उत्तर–पूर्वतर्फ हिमालको शिरैशिर हुँदै पानि–ढलोको उत्तरी भाग भित्र पार्दै आम्फुलाप्सा भञ्ज्याङ (पास) सम्म र त्यहाँबाट पूर्व पानीढलोको उत्तरी भाग भित्र पार्दै चोपोलुहिमालको टुप्पासम्म र त्यहाँबाट उत्तरतर्फ पानीढलोको पश्चिमी भाग भित्र पार्दै पेथाङसेहिमालको टुप्पासम्म र त्यहाँबाट पश्चिम पानीढलोको दक्षिण भाग भित्र पार्दै ल्होत्सेसारहिमालको टुप्पा-सम्म।

उत्तरः– ल्होत्सेसारहिमालबाट उत्तर–पश्चिम हुँदै सगरमाथाको चूचुरासम्म र त्यहाँबाट पश्चिम नेपाल–चीन (तिब्बत) सिमाना हुँदै नाङपाला भञ्ज्याङ (पास) सम्म। यस सिमानामा पर्ने हिमाल शृङ्खलाको पानीढलोको दक्षिण भाग राष्ट्रिय निकुञ्ज-भित्र पर्दछ।

पश्चिमः– नाङपाला भञ्ज्याङ (पास) बाट दक्षिण–पूर्व पानीढलोको पूर्वी भाग भित्र पार्दै हिमालको शिरैशिर हुँदै दक्षिणतर्फ मेनलुङला भञ्ज्याङ (पास) सम्म र त्यहाँबाट दक्षिण पानीढलोको पश्चिमी भाग भित्र पार्दै हिमालको शिरैशिर हुँदै टाङ्गीरागी हिमालको टुप्पोसम्म र त्यहाँबाट पनि दक्षिणतर्फ पानीढलोको पश्चिमी भाग भित्र पार्दै त्रासीलाप्सा भञ्ज्याङ (पास) पार गरी पिगफेरागोसारहिमालको टुप्पा-सम्म।

दक्षिणः– पिगफेरागोसारहिमालको टुप्पाबाट पूर्वतर्फ पानीढलोको उत्तरी भाग भित्र पार्दै हिमालको शिरैशिर हुँदै टेङफाङपोने हिमालको टुप्पासम्म । त्यहाँबाट पनि पूर्व पानीढलोको उत्तरी भाग भित्र पार्दै कोङडेरीहिमालको टुप्पोसम्म र त्यहाँबाट दक्षिण–पूर्व पानीढलोको उत्तरी भाग भित्र पार्दै हिमालको टुप्पा हुंदै मिङबोला-भञ्ज्याङ (पास)सम्म ।

द्रष्टव्यः– उपर्युक्त चारकिल्लाभित्र पर्ने जोरसल्ले, तावोथ, घुम्वडा, नाम्चेबजार, स्याङबोचे, खुण्डे, खुम्जुङ, तासिङ्गा, फुङकीटाङ्ग, टयाङबोचे, डिबोचे मिलिङ्गो, थाङबोचे, तावोचे, मिङ्वो, राला, साम्शो, ओम्मा, सुरोग्रोग, साग्सोचोपा, सुरोटेङ, तुवोनाओग्मा लाम्बुर, जोङला डुग्ला, फुलुङकार्पो, डुसा, लोवुचे, गोरक्षेप, फेरिचे, डिङबोचे, सान्जा, विबु, छुकुङ्ग, नाकरजोङ्ग, फोर्त्से, किनार, थोरे, सोमओग, नाला, शोसुङ्ग गोकियो, लोङ्गपोङ्गा, पाङका, माछेरामा, लुजा, लाफुमा, डोले, गेले, टोङ्वा, गोङला, मेण्डे, लाउडो, थामो, थोम्दे, पारे, साम्डे, थामे, थामेगोम्पा, टेङ्बो, ओर्त्से, आर्थे, चुले, सोङजो, जिम्को, लुनाक र नाङपाईघाटाया गाउँहरू र उक्त गाउँहरूले चर्चेका आवादीलाई राष्ट्रिय निकुञ्जको क्षेत्रबाहिर पारिएको छ ।

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन मन्त्रालयको ✓

## सूचना

**मिति २०३३/०४/०४**

राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले महाकाली अञ्चल कन्चनपुर जिल्लामा पर्ने देहायबमोजिम चारकिल्लाभित्रको क्षेत्रलाई "शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष" घोषित गरेको छः–

पूर्वः– आवादीको किनारा (पटैया, अण्डैया, चुकसुवा, झिलभिला, इत्यादि) ।

पश्चिमः– महाकाली नदी र आवादी ।

उत्तरः– आवादी (मझगाउँ, उल्टाखाम, इत्यादि) र गोब्रैयानाला ।

दक्षिणः– नेपाल–भारत (अन्तरराष्ट्रिय) सिमाना ।

उपर्युक्त चारकिल्लाको विस्तृत विवरण निम्नबमोजिम छः–

उत्तर:— पिपरिया आवादी छेउ रहेको आरक्ष सिमाना खम्बा (पिलर) नं. १ देखि पूर्वतर्फ आरक्ष सिमाना खम्बा (पिलर) नं. ३६ सम्म। त्यहाँबाट उत्तर मोहडा गरी मझगाउँमा रहेको आरक्ष सिमाना खम्बा (पिलर) नं. १०० सम्म। त्यहाँबाट पूर्वतर्फ हुँदै गोबुर्यानालासम्म। त्यहाँबाट पूर्वतर्फ चौधर नदी पार गरी पटैया आवादी छेउमा रहेको आरक्ष सिमाना खम्बा (पिलर) नं. ३०० सम्म। (यस सिमानामा नं. १ देखि ३०० सम्मको आरक्ष सिमाना खम्बा (पिलर) ले आरक्षको सिमाना निर्धारण गरेको छ)।

पूर्व:— आरक्ष सिमाना खम्बा (पिलर) नं. ३०० बाट दक्षिणतर्फ अण्डैया, दरख, इम. विछुवा, चुकसुवा, इम्लिया र झिलमिला गाउँहरूको आवादी छेउ हुँदै महाकाली नदीको उत्तरी भंगालोको पूर्वी किनारामा रहेको आरक्ष सिमाना खम्बा (पिलर) नं. ५१७ सम्म। (यस सिमानामा नं. ३०० देखि नं. ५१७ सम्मको आरक्ष सिमाना खम्बाले आरक्षको सिमाना निर्धारण गरेको छ)।

दक्षिण:— महाकाली नदीको उत्तरी भंगालोको आरक्ष सिमाना खम्बा (पिलर) नं. ५१७ बाट पश्चिमतर्फ महाकाली नदीको पूर्वी किनार हुँदै महाकाली नदीको उक्त किनारले नेपाल—भारत (अन्तरराष्ट्रिय) सिमाना।

पश्चिम:— नेपाल—भारत (अन्तरराष्ट्रिय) सिमानाले महाकाली नदीको पूर्वी किनारमा भेटेको ठाउँदेखि उक्त सिमानालाई छोडी उत्तरतर्फ महाकाली नदीको पूर्वी किनार हुँदै पिपरिया आवादी छेउ रहेको आरक्ष सिमाना खम्बा (पिलर) नं. १ सम्म।

द्रष्टव्य:— (क) उपर्युक्त सिमानाको वेरिङ तथा आरक्ष सिमाना खम्बाहरूको बीचको आपसी दूरीको विवरण (अभिलेख) वन विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालय, कन्चनपुर प्रधान वन कार्यालय र शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष कार्यालयमा राखिएको छ।

(ख) उपर्युक्त सिमानाभित्र पर्ने हरैया र सिंहपुर गाउँहरूलाई कानूनबमोजिम अधिकरण नगरेसम्म आरक्ष सिमानाबाहिर रहेसरह साबिकबमोजिम भोग चलन गर्नामा यो सूचनाले कुनै असर पार्ने छैन।

आज्ञाले—

अच्युतबहादुर राजभण्डारी

श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४ ) काठमाडौं, जेठ ९ गते २०५१ साल ( संख्या ६

## भाग ३

### श्री ५ को सरकार

## वन तथा भू–संरक्षण मन्त्रालयको

### सूचना १

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कंचनपुर जिल्लास्थित शाही शुक्ला फाँट वन्यजन्तु आरक्षको घोषणासम्बन्धी खण्ड २६ संख्या १४ मिति २०३३।४।४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वन मन्त्रालयको सूचनामा तोकिएको सिमाना हेरफेर गरी देहाय बमोजिमको सिमाना कायम गरेको छ :–

पूर्व : स्याली नदीको शिरचुरेको पानी ढलोबाट स्याली नदीको पूर्वी किनारा हुँदै पिपलाडी महेन्द्र राजमार्गसम्म त्यसपछि स्याली नदीको पूर्वी किनारा हुँदै चानदेव र ढक्का गाउँको नजीक दोधा नदीको किनारामा रहेको आरक्ष सिमाना खम्बा नं.७ सम्म।

पश्चिमः तल्लो झिलमिलाको बाहुनी खोलाको किनारमा रहेको आरक्ष सिमाना खम्बा नं. १२ बाट नेपाल भारत अन्तर्राष्ट्रिय सिमाना २८ नं. पिलर हुँदै नेपाल भारत अन्तरराष्ट्रिय सिमाना पिलर नं. २३ सम्म, त्यसपछि महाकाली नदीको पश्चिम किनारा हुँदै दोधारा चादनी क्षेत्रलाई बाहिर पारि उत्तरमा महेन्द्रनगर नगरपालिका (म.न. न. पा) वार्ड नं. १३ पिपरैया बस्ने परे घदाराको

आवादी खेत नजीक महाकाली नदीको किनारामा रहेको आरक्ष सिमाना खम्बा नं १ सम्म ।

उतर: महेन्द्रनगर नगरपालिका वार्ड नं.१३ पिपरैया बस्ने परे चदाराको आवादी खेत नजीक महाकाली नदीको किनारामा रहेको आरक्ष सिमाना खम्बा नं.१ बाट आवादी र जंगल छुट्याउने महाकाली सिंचाई आयोजनाले बनाएको तारवार हुँदै महेन्द्रनगर नगरपालिका वार्ड नं. १४ नयाँ कटान (पलिया) वनकट्टिमा वैरागी कामीको घर जग्गा नजीक रहेको आरक्ष सिमाना खम्बा नं.२ सम्म, त्यहाँबाट नयाँ कटान क्षेत्रलाई बाहिर पारि शुक्लाफाँट आरक्ष हेड क्वाटरको मुल गेटसम्म, त्यहांबाट एयरपोर्ट क्षेत्र-लाई बाहिर पारि महेन्द्र नगर नगरपालिका वार्ड नं.१६ बस्ने भरत चन्दको आवादी जमिनको नजीक रहेको आरक्ष सिमाना खम्बा नं.३ सम्म, त्यहांबाट तारवार हुँदै गोबरैया गाउँलाई बाहिर पारि पूर्वतर्फ महेन्द्रनगर नगरपालिका वार्ड नं.१५ गोबरैया नालाको छेउमा रहेको आरक्ष सिमाना खम्बा नं.४ सम्म, त्यहाँबाट पूर्वतर्फ गोबरैया नालाको पूर्वी किनारा हुँदै मंगलसेरा खैरभट्टि गाउँलाई बाहिर पारि महेन्द्रनगर नगरपालिका वार्ड नं.१९ वागफाँट गोबरैया नालाको पूर्वी किनारामा रहेको आरक्ष सिमाना खम्बा नं. ५सम्म, त्यहाँबाट गोवरैया नालाको पूर्वी किनारा हुँदै वाग फाँटालाई बाहिर पारि गोबरैया नाला र चौधर नदीको दोभानमा रहेको आरक्ष सिमाना खम्बा नं.६ सम्म, त्यहाँबाट चौघर नदीको पश्चिमी किनारा हुँदै चौंघर र रडाहा नदीसम्म, त्यसपछि रडाहा नदीको पश्चिम किनारा हुँदै चम्पापुर गाउँलाई बाहिर पारि चुरियाको दक्षिण पानी ढलसम्म ।

दक्षिण: चाढदेव धक्का गाउँको नजीक दोधा नदीको किनारमा रहेको आरक्ष सिमाना खम्बा नं.७ बाट बेलौरी राजमार्ग नजीक रहेको आरक्ष सिमाना खम्बा नं, ८ सम्म त्यहाँबाट चानदेव गाउँलाई बाहिर पारि चानदेव गाउँको उत्तर पश्चिम हुँदै जंगल बीचको वन सिमानाबाट ढक्का नयाँ कटान, भतपुरी–कलकता मुल बाटो नजीक कलकता गाउँ विकास समिति वार्ड नं.६ बस्ने वीरबहादुर केसीको आवादी जग्गा नजीकरहेको आरक्ष सिमाना खम्बा नं.६ सम्म, त्यहाँबाट ढक्का नयाँ कटान क्षेत्रलाई बाहिर पारी महाकाली सिंचाईद्वारा निर्मित मैन थ्रि नहरको मोड, वेलडाडी गाउँ विकास समिति वार्ड नं. ६ बस्ने गोरे दमाईको आवादी जग्गा नजीक कलरे डाँडामा रहेको आरक्ष सिमाना खम्बा नं.१० सम्म, त्यहाँबाट महाकाली सिंचाईद्वारा निर्मित मेन थ्रि नहर हुँदै पश्चिमतर्फ वेलडाडि कालीकिच तालको छेउसम्म, त्यहाँबाट मोहनपुर भुरसुवा हुँदै चौधर खोलाको दक्षिणी छेउमा राधापुर गाउँको उत्तर पश्चिम कुनाको चउरमा रहेको आरक्ष सिमाना खम्बा नं.११ सम्म, त्यहाँबाट दक्षिण पश्चिम

इमलिया गाउँलाई बाहिर पारि झिलमिलासम्म, त्यहाँबाट महाकाली सिंचाईले बनाएको नहरको किनारा हुँदै तल्लो झिलमिला गाउँको पश्चिम किनारा तिलाचौर बाहुनी नदीको छेउ तिलाचौर मिनबहादुर रोकायाको आवादी जग्गाको नजीक रहेको आरक्ष सिमाना खम्बा नं. १२ सम्म ।

आज्ञाले,
दीपेन्द्रपुरूष ढकाल
श्री ५ को सरकारको सचिव

## नेपाल सरकार
## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

मिति २०७३/११/९

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) र (२) बमोजिम खण्ड ४४, सङ्ख्या ६, २०५१।०२।०९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित शुक्लाफाँटा वन्यजन्तु आरक्षको साविक बमोजिमको ३०५ वर्ग किलोमिटर क्षेत्रफल र चारकिल्ला कायम राखी यस आरक्षलाई “शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज” घोषणा गर्ने तथा त्यसको मध्यवर्ती क्षेत्रको चार किल्लाखण्ड ५४, अतिरिक्ताङ्क ६ , २०६१।०२।०९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचना बमोजिम हुने गरी कायम गरेको छ ।

आज्ञाले,
गेहेन्द्रकेशरी उपाध्याय
नेपाल सरकारको नि.सचिव

भाद्र २४ गते २०२९
खण्ड २२ संख्या १८

श्री ५ को सरकार

# वन मन्त्रालयको

## सूचना

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कर्णाली अञ्चल मुगू जिल्लामा पनि देहायका चार किल्लाभित्रको क्षेत्रलाई रारा राष्ट्रिय निकुञ्ज घोषित गरेको छ:–

उत्तर:– रूम काँधको सबभन्दा अग्लो टुप्पा (१२२३८) बाट शुरू भई पूर्वपट्टि डाँडाको शिरैशिर हुँदै मालीका (११२९५) टुप्पोसम्म ।

पूर्व:– मालीका (११२९५) बाट दक्षिण–पूर्व दिशा हुँदै रारा गुम गोरेटो बाटोको बजेढी-सम्म । त्यसपछि उक्त दिशातर्फ नै पछ्याउँदै जङ्गल भएको पहाडको नाकैनाक दक्षिण–पूर्व दिशा हुँदै भदाली काँध, श्रीनगर गाउँको माथि (९०००) सम्म । त्यसपछि भदाली काँध जङ्गलको तल्लो किनारबाट पश्चिम हुँदै झ्यारी छचाब्रु गोरेटो वाटोसम्म र जङ्गलको तल्लो छेउ हुँदै झ्यारी बिथाखोलाको मुहानसम्म । त्यसपछि झ्यारी बिथाखोलाको दक्षिण किनारबाट झ्यारी पिनाको पैदलवाटोसम्म । त्यसपछि दक्षिण–पूर्व हुँदै आवादि जग्गाको माथिल्लो छेउबाट धौलीगारखोला र मन्दुखोलाको बीचसम्म र दक्षिणतर्फ धुचिलाग्नासम्म । त्यसपछि पै[illegible] वाटो काटेपछि चौथा-बाट दक्षिण–पश्चिम हुँदै चौथाखोलाका पहिलो मुहान[illegible] त्यसपछि चौथादेखि माथि दक्षिणतर्फको १३१३६' को टुप्पोसम्म । त्यसपछि पहाडको धार हुँदै १३१३६' देखि दक्षिणतर्फ करीब एक माइलसम्म ।

दक्षिणः– १३१३६' को करीब एक माइल दक्षिणबाट पश्चिम हुँदै जियखोलाको मुहानसम्म। त्यसपछि उत्तर–दक्षिण मुख्य पहाडको धार हुँदै लामिडाँडाको सबभन्दा अग्लो १२८०१' सम्म ।

पश्चिमः– लामिडाँडाको टुप्पो (१२८०१) बाट सो डाँडाको काँधैकाँध रोताखोला माथिको आवादि जग्गाको माथिल्लो छेउ हुँदै गौरू सैनसम्म । त्यसपछि रोताखोला (पोनेली-खोला) हुँदै पानीको सबभन्दा ठूलो मुहानसम्म। त्यसपछि उत्तर–पश्चिम दिशा हुँदै न्याउलीखोलाको मुहानसम्म । न्याउलीखोलाको पश्चिम किनार हुँदै खतियारखोलासंग-को दोभानसम्म । त्यसपछि खतियारखोला पार गरो निगालीबोट रारा मूल बाटोमा पर्ने सेरा पातेल्नासम्म । त्यसपछि बाटैबाटो पूर्व गई खतियारखोला (निजारखोला) र दाम्चे–खोलाको दोभान माझेघट्टसम्म। त्यसपछि दाम्चे खोलैखोला गई यसको मुहान हुँदै रूम काँध (११२३८) सम्म ।

द्रष्टव्यः–यस रारा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने गाउँहरू रारा, छयाक्र, नेपु र सल्ली रूकलाई नहटाइएसम्म वा अर्को व्यवस्था नभएसम्म निकुञ्ज क्षेत्रबाट बाहिर पारिएको मानिनेछ ।

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, साउन २२ गते २०४१ साल (संख्या १७


श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कर्णाली अञ्चलको डोल्पा र मुगु जिल्लाको केही भाग समावेश गरी देहायबमोजिम चार किल्लाभित्रको क्षेत्रलाई शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज घोषित गरेको छ।

शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको चार किल्ला

उत्तर :– नेपाल–चीन अन्तर्राष्ट्रिय सीमाना

पूर्व :– खुङ भन्ज्याङबाट खुङ खोला हुँदै खुङ खोला र पान्जाङ खोलाको दोभानसम्म। त्यहाँबाट पश्चिमतर्फ मोडी पान्जाङ खोला हुँदै नामजुङ खोलाको दोभानसम्म र ततपश्चात् नामजुङ खोला हुँदै दार्जलिङ खोला पुगी, खाजिङ खोलाको शीर पुगी त्यहाँबाट जङला भन्ज्याङसम्म र त्यहाँबाट दक्षिण पहाडको चुलाचुलै हुँदै छिङला चुरीसम्म ।

दक्षिण:– छिङला चुरीको पश्चिम डाँडाको टुप्पै टुप्पा हुँदै आखे खोलाको शीर समाती आखे खोलालाई लिएर आखे खोला र सुलिगढको दोभानसम्म, त्यहाँबाट सुलिगढ खोलालाई लिएर दक्षिणतर्फ हुँदै सुलिगढको र ठूलो भेरी नदीको दोभानसम्म ।

पश्चिमः– सुलिगढ र ठूलो भेरी नदीको दोभानबाट सुलिगढको चौरलाई भित्र पारी त्यहाँबाट सीधा उत्तरतर्फ मोडी वेन्द्रक लेकको ढलानलाई लिएर रसी, रूमामाथिको डाँडाको टुप्पै टुप्पा हुँदै मुख्या डाँडाको टुप्पै टुप्पा लिएर पश्चिमतर्फ मोडी ट्रेङगल पिक हिमचुली (१६,२०३) फीटको टुप्पै टुप्पा हुँदै कागमारा हिमचुलीको २०,२४६ फीटको चुचूरालाई समाती पाइले लेकको टुप्पै टुप्पा हुँदै जगवुला र गारपुङ खोलाको दोभानसम्म । त्यहाँबाट १८,६८३ फीट अग्लो माता तुम्बा, १६,७३१ फीट अग्लो बुद्धु कुण्डारी, २२,००७ फीट अग्लो हिमचुलीको टुप्पै टुप्पा हुँदै पत्रासी हिमाल-लाई समातेर जुम्ला र मुगु जिल्लाको सीमाना हुँदै दाभसल्ला लेक (१६,७१०) फीट समाती त्यहाँबाट उत्तरतर्फ सो लेकको टुप्पै टुप्पा हुँदै नाम्लाङ खोला समाती पश्चिमतर्फ नाम्लाङ र वेलुङ खोलाको दोभानसम्म । वेलुङ खोलालाई समाती २०,६०९ फीट अग्लो चुचूराको शीर समाती सो चुलीको टुप्पै टुप्पा हुँदै नेपाल चीन अन्तर्राष्ट्रिय सीमासम्म ।

द्रष्टव्यः– उपर्युक्त चार किल्लाभित्र पर्ने छप्का, रेनी, पुनेरदा, पुग्मा–गोम्बा, पुग्मा गाउँ, गुनाहा, रिके, मडुवा, रिग्मा, शे-गोम्बा, नाम्दोचा, नाम्दोसिवु, दुम्वार, साल्दाङ, लुरी गाउँ, नामजुङ, निसाल भिजेर टाट गाउँ, फोता गाउँ, कु गाउँ, खालारूपी, डोल्फु जस्ता बस्ती बसेका स-साना गाउँ तथा आस-पासमा चर्चेका आवादीहरूलाई राष्ट्रिय निकुञ्जको भित्री सीमाङ्कन गरी साविक बमोजिम खेतीपाती बसोवास गर्न दिइनेछ ।

सुविधा प्राप्त मूल बाटोहरूः– निकुञ्जभित्र स्थानीय व्यक्तिहरूले देहायबमोजिमका मूल बाटोहरूबाट आवत जावत गर्न पाउनेछन् ।

दुनै–रह–आखे खोला–छेप्का–रेजीमूल बाटो ।
रेंजी–पुग्मा–कागमारा लेक–हुरीकोट मूल बाटो ।
रेंजी–पुनेखा–गुनाहा मूल बाटो ।
पुग्मा–रिके–मुडुवा–रिग्म–शे गोम्बा मूल बाटो ।
पुग्म–पोलाप–रिग्म मूल बाटो ।
शे गोम्बा–टाट गाउँ–भिजेर–फोता गाउँ–डोल्फु जाने मूल बाटो ।
मुडुवा–वरिया भन्ज्याङ–नाम्दो–साल्दाङ–निसाल–खुङ–भन्ज्याङ जाने मूल बाटो ।
भिजेर गाउँ–कु गाउँ मूल बाटो
दुनै–खालारूपा–जलास–आखे खोला मूल बाटो ।
शे गोम्बा–साल्दाङ मूल बाटो ।

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

# वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सेती अञ्चलको बझाङ, बाजुरा, डोटी, अछाम जिल्लामा पर्ने देहायका चार किल्लाभित्रको क्षेत्रलाई "खप्तड राष्ट्रिय निकुञ्ज" घोषित गरेको छ ।

उत्तर :

बाज गाउँको सिमल लेखमा रहेको पिलर नं. २४१ देखि घुरकाँडाको शिखरसम्म र त्यसदेखि गुरूकोट, कोइरालाकोट, गण्डौली हुँदै वानिस खोलासम्म, त्यसपछि घोडा बाउनाको सबभन्दा माथिल्लो आवादी र खप्तड जङ्गलको उत्तरी सिमाना हुँदै विप्रालाग्नासम्म । विप्रालाग्नादेखि घोडेटो बाटो हुँदै ढुडेल्टो, मुग्रो, माया बाटो हुँदै पूर्व-तर्फको बामेलीको डाँडाको टुप्पोसम्म र त्यहाँबाट बामेली, सालपानी, परिखोपडी, खोखा-डीकुर, तल्लाडारी गदा, रिहिल्ला, सुमरखल्लौ, कुदीको माथिल्लो आवादी र खप्तड जङ्गलको उत्तरी सिमाना हुँदै खालीगडा भन्ने लेखको पूजारी गाउँबाट रान जाने घोडेटो बाटोमा रहेको पिलर नं. ६५ सम्म ।

पूर्व :

पिलर नं. ६५ देखि (रानको आवादीबाहेक) दक्षिण-पश्चिम हुँदै रान-ज्यामिरे टोला घोडेटो बाटो भएर माटे भन्ने स्थानसम्म, त्यसपछि दक्षिण-पश्चिमतर्फको खप्तड शृङ्खलाको दक्षिणतर्फको सबभन्दा तल्लो जङ्गल किनारा र ज्यामिरे टोला, सेरा सिङ्ग्रो गाउँको माथिल्लो आवादी किनारा र त्यहाँदेखि दक्षिण-पूर्व हुँदै मेरासेनको माथिल्लो चुचुरोसम्म (वल्देखांदसम्म) र त्यसपछि पुर्तुको माथिल्लो आवादी किनारा हुँदै चौमन्वालासम्म, त्यहाँबाट दक्षिण-पश्चिम हुँदा खप्तड पर्व शृङ्खलाको जङ्गलको किनारा टुक्रा-बलेल्टो गाउँको माथिल्लो आवादीबाट पूर्वतर्फ हुँदै गुटोबाट भिर्खु जाने घोडेटो बाटोको चुचुरोसम्म र त्यहाँबाट दक्षिण-पश्चिम हुँदै ऐरावो आवादीको माथिल्लो किनारासम्म र त्यहाँबाट भांसकोन जाने घोडेटो बाटो हुँदै छाताबांम भन्ने ठाउँसम्म ।

दक्षिण :

छाताबांमदेखि भांसकोन जाने पश्चिमतर्फको गोरेटो बाटो हुँदै पाताल गाउँको (छेलवारी) ६६८० फिटको चुचुरासम्म, त्यस चुचुरोदेखि पश्चिमतर्फको डाँडाको टुप्पो-

टुप्पो हुँदै ६१६५ फिटको डडेउरो लेखसम्म, उक्त लेखवेखि उत्तर-पश्चिम भीरालो हुँदै वर्खे खोलाको किनारसम्म। त्यहाँबाट पाताल गाउँ जाने घोडेटो बाटो हुँदै पाताल गाउँ, सेला गाउँ, भण्डारा गाउँको आवादीबाहिर पारी उत्तरतर्फको चण्डीगाडसम्म, त्यहाँबाट नाग्रा गाउँको आवादीको छेउ हुँदै पाताल डाँडाको चुचुरोसम्म, त्यहाँबाट कुडासेन, विग्रागाउँको आवादी किनार र खप्तड शृङ्खलाको तल्लो जङ्गल किनाराबाट अलिकति उत्तर-पश्चिम हुँदै झिग्रानोको पिलर नं. १६१ सम्म।

पश्चिम :

झिग्रानोको पिलर नं. १६१ देखि उत्तरतर्फ रहेको भाल्मा जाने गोरेटी बाटो हुँदै गैरीगाडको पारीसम्म। त्यहाँबाट पनि उत्तरतर्फ हुँदै भाल्मा, वितारा गाउँको आवादीको छेउ र खप्तड पर्वत शृङ्खलाको जङ्गलको पश्चिम किनारा हुँदै भेलछाडी झरनाको फेवसम्म। त्यहाँबाट उत्तरतर्फ हुँदै सांप्रा गाउँ बाहिर पारी डाँडाको चुचुरैचुचुरो हुँदै गिरीसेन लेकसम्म। त्यहाँबाट भ्रोरालो हुँदै धौनी खोलासम्म। त्यसपछि धौनीखोलाको उत्तर किनारा हुँदै राउल, सैलधारा, पानी खालको आवादीको माथिल्लो छेउ र खप्तड पर्वत शृङ्खलाको जङ्गलको किनारा हुँदै डोटीबाट बझाङ जाने मूलबाटोसम्म र सोही मूलबाटो हुँदै सकारा लेख काटी उत्तर-पूर्व हुँदै बाज गाउँको माथिल्लो आवादी किनाराको पिलर नं. २४१ सम्म।

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

# वन तथा वातावरण मन्त्रालयको

## सूचना १

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्ला र कोशी अञ्चलको संखुवासभा जिल्लाको देहायबमोजिम चार किल्ला भित्रको क्षेत्रलाई मकालु बरूण राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र घोषित गरेको छ ।

मकालु-बरूण राष्ट्रिय निकुञ्जको चार किल्ला:

१. उत्तर:–

पेयाङ्गरले (जहाँ सगरमाथा राष्ट्रिय निकुञ्जको उत्तर पूर्व सिमाना टुङ्गिन्छ) बाट पूर्वतर्फ नेपाल-तिब्बत (चीनको स्वशासित क्षेत्र) बीचको अन्तरराष्ट्रिय सिमाने सिमाना हुँदै पूर्व पोप्ती भन्ज्याङ (४३० मि.) को पश्चिमपट्टिको उच्च भागसम्म ।

२. पूर्व:–

पोप्ती भन्ज्याङदेखि शुरु भई ठूलो र सानो बुम ठाकको श्रृङ्खलै श्रृङ्खला हुँदै हटिया गाँउको पश्चिममा पर्ने मौसिरेक र सेरेकको धारैधार भई सिम्पुङ गाउँको पश्चिमी किनारा हुँदै अरूण-बरूणको दोभानसम्म ।

दक्षिण:–

अरूण-बरूण दोभानबाट उत्तर पश्चिम हुँदै हिन्जुसम्म । हिन्जुबाट बरूण खोलाको जलाधार र वाङ र नेमु खोलाको जलाधारलाई छुट्याउने डाँडाको धार हुँदै नेमु खोलाको शिरसम्म । नेमु खोलाको शिरबाट लगातार दक्षिण पूर्वतर्फको डाँडाको धार पछ्याउँदै कसुवा खोलाको करिब २००० मिटरको उचाइसम्म । कसुवा खोलाबाट यसले

पश्चिमी श्रृङ्खला हुँदै टासि गाउँको माथिको उच्च विन्दुसम्म । त्यहाँबाट तलतिर भर्दै नुरबु गाउँको उत्तरपट्टि ङसुवा खोलासम्म । त्यसपछि यसले नुरबु गाउँको माथिको उत्तरपट्टिको डाँडाको धारलाई पछ्याउँदै पताकारे डाँडासम्म र फेरी यो पताकारेको डाँडाको शिरैशिर दक्षिणतर्फ माछे खोला (अपसुवा खोलाको शाखा खोला) को मुहानसम्म । त्यसपछि सिमाना फेरी माछे खोलालाई पछ्याउँदै अपसुवा खोलासम्म । त्य[illegible]छ अपसुवा खोलै खोला उत्तरतर्फ वावाताक गाउँ नजीक २००० मि.को उचाई-

[illegible]। त्यसपछि वावाताक र गोङथाला गाउँदेखि उत्तरतर्फको डाँडाको श्रृङ्खलै श्रृङ्खला हुँदै ससिमा (हलेङखर्क) गाउँलाई भित्र पारी चाङ्ग्रे डाँडा (खोङलुवा खोला-को जलाधार) सम्म । चाङ्ग्रेबाट लगातार रूपले सीमा रेखा याचपखा र शिवदिङ गाउँदेखि उत्तरतर्फ रहेको खोरिया आवाबीको सिरानै सिरान हुँदै संखुवा खोला पारी धर्मशाला खर्क हुँदै केन्पा खर्कको वतासे डाँडा (४५०० मि.) सम्म । केन्पा खर्कबाट पश्चिमतर्फ भर्ने डाँडाको धार पछ्याउँदै मुवी खर्क मुनीपट्टि पर्ने होङ्गु खोलासम्म ।

४. पश्चिमः–

मावी खर्कबाट पश्चिम र उत्तर पश्चिम हुँदै पाँच पोखरी (मुनीलो) सम्म पाँच पोखरीबाट पश्चिमतर्फ चेरेम गाउँदेखि उत्तर-पश्चिम ईन्खु खोलासम्म । त्यहाँबाट उत्तर पश्चिम हुँदै लुक्ला माथि जतर्वा भन्ज्याङसम्म । जतर्वाबाट कालो हिमाल र कुसुम्खाङको शिखर हुँदै मन्जु खोलाको मुहानसम्म । त्यहाँबाट उत्तरतर्फ सगरमाथा राष्ट्रिय निकुञ्जको पूर्वी सिमानै सिमाना हुँदै फेताङचे हिमालसम्म ।

## सूचना २

### मकालु–वरुण संरक्षण क्षेत्रको चार किल्लाः

र्फ पूर्वः–

अरूण खोलाको शिर (नेपाल–चीनको अन्तरराष्ट्रिय सिमाना) बाट शुरु भई अरूण खोलै खोला हुँदै संखुवा खोला र अरूण खोलाको दोभानसम्म ।

२. दक्षिणः–

संखुवा खोला र अरूण खोलाको दोभानबाट पश्चिमतर्फ साउने डाँडाको शिरै शिर धुकुरखोलाको (होङ्गु खोलाको शाखा) सिरानसम्म । त्यहाँबाट धुकुर खोलै खोला हुँदै होङ्गु र धुकुर खोलाको दोभान हुँदै दक्षिणतर्फ होङ्गु खोलै खोला वुङ्ग गाउँको फेदीसम्म ।

३. पश्चिमः–

होङ्गु खोला (बुङ्ग गाउँको फेदो)बाट बुङ्ग गाउँको पश्चिमपट्टिको डाँडाको धारैधार सुर्केलासम्म । सुर्केलाबाट चेरेम गाउँको सिरान हुँदै हिङ्कु खोलासम्म ।

४. उत्तरः–

अरूण–वरूण दोभानबाट उत्तर पश्चिम हुँदै हिन्जुसम्म । हिन्जुबाट वरूण खोलाको जलाधार र वाङ र नेमु खोलाको जलाधारलाई छुट्याउने डाँडाका धार हुँदै नेमु खोलाको शिरसम्म । नेमु खोलाको शिरबाट लगातार दक्षिण पूर्व तर्फको डाँडाको धार पछ्याउँदै कसुवा खोलाको करिब २००० मिटरको उचाइ-सम्म । कसुवा खोलाबाट यसले पश्चिमी शृङ्खला हुँदै टासि गाउँको माथिको उच्च विन्दुसम्म । त्यहाँबाट तलतिर झर्दै नुरबु गाउँको उत्तरपट्टि डसुवा खोलासम्म । त्यसपछि यसले नुरबु गाउँको माथिको उत्तरपट्टिको डाँडाको धारलाई पछ्याउँदै पताकारे डाँडासम्म र फेरी यो पताकारेको डाँडाको शिरै शिर दक्षिणतर्फ माछे खोला (अपसुवा खोलाको शाखा खोला) को मुहानसम्म । त्यसपछि सिमाना फेरी माछे खोलालाई पछ्याउँदै अपसुवा खोलासम्म । त्यसपछि अपसुवा जोर खोला उत्तरतर्फ हुँदै दावाताक गाउं नजीक २००० मी. सम्म । त्यसपछि दावाताक र गोङ्याला गाउं देखि उत्तरतर्फको डाँडाको शृङ्खलै शृङ्खला हुँदै ससिमा (हुलेङ्खुङ) गाउँलाई बाहिर पारी चाङ्गे डाँडा (खोङलुवा खोलाको जलाधार) सम्म । चाङ्गेबाट लगातार रूपले सीमा रेखा याक्सखा र शिजङि गाउँदेखि उत्तर-तर्फ रहेको खोरिया आबादीको शिराने शिरान हुँदै सखुवा खोला पारी धर्मशाला खर्क हुँदै केन्पा खर्कको बतासे डाँडा (४५०० मि.) सम्म । केन्पा खर्कबाट पश्चिम तर्फ झर्ने डाँडाको धार पछ्याउँदै मुवी खर्क मनिपट्टि पर्ने होङ्गु खोलासम्म ।

आज्ञाले,
ववनप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

## सूचना

मिति २०३९/११/११

श्री ५ को सरकारले भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०३९।११।११ को निर्णयले निम्न बमोजिमको चौहद्दीभित्रको क्षेत्रलाई शिवपुरी संरक्षित जलाधार क्षेत्र घोषित गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

पूर्वः– मणिचुर लेकबाट हैबुङ्ग जाने बाटो भै काठमाडौं, नुवाकोट तथा सिन्धुपाल्चोक जिल्लाको साँध चिपु डाँडा।

पश्चिमः– नुवाकोट जिल्लाको नेउपाने गाउँछेउ भएर ककनी कृषि फर्मको सिमाना हुँदै खानीखोला, त्रिशूली जाने मोटर बाटो हुँदै पाँच माने।

दक्षिणः– पाँचमाने, धल्केछाप, अल्लेदेवीस्थान हुँदै कटेरी आवादीछेउ हुँदै लामिछाने गाउँको छेउ, साँग्लाको सिरान हुँदै झोर गाउँ र वृक्षारोपण क्षेत्रको फेन्सीङ्ग हुँदै चण्डेश्वरी टोखा हुँदै फेरी गाउँ, तौलुङ्ग गाउँछेउ, गोकर्ण गा. पं. वडा नं. २ तारेभीरमा बनेको सडकमुनि हुँदै सुन्दरीजल र महाँकाल, गागलफेदी आवादीको छेउ हुँदै मणिचुर हर्वल फर्मको सिमाना।

उत्तरः– नेउपाने गाउँको सिरान हुँदै खरी भन्ज्याङ्ग, गुरुङ गाउँ सिराल, गुर्जे, अखोंले, सिक्रटार गाउँ हुँदै भोर्लाङडाँडा हुँदै हैबुङ्ग जाने बाटो।

आज्ञाले,

एमरल्ड ज. ब. राणा

श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, फागुन ६ गते २०५८ साल (संख्या ४३

## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी वेहाय बमोजिमको चार किल्ला भएको क्षेत्रलाई शिवपुरी राष्ट्रिय निकुञ्ज घोषणा गरेको छ ।

चारकिल्ला

**पूर्वः** मणिचुर लेकबाट हेंवुङ्ग जाने बाटो भई काठमाडौं, नुवाकोट तथा सिन्धुपाल्चोक जिल्लाको साँध चिसापानी डाँडासम्म ।

**पश्चिमः** नुवाकोट जिल्लाको नेउपाने गाउँको छेउ भएर साविक ककनी कृषि फार्मको सीमाना हुँदै खानीखोला त्रिशुली जाने मोटर बाटो हुँदै पाँचमानेसम्म ।

**दक्षिणः** पाँचमाने, ढल्केठाप, अल्ले देवीस्थान हुँदै कटेरी आवादी छेउ हुँदै लामिछाने गाउँको छेउ, साँगलाको सिरान हुँदै झोर गाउँ, तैलुङ्ग गाउँ छेउ बालुवा गाउँ विकास समिति वडा नं. ४ तारेभिरमा बनेको सडक मुनी हुँदै सुन्दरीजल र महाङ्काल, गागलफेदी काफ्लेडाँडा हुँदै मणिचुरबाट बज्रयोगिनी जाने ठाडो बाटोसम्म ।

**उत्तरः** नेउपाने गाउँको सिरान हुँदै खरी भञ्ज्याङ्ग, गुरुङ्ग गाउँ सिरान, गुर्जे, अखौंले, सिकेटार गाउँ हुँदै मोर्लाङ्ग डाँडा हुँदै हेंवुङ्ग जाने बाटोसम्म ।

खण्ड ३३, संख्या १०, मिति २०४० साल असार ६ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, जेठ २५ गते २०६१ साल (संख्या ८

## भाग ३

### श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल विपश्यना केन्द्रको उत्तरपूर्व सीमासँग जोडिएको शिवपुरी राष्ट्रिय निकुञ्जको १-८-० रोपनी जग्गा उक्त राष्ट्रिय निकुञ्ज क्षेत्रबाहिर पर्ने गरी सीमाना हेरफेर गरेको छ ।

आज्ञाले,

चण्डीप्रसाद श्रेष्ठ

श्री ५ को सरकारको सचिव

## नेपाल सरकार
## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१)र(२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ५१, संख्या ४३, मिति २०५८।११।६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचना बमोजिम घोषित शिवपुरी राष्ट्रिय निकुञ्जको चार किल्लामा देहाय बमोजिमको चार किल्ला भएको क्षेत्रलाई थप क्षेत्रको रुपमा घोषणा गरी सो राष्ट्रिय निकुञ्जको नाम शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नामाकरण गरेको छ ।

### चार किल्ला

पूर्व: डुम्रनीपानी, बालाजु बाईपास, बालाजु उद्यान, गोलढुङ्गा गाउँ विकास समितिको आवादि ।

पश्चिम: थुम्की, डमडमे, ककरे गाउँ, गैरी गाउँ, सानो गाउँमा रहेको नागार्जुन पर्खाल र धादिङ्ग जिल्ला छत्रे देउराली गाउँ विकास आवादि ।

उत्तर: तीलखोरिया, डाँडागाउँ, ठूलो गाउँ, चिपालिवो, मड्खु ढोका, वैखु, नाखनड़ोलमा रहेको नागार्जुनको पर्खाल र काठमाडौं जिल्लाको जितपुर फेदी र गोलढुङ्ग गाउँ विकासको समिति आवादि ।

दक्षिण: थाप्ले गाउँ, भिरकोट नयाँ गाउँ, बद्रोडाँडा, नाराणस्थान, इचँगु, गांको, रानीवन, टण्डोल गाउँमा रहेको नागार्जुन पर्खाल ।

आज्ञाले,
डा. उदय राज शर्मा
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, असार २८ गते २०६७ साल (संख्या १३


## भाग ५

### नेपाल सरकार
### वन तथा भू-संरक्षण मन्त्रालयको
### सूचना १

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बाँके जिल्लाको देहायको चार किल्लाभित्रको ५५० वर्ग किलोमिटर क्षेत्र-लाई बाँके राष्ट्रिय निकुञ्ज घोषणा गरेको छ :-

चार किल्ला

पूर्व: पूर्व-पश्चिम राजमार्गमा रहेको शिव खोलाको पुलदेखि उत्तरतर्फ बाँके र दाङ्ग जिल्लाको सिमाना शिव खोला र सो खोलाको मुहान हुँदै चुरे पहाडको धुरीसम्म ।

पश्चिम: बर्दिया राष्ट्रिय निकुञ्जको पूर्वी सिमाना नेपालगञ्ज सुर्खेत रोडको चिसापानीदेखि उत्तरको देउराली डाँडासम्म ।

उत्तर: शिव खोलाको मुहान माथिको चुरे पहाडको धुरीबाट पश्चिमतर्फ दाङ्ग, सल्यान, बाँके र बर्दिया जिल्लाको सिमाना छुट्याउने

चुरे पहाडको अग्लो डाँडैडाँडा नेपालगञ्ज सुर्खेत रोडको उत्तर-तर्फको देउराली डाँडासम्म ।

दक्षिण: बर्दिया राष्ट्रिय निकुञ्जको पूर्वी सिमाना नेपालगञ्ज सुर्खेत रोडको चिसापानीको पूर्व दक्षिण किनाराको पिलरबाट चयामा-गाउँ, खडगबार, महादेवपुरी, बालापुर र ओभरी गाउँ तथा हस्तान्तरित सामुदायिक वनहरूलाई बाहिर पारी वन चेक पोष्टको पूर्वतर्फको पूर्व-पश्चिम राजमार्गसम्म जोडिने गरी निर्माण गरिने वनपथ, त्यहाँबाट पूर्व-पश्चिम राजमार्ग हुँदै गोथेरी, गाभर, बैरीया, चप्परगौडी गाउँ तथा सामुदायिक वन-हरूलाई बाहिर पारी पूर्व-पश्चिम राजमार्गको शिव खोला पुलसम्म ।

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, जेठ ८ गते २०४१ साल (संख्या ६


श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नारायणी अञ्चलको पर्सा, मकवानपुर र चितौन जिल्लाको केही भागलाई समावेश गरी देहायको चारकिल्ला-भित्रको क्षेत्रलाई पर्सा वन्यजन्तु आरक्ष घोषित गरेको छ ।

चारकिल्ला :

उत्तरः साविकको शाही चितवन राष्ट्रिय निकुञ्जको सिमाना हस्ता खोला र राप्ती नदीको दोभानबाट राप्ती नदीको उत्तर किनार हुँदै पूर्वतर्फ गई आबादी बाहिर पार्दै बगौ खोलासम्म, त्यहाँबाट बगौ खोला हुँदै चुरे पहाडको टुप्पामा पुगी डाँडै डाँडा पूर्वतर्फ गई चुरेबाट दक्षिण बग्ने भेराह खोलाको शीरसम्म ।

पूर्व: भेराह खोला हुँदै आधाभारको वन पथसम्म ।

दक्षिणः आधाभार वन पथ (फायर लाइन) हुँदै शिकारीवासको शाही चितवन राष्ट्रिय निकुञ्जको सिमानासम्म (राममारी भाटा गाउँलाई सिमाना लगाई घेर्ने गरी) ।

पश्चिमः शाही चितवन राष्ट्रिय निकुञ्जको सिमाना (धराङ र हस्ता खोला) ।

आज्ञाले,

जितेन्द्रलाल मास्के

श्री ५ को सरकारको सचिव

# भाग ५

## नेपाल सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी हाल कायम रहेको पर्सा वन्यजन्तु आरक्षको क्षेत्रफलमा संलग्न बमोजिम चारकिल्ला भित्रको राष्ट्रिय वन क्षेत्रको ११३.६२ वर्ग कि.मी., मध्यवर्ति क्षेत्रबाट आरक्षमा समाबेश गरिने १२.८७ वर्ग कि.मी., आरक्ष भित्रको बस्ती स्थानान्तरण भै कायम हुन आएको १.९० वर्ग कि.मी. र साबिकको ४९९ वर्ग कि.मी. सहित पर्सा वन्यजन्तु आरक्षको कुल क्षेत्रफल ६२७.३९ वर्ग कि.मी. कायम हुनेगरी सिमाना हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

<u>पर्सा वन्यजन्तु आरक्षमा कायम हुने क्षेत्रको चारकिल्ला</u>

पूर्व: काठमाडौं तराई द्रुतमार्ग (fast track) देखी पश्चिमपट्टी बकैया र नागमणी सामुदायीक वनले गरेको तारवारको दक्षिण पश्चिम सिमाना पथलैया–निजगढ राजमार्ग स्थित बिन्दु (GPS Location $27^0$ 10.73’ N - $85^0$08.44’ E) देखि कछडिया सामुदायिक वनको दक्षिण पश्चिमी किनारा (GPS Location - $27^0$ 12.6’ N - $85^0$ 08.40’ E) स्थित अग्निपथको बिन्दुसम्म ।

पश्चिमः आधाभार निर्मलबस्ती वनपथमा भेटिने भेडाहा खोलाबाट ५०० मिटर दक्षिणदेखि गई खोलैखोला उत्तरतर्फ मझौनाबाट पुरानो रेलवे लीग नं. ३ हुँदै भेडाहा खोलासम्म पुग्ने बिन्दु (GPS Location - $27^0$ 15.720’ N - $84^0$58.487’ E) सम्म ।

उत्तरः मझौनाबाट पुरानो रेलवे लीग नं. ३ हुँदै भेडाहा खोलामा भेटिने बिन्दु (GPS Location - $27^0$ 15.720′ N - $84^0$ 58.487′ E) बाट हेटौंडा – पथलैया राजमार्गको पश्चिमी किनारामा अवस्थित मझौना हुंदै सिधा दुधौरा खोलासम्म र त्यहाबाट बंगेरी र दुधौरा खोलाको पूर्वी भंगालोको मिलन बिन्दु (GPS Location - $27^0$ 15.84′ N - $85^0$ 01.53′ E) सम्म र त्यसपछि बंगरी खोलाको पश्चिमी किनारा हुँदै कैलाशपति सामुदायीक वनको दक्षिण पूर्वी सिमानासम्म (GPS Location - $27^0$ 16.435′ N - $85^0$ 61.913′ E) र उक्त कैलाशपति सामुदायीक वनको दक्षिणी सिमाना हुँदै शिवशक्ती सामुदायीक वनको दक्षिण पूर्वी किनारासम्म (GPS Location - $27^0$ 16.782′ N - $85^0$ 62.778′ E) त्यसपछि उक्त वनको दक्षिणी सिमाना हुँदै धारापानी सामुदायीक वनको दक्षिण पूर्वी सिमानासम्म र धारापानी सामुदायीक वनको दक्षिण पूर्वी किनारामा स्थित पसाहा खोलाको पश्चिमी किनारा (GPS Location - $27^0$ 16.646′ N - $85^0$ 63.841′ E) बाट पूर्वी किनारा पार गरी पशुपति सामुदायीक वन र तपोभूमी सामुदायीक वनको उत्तर पश्चिमी सिमाना हुँदै आधाभारबाट पूर्वतर्फ गएको पुरानो वनपथ भेटिने स्थानसम्म र उक्त वनपथ बाट १५ मि. दक्षिण गई (GPS Location - $27^0$ 16.602′ N - $85^0$ 64.190′ E) त्यहाँबाट सिंधा पूर्वतर्फ जनमूखी सामुदायीक वनको दक्षिण पश्चिम किनारासम्म (GPS Location $27^0$ 13.87′ N - $85^0$ 06.47′ E) त्यसपछि बुद्धज्योती सामुदायीक वन र कल्की सामुदायीक वनको पश्चिम दक्षिण सिमानामा अवस्थित वनपथ हुँदै कछडिया सामुदायीक वनको दक्षिण पश्चिम सिमाना भएर दक्षिणी पूर्वी किनारा सम्म ।

दक्षिणः आधाभार निर्मलबस्ती वनपथमा भेटीने भेडाहा खोलाबाट खोलैखोला ५०० मिटर दक्षिण तर्फ (GPS Location $27^0$ 13.626' N - $85^0$ 57.792' E) गई सो स्थानबाट सिधै पूर्व हेटौंडा पथलैया राजमार्गमा भेटिने बिन्दु (GPS Location $27^0$ 13.499' N - $84^0$ 59.247' E) सम्म र त्यहाँबाट सो राजमार्ग हुँदै पथलैया स्थित थानीमाई मन्दिरसम्म (GPS Location $27^0$ 12.14' N - $84^0$ 58.86' E) र पथलैयामा रहेको राजमार्गको संगम विन्दुदेखि उत्तरपूर्वमा रहेका बिभिन्न संस्था ( सशस्त्र प्रहरी, नेपाल प्रहरी, खानेपानी संस्था, इलाका बन कार्यालय , टि. सि. एन.) तथा आवादी जग्गालाई बाहिर पार्दै ३ नं. खोल्सीसम्म (GPS Location $27^0$ 11.870' N - $85^0$ 59.11' E) र सो खोल्सीबाट पथलैया निजगढ राजमार्गसम्म र उक्त राजमार्गलाई बाहिर पार्दै पूर्वतर्फ बालगंगा खोलाको पुल हुँदै बिद्युत प्राधिकरणले ओगटेको क्षेत्रलाई बाहिर पार्दै (GPS Location $27^0$10.29' N – $85^0$ 3.71' E, $27^0$10.38' N – $85^0$ 3.75' E, $27^0$10.35' N – $85^0$ 3.82' E, $27^0$10.26' N – $85^0$ 3.78' E, क्षेत्रफल २.३९ हेक्टर ) पूर्वतर्फ पर्ने पसाहा खोलाको पुल पार गरी पसाहा रेञ्ज पोष्टले ओगटेको क्षेत्र (GPS Location $27^0$10.057' N – $85^0$ 4.374' E, $27^0$10.155' N – $85^0$ 4.463' E, $27^0$10.032' N – $85^0$ 4.705' E, $27^0$9.957' N – $85^0$ 4.657' E, क्षेत्रफल १० हेक्टर) लाई बाहिर पारी पुनः राजमार्ग हुँदै पूर्वतर्फ बकैया नागमणी सामुदायीक वनको राजमार्गमा अवस्थित पश्चिम दक्षिण सिमाना विन्दु (GPS Location $27^0$10.73' N - $85^0$08.44' E) सम्म ।

## नेपाल सरकार

## वनतथा भू–संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथावन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) बमोजिमपर्सा वन्यजन्तु आरक्षको साविकबमोजिमको क्षेत्रफल र चार किल्लाकायम राखी यस आरक्षलाई “पर्सा राष्ट्रिय निकुञ्ज” घोषणा गरेकाले यो सूचनाप्रकाशनगरिएको छ ।

आज्ञाले,
प्रकाशमाथेमा
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, साउन ४ गते २०३३ साल**

श्री ५ को सरकार

**वन मन्त्रालयको**

**सूचना**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सगरमाथा अञ्चल, सप्तरी जिल्लामा पर्ने देहायबमोजिम चारकिल्लाभित्रको क्षेत्रलाई "कोशी टप्पू वन्यजन्तु आरक्ष" घोषित गरेको छः–

पूर्व:– मरियाधार नदीको मझधार र कोशी नदीको पूर्वी किनार।

पश्चिमः– कोशी नदीको पश्चिमी बाँध क्षेत्र।

उत्तरः– कोशी नदीको पूर्वी बाँध क्षेत्रको ७८ आर. डी. बाट ९०° कोणमा पश्चिमतर्फ जाँदा मरियाधार भेटिने ठाउँदेखि शुरू भई त्यहाँबाट ९०° को कोणमा पश्चिमतर्फ जाँदा कोशी नदीको पश्चिमी बाँध क्षेत्र भेट्ने ठाउँसम्म।

दक्षिणः– कोशी नदीको पूर्वी बाँधको २२ आर. डी. बाट ९०° को कोणमा पश्चिमतर्फ जाँदा मरियाधार भेटिने ठाउँदेखि शुरू भई त्यहाँबाट ९०° को कोणमा पश्चिमतर्फ जाँदा कोशी नदीको पश्चिमी बाँध क्षेत्र भेट्ने ठाउँसम्म।

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी राप्ती र धवलागिरि अञ्चलको रूकुम, म्याग्दी र बाग्लुङ जिल्लाहरूको केही भाग समावेश गरी देहायबमोजिमको चारकिल्लाभित्रको क्षेत्रलाई "ढोरपाटन शिकार आरक्ष" घोषणा गरेको छ।

### ढोरपाटन शिकार आरक्षको चारकिल्ला

पूर्वः— चुरेन हिमालबाट शुरू भई दक्षिणतर्फ लागी धौलाश्री हिमालको १७,२४६ फिटको टुप्पासम्म र उक्त टुप्पाबाट डाँडै डाँडा हुँदै वर्सि धुरीको १६,३७५ फिटसम्म, त्यहाँबाट १५,४०२, १४,७४०, १५,०१२, १४,५२६, १३,१६९, १३,३२६, १२,८०४ र १२,३३२ को डाँडै डाँडा हुँदै दक्षिणतर्फ रहेको उत्तर गङ्गा नदीसम्म। त्यहाँबाट दक्षिणतर्फको ढारखानी डाँडाको १२,१७४ फिटको टुप्पासम्म।

दक्षिणः— ढारखानी डाँडाको १२,१७४ फिटको त्रिभुजाकार टुप्पाबाट सोही धुरी हुँदै पश्चिमतर्फ लागी ११,७३३ फिटको टुप्पासम्म र सोही धुरीको नाकै नाक हुँदै ११,६३७ फिटसम्म, फेरि सोही नाकै नाक हुँदै ९,६१७ फिट र १३,२५८ फिटको उचाइसम्म। त्यहाँबाट झाल्के डाँडाको टुप्पा समाती १२,८४५ फिट र सोही डाँडै डाँडा हुँदै १२,४४५ र १२,३३१ को टुप्पा र १२,३१५ फिटको टुप्पासम्म। त्यहाँबाट लामाक्याङ्ग धुरीको १३,१३६ को टुप्पा समाती सोही धुरीको १२,०५७ र कुचिंवाङ खोलाको मुहान १०,२४५ फिटसम्म।

पश्चिमः— १०,२४५ फिटको धुरीबाट लुकुम गाउँबाट टका गाउँ जाने बाटो हुँदै उत्तर गङ्गा नदीसम्म, त्यहाँबाट सो नदीको उत्तर किनारा हुँदै खरीङ-वाङ खोलाको दोभानसम्म, त्यहाँबाट खोलैखोला माथि आई टाका हुकाम जाने बाटोको कुटेबास डाँडाको ११,९६१ फिटको टुप्पा भएर टका गाउँबाट हुकाम जाने पैदल बाटो हुँदै पेल्मा खोलासम्म, त्यहाँबाट उक्त खोला हुँदै घुम्तुङ

खोलाको दोभानसम्म । त्यहाँबाट दोगाडी खोला हुँदै ग्रामाखार गाउँसम्म, त्यहाँबाट जाङ्ला भञ्ज्याङ जाने बाटो हुँदै ११,७३१ फिटको धुरीसम्म । त्यहाँबाट राहाल खोला समाती सोही खोला हुँदै सागुरे खोला दोभानसम्म । त्यहाँबाट ११,८८० को धुरी हुँदै १४,७०२ को धुरीसम्म र कुल्टा भञ्ज्याङसम्म ।

उत्तरः– कुल्टा भञ्ज्याङबाट डाँडै डाँडा हुँदै १६,५८० फिट र सुनदहमाथिको १७,२६६ फिटको डाँडा भै १६,८६२ र १६,५२३ डाँडा हुँदै जाङ्ला भञ्ज्याङसम्म । त्यहाँबाट पुरवाङ्ग पहाडको डाँडा हुँदै १८,३७३ र १८,३९६ फिटको डाँडै डाँडा भै १९,४०७ को टुप्पासम्म र त्यहाँबाट दक्षिण लागी २१,४४२, २०,६८० र पुठा हिउँचुलीसम्म, त्यहाँबाट सोही धुरी हुँदै चुरेन हिमालसम्म ।

आज्ञाले,
वीरेन्द्रनाथ खुजेली
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन तथा वातावरण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कास्की, लमजुङ, मनाङ, मुस्ताङ र म्याग्दी जिल्लाहरूको देहाय बमोजिम ४ किल्ला भित्रको क्षेत्रलाई अन्नपूर्ण संरक्षण क्षेत्र घोषित गरी सोही ऐनको दफा १६ ख.ले दिएको अधिकार प्रयोग गरी उक्त संरक्षण क्षेत्रको व्यवस्थापन दश वर्षसम्मको लागि श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष अन्तर्गतको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनालाई सञ्चालन गर्न पाउने गरी सुम्पेको छ।

### अन्नपूर्ण संरक्षण क्षेत्रको चार किल्ला:

दक्षिण:

पूर्व सिमानाबाट मर्स्याङदी नदीको दोभान हुँदै घले गाउँको २११७ मिटरको टुप्पासम्म र त्यहाँबाट छाप जाने मूल बाटोको भिडिम खोलासम्म । भिडिम खोलाबाट तामा गाउँ जाने बाटो हुँदै २०५१ मिटरको टुप्पा हुँदै २०२० मिटरको टुप्पा र नलुङ मुनिको खोलालाई समाती रूदी खोलाको दोभानसम्म र सो दोभानबाट रबे डाँडाको टुप्पो हुँदै पार्गु र भाचोक जाने मूल बाटो हुँदै मर्के खोलाको पुल तरी भाचोकसम्म । त्यहाँबाट मूल बाटो समाती पुरानो गाउँ हुँदै भुजुङ खोला पार गरी थुमाको डाँडा हुँदै सेराचोक जाने मूल बाटो हुँदै सेराचोकसम्म । सेराचोकबाट सिधा तल झरी मर्दी खोलाको पुलसम्म र सो पुलबाट माथि थाकसम्म । थाक गाउँबाट घले गाउँ जाने डाँडाको बाटो हुँदै २७१३ मिटरको टुप्पासम्म । त्यहाँबाट भुर्जु खोला र सेती खोलाको दोभानसम्म । त्यहाँबाट सिधा लाचोक मूल बाटो समाती लाचोकलाई बाहिर पारी मर्दी खोलाको पुल पारी घम्पुस जाने मूल बाटो समाती घम्पुस हुँदै कांडेसम्म । त्यहाँबाट मोटर बाटो हुँदै लुम्लेसम्म र त्यहाँबाट

वीरे ठाँटीको बाटो समाती मोदी खोलाको पुल तरी हिलेसम्म । हिले नजीकको दोभानबाट भुरुङ्दी खोलाको दक्षिण पश्चिम मूल र पुनः हिलेको दक्षिण मोहडा हुँदै सिखाको २८३० मिटरको टुप्पासम्म। त्यहाँबाट डाँडै डाँडा धराम्दी गाउँलाई बाहिर पारी हिस्तान मण्डली पानी ढलो हुँदै काली गण्डकीसम्म ।

पूर्वः

नेपाल–चीन अन्तर्राष्ट्रिय सिमानाको हिमलुङ हिमाल ७,१२० मिटरबाट शुरू भई सोही हिमालको ७,०९८ मिटरको उचाई हुँदै नामजुङ हिमाल ७,१४० मिटरसम्म । त्यहाँबाट ६,३४० को उचाइ हुँदै ५,४५० को टुप्पो हुँदै किच्चे हि नदी भएर दूध खोलाको सिरान लार्के भन्ज्याङ जाने मूल बाटो भीमथान मुनिसम्म र त्यहाँबाट दूध खोला हुँदै मुडे, कार्चे, धो, तिल्जे गाउँ हुँदै थोखेसम्म। त्यहाँ-बाट मर्स्याङ्दी र दूध खोलाको दोभान हुँदै मर्स्याङ्दी नदी समाती खुदी खोला र मर्स्याङ्दी नदीको दोभानसम्म ।

उत्तरः

उत्तरी सिमाना पूर्व सिमानाबाट नेपाल-चीन (तिब्बत)को अन्तर्राष्ट्रिय सिमाना हुँदै डोल्पा जिल्लाको सिमानासम्म गरी सम्पूर्ण मुस्ताङ जिल्ला।

पश्चिमः

उत्तरी सिमानाबाट काली गण्डकी हुँदै जोमसोम, छेरो गाउँ, छिन गाउँ, सारू, सिरकुङ, ठिटी गाउँ, धायी, ताग्लुङ, घाँस तालवगर, काभ्रे, तोपाङ, तातोपानी हेलखर्क, खिवाङ, गाउँहरू हुँदै हिस्तान मण्डली मुनिको पानी ढलो र काली गण्डकी नदीको दोभानसम्म ।

आज्ञाले,
मन्जुरूल हक
श्री ५ को सरकारको का.मु. सचिव

# सूचना २

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ बमोजिम कञ्चनजङ्गा क्षेत्रको वन, वनस्पति लगायत त्यहाँ रहेका अन्य जैविक विविधताको संरक्षण सम्वर्द्धन गर्नको निमित्त देहायबमोजिमको चारकिल्ला तोकी श्री ५ को सरकारकै व्यवस्थापनबाट संरक्षण क्षेत्रको संरक्षण गर्ने गरी "कञ्चनजङ्गा संरक्षण क्षेत्र" घोषणा गरेको छ।

पूर्वः– नेपाल-भारत बीचको अन्तरराष्ट्रिय सीमाना ।

पश्चिमः–संखुवासभा जिल्लाको पूर्व उत्तरमा अवस्थित नेपाल-चीन बीच रहेको अन्तरराष्ट्रिय सीमानाको ५५९९ मिटरको पहाडी शृङ्खलाको टुप्पोबाट शुरू भई दक्षिणतर्फ लागी संखुवासभा जिल्ला र ताप्लेजुङ जिल्लाको सीमाना हुँदै घिङगासा खोलाको मुहान ५३८४ मिटरको पहाडी शृङ्खलासम्म । त्यहाँबाट दक्षिणतर्फ लागी उत्तर तमोर नदीको पानी ढलो हुँदै ४६८५ मिटर उचाईको डाँडाको टुप्पासम्म । पुनः त्यहाँबाट दक्षिणतर्फ लागी ४२४० मिटर उचाईको डाँडाको टुप्पासम्म । त्यहाँबाट पूर्व लागी लेलेप गाउँलाई बाहिर पारी तमोर नदी र सिधुवा खोलाको दोभानदेखि मुनि अवस्थित मंजेरटारसम्म ।

उत्तरः– नेपाल-चीन बीचको अन्तरराष्ट्रिय सीमाना।

दक्षिणः–सम्पूर्ण दक्षिणतर्फको सिधुवा खोलाको पानी ढलोलाई समावेश हुने गरी मंजेरटारदेखि दक्षिण-पूर्व लागी ३९२२ मिटर उचाईको डाँडा हुँदै लासिमा भञ्ज्याङसम्म। त्यहाँबाट पुनः दक्षिण-पूर्व लागी ४८७६ मिटर उचाईको डाँडा हुँदै सिमराम भञ्ज्याङ पुगी पुनः नेपाल-भारत बीचको अन्तरराष्ट्रिय सीमाना स्थित खाङला भञ्ज्याङसम्म ।

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, भदौ २९ गते २०५५ साल (संख्या २२


## भाग ३

### श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ४७, संख्या १५, मिति २०५४।४।६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाद्वारा तोकिएको कञ्चनजङ्घा संरक्षण क्षेत्रको सिमाना देहायबमोजिम हेरफेर गरेको छ ।

पूर्व :– नेपाल–भारतबीचको अन्तर्राष्ट्रिय सिमाना ।

पश्चिम :– संखुवासभा जिल्लाको पूर्व उत्तरमा अवस्थित नेपाल–चीनबीच रहेको अन्तर्राष्ट्रिय सिमानाको ५५९९ मिटरको पहाडी श्रृङ्खलाको टुप्पोबाट शुरु भई दक्षिणतर्फ लागी संखुवासभा जिल्ला र ताप्लेजुङ जिल्लाको सिमाना हुँदै घिङगासा खोलाको मुहान ५३८४ मिटरको पहाडी श्रृङ्खला-सम्म । त्यहाँबाट दक्षिणतर्फ लागी उत्तर तमोर नदीको पानीढलो हुँदै ४६८५ मिटर उचाइको डाँडाको टुप्पासम्म । पुनः त्यहाँबाट दक्षिणतर्फ लागी ४२४० मिटर उचाइको डाँडाको टुप्पासम्म । त्यहाँबाट पूर्व लागी २४२१ मिटर उचाइको रमिते डाँडा हुँदै दक्षिणतर्फ लागी मुरिङला खर्कलाई भित्र पारी त्यहाँबाट पूर्व लागी समायु खोल्साको पानीढलोलाई भित्र पारी तामोर नदीसम्म ।

उत्तर:– नेपाल–चीनबीचको अन्तर्राष्ट्रिय सिमाना ।

दक्षिण:– तमोर नदी समातेर दक्षिण लागी थिवाखोलासम्म । त्यहाँबाट पूर्व लागी खाएपुङ्गा खोल्सा हुँदै गौंथले भीरको टुप्पासम्म । त्यहाँबाट डाँडै-डाँडा देउरालीचोक हुँदै ३७९० मिटर उचाइमा अवस्थित पाथीभरा देवीको मन्दिरलाई भित्र पारी त्यहाँबाट पुनः डाँडै-डाँडा उत्तर लागी जोरपोखरीलाई भित्र पारी फूलबारी भञ्ज्याङको पानीढलो ३२०० मिटर उचाइको हर्कटे डाँडा हुँदै ३९०३ मिटर उचाइको सुनपाते डाँडासम्म । सुनपाते डाँडाबाट पूर्व–उत्तर लागी सम्बेवा–देउरालीसम्म । त्यहाँबाट पूर्व–दक्षिण लागी ३६३६ मिटर उचाइको हलपाते डाँडा हुँदै सुके खोल्साको पानीढलोलाई भित्र पारी कावेली खोलासम्म । त्यहाँबाट कावेली खोला समातेर उत्तर लागी राते खोल्सासम्म । राते खोल्साबाट उत्तर लागी भूसपाते डाँडा, तिउरे भञ्ज्याङ र नयाँ ओडारको पानीढलोलाई भित्र पारी छाहारे–छिम्बाक हुँदै ४५१४ मिटर उचाइको पहाडी श्रृङ्खलादेखि खाङला भञ्ज्याङ जोडिएको नेपाल–भारतबीचको अन्तर्राष्ट्रिय सिमानासम्म ।

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको चार किल्ला भित्रको क्षेत्रलाई "मनास्लु संरक्षण क्षेत्र" घोषित गरी सोही ऐनको दफा १६ (ख) ले दिएको अधिकार प्रयोग गरी संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ अनुसार सो क्षेत्रको संरक्षण तथा व्यवस्थापनको संपूर्ण कार्य उपर्युक्त नियमावली तथा श्री ५ को सरकारको नीति र तोकिएको कार्यक्रम अनुसार समन्वयात्मक ढंगबाट संचालन गर्न श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषलाई १० वर्षका लागि संचालन गर्न पाउने गरी सुम्पेको छ ।

**मनास्लु संरक्षण क्षेत्रको चार किल्ला**

पूर्वी :- नेपाल चीन अन्तराष्ट्रिय सिमानाको ६०८४ मीटर उचाइको चरके हिमालको पानी ढलो, ६६६४ मीटर उँचाईको किपू हिमालको पानी ढलो र पशुवा टाकुरा हुँदै ५०९५ मीटर उँचाईको मैलाट साचिङ्ग भञ्ज्याङसम्म ।

पश्चिम :- नेपाल चीन अन्तराष्ट्रिय सिमाना र मनाङ जिल्लाको मिलन विन्दुदेखि मनाङ र गोरखा जिल्लाको सिमानाको पनवरी हिमालको पानी ढलो हदै ५१०५ मिटर उँचाईको लार्के भञ्ज्यौंङसम्म । त्यसपछि उक्त जिल्लाको सिमानाको कामपुङ्गे हिमाल र मानसिरि हिमालको पानी ढलो हुँदै ७८९३ मीटर उँचाईको हिमालचुली चुचुरोसम्म । त्यसपछी ६६७२ मीटर उँचाईमा रहेको बौद्ध हिमाल र ५५९० मीटर उँचाईको नारद पोखरी हिमाल हुदै प्रसिद्ध दूध पोखरीको पूर्वतर्फ रहेको दूधपोखरी डाँडा हुँदै गोरखा जिल्लाको सिमजुङ्ग सिर्दिवास गाउँ विकास समितिको सिमाना सानीमितु डाँडासम्म ।

उत्तरी :- नेपाल चीन अन्तर्राष्ट्रिय सिमानाको पूर्वी सिमाना ५०९५ मीटर उँचाईको मैलाट साचिङ्ग भन्ज्यौंङदेखी नेपाल चीन अन्तर्राष्ट्रिय सिमानाको ५३३६ मीटर उँचाईको याङला भञ्ज्यौंङ हुँदै ५०८५ मीटर उँचाईको थाप्ले भञ्ज्यौंङसम्म । त्यसपछी पाङदिङ हिमालको पानीढलो हुँदै ६००५ मीटर उँचाईमा रहेको पानी ढलोसम्म । त्यसपछी कुताङ्ग हिमालको नेपाल चीन अन्तर्राष्ट्रिय सिमाना हुँदै ५६३९ मीटर उँचाईको घुम्नाजा हिमाल हुँदै ६३४५ मीटरको उँचाईको साम्दो हिमालबाट लाज्यूङ् भञ्ज्यौंङसम्म । त्यसपछी ५२८८ मीटर उँचाईमा रहेको मयूल भञ्ज्यौंङ हुँदै ४९८७ मीटर उँचाईको लाजिङ्ग भञ्ज्यौंङसम्म । त्यसपछी न्यासिङ्ग हिमाल र ग्याला हिमालको पानीढलो ग्याला भञ्ज्यौंङ हुँदै जार्क्या हिमालको नेपाल चीन अन्तराष्ट्रिय सिमाना र मनाङ जिल्लाको मिलन विन्दुसम्म ।

दक्षिण :- गोरखा जिल्लाको सिमजुङ र सिर्दिवास गाउँ विकास समितिको सिमाना सानीमित डाँडाबाट शुरु भई दवी खोलालाई पार गरी मारघस्यो डाडाबाट नारद पोखरीको २३० मीटर उत्तरतिरबाट गई नारद पोखरीमा जाने बाटो र खोल्सीको मिलन विन्दुसम्म । त्यहाबाट खोल्सी हुँदै दरौदी खोलाको मिलन विन्दुसम्म र दरौदी खोला हुदै ५६६९ मीटरको रुपिङला हिमालको पानीढलोसम्म । त्यसपछी भालु खोलाको शिरदेखी शुरु भई उक्त खोलै खोला भालु गाउँसम्म पुगी उक्त गाउँ र जगत गाउँलाई पूरै भित्र पारी बुढी गण्डकी नदीसम्म । त्यसपछी बुढी गण्डकी नदी नै नदी यारु खोलाको मिलन विन्दुसम्म र त्यहाँबाट तेरपाङ्ग डाँडैडाँडा हुँदै ६२४६ मीटरको लोम्बो हिमाल पार गरी हिमनदीसम्म र उक्त हिमनदी नै हिमनदी भई लाङदाङ खोलाको मिलन विन्दुसम्म । त्यसपछी उक्त खोलाबाट तुरजे भन्ने गाउँसम्म पुगी सियार खोला र लाङदाङ खोलाहरुको बीचको डाँडैडाँडा हुँद ६०८४ मीटरको नेपाल चीन अन्तर्राष्ट्रिय सिमानाको चुरके हिमालको पानी ढलोसम्म ।

आज्ञाले,

रवि शर्मा अर्याल
उप-सचिव(कानून)

नेपाल सरकार
**वन तथा भू-संरक्षण मन्त्रालयको**
**सूचना**

नेपाल सरकारले राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी वर्दिया जिल्लाको गुलरिया नगरपालिकाको देहायको चारकिल्ला भित्रको क्षेत्रलाई कृष्णसार संरक्षण क्षेत्र घोषणा गरेको छ ।

चारकिल्ला

पूर्व : गुलरिया तारातात पक्की सडकको किनारामा रहेको कृष्णसार प्रतिक्षालयबाट उत्तरतर्फ आएको ग्राभेल सडक र ठूलो वेचैपुर गाउँवाट ध्रुव माध्यमिक विद्यालय जाने वाटो जोडिएको चोकसम्म, त्यहाँवाट ठूलो वेचैपुर गाउँलाई भित्र पारी विन्द्राको कान्जीहाउस सम्म, त्यहाँवाट विन्द्रा सामुदायिक वनलाई वाहिर पारी वागेश्वरी सामुदायिक वनको पूर्वी सीमानै सीमाना ववई नदीसम्म ।

पश्चिम : ववई नदीवाट वेलाफाँटा सामुदायिक वन र जय कुसुम्वा देवी सामुदायिक वनलाई वाहिर पारी भगहर तालसम्म, त्यहाँवाट भगहर ताललाई भित्र पारी गुजराना गाउँको चोकसम्म, त्यहाँवाट गुजराना र जैनपुर गाउँलाई भित्र पारी गुलरिया तारातात पक्की सडकको ह्यूमपाईप उद्योग सम्म ।

उत्तर : ववई नदी ।

दक्षिण: गुलरिया तारातात पक्की सडकको ह्यूमपाईप उद्योग देखि मलेरियापुर गाउँलाई भित्र पारी मलेरियापुर ताल सम्म,त्यहाँवाट चौधरीपुरलाई भित्र पारी धेदापुर जाने वाटोको चोकसम्म, त्यहाँवाट शिवचोक वजारलाई भित्रपारी कृषि सेवा केन्द्र हुँदै वर्गदही चोकसम्म, त्यहाँवाट गुलरिया तारातात पक्की सडकको किनारामा रहेको कृष्णसार प्रतिक्षालय सम्म ।

आज्ञाले,
डा.उदयराज शर्मा
नेपाल सरकारको सचिव

नेपाल सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायको जिल्लाका देहायका गाउँ विकास समितिको देहाय चारकिल्लाभित्रको २१७९ वर्गकिलोमिटर क्षेत्रलाई गौरीशंकर संरक्षण क्षेत्र घोषणा गरेको छः-

१. दोलखा जिल्लाका चौध गाउँ विकास समिति (अलाम्पु, विगु, बुलुङ्ग, चङ्खु, चिलङ्का, गौरीशङ्कर, कालिन्चोक, खरे, लदुक, लामाबगर, मार्वु, ओराङ्ग, सुरी र श्यामा),

२. सिन्धुपाल्चोक जिल्लाका छ गाउँ विकास समिति (फुल्पिङ्गकट्टी, घोरथली, गुम्वा, लिसिकोट, मार्मिङ्ग र तातोपानी)

३. रामेछाप जिल्लाका दुई गाउँ विकास समिति (चुचुरे र गुम्देल)

आज्ञाले,
युवराज भुसाल
नेपाल सरकारको
सचिव

## सूचना ३

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी दार्चुला जिल्लाको देहायको चारकिल्लाभित्रको १,९०३ वर्ग किलोमिटर क्षेत्रलाई अपी-नाम्पा संरक्षण क्षेत्र घोषणा गरेको छः-

चारकिल्ला

पूर्वः बझाङ्ग जिल्लाको सिमाना ।

पश्चिमः महाकाली नदीको भारतसंगको अन्तर्राष्ट्रिय सिमाना ।

उत्तरः मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बतसँगको अन्तर्राष्ट्रिय सिमाना ।

दक्षिणः लास्कु खोला र नौगाड खोला ।

आज्ञाले,
सूर्यप्रसाद जोशी
नेपाल सरकारको निमित्त सचिव

# ‘ख’

## मध्यवर्ती क्षेत्रको चार किल्ला सिमाना तोकेको तथा सिमाना हेरफेरसम्बन्धी राजपत्र

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाण्डौ मंसीर १७ गते २०५३ साल (संख्या ३३

## भाग ३

### श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी शाही वर्दिया राष्ट्रिय निकुन्ज क्षेत्र वरिपरिको देहायको चार किल्ला भित्रको क्षेत्रलाई "शाही वर्दिया राष्ट्रिय निकुन्ज मध्यवर्ती क्षेत्र" तोकेका छ :–

पूर्व: करेली खोलावाट चिसापानी हाईस्कूल जाने गोरेटोवाटो हुदै सो हाईस्कूल सम्म । त्यहांवाट सो हाईस्कूललाई भित्रपारी पूर्व तर्फ मान खोला सम्म । मान खोला वाट सोही खोला हुंदै उत्तर तर्फ मान खोला र हात्तीसार खोलाको दोभानसम्म । त्यहांवाट हात्तीखाल खोला हुंदै उत्तर तर्फ सोही खोलाको मुहान हुंदै सोभै उत्तर देउराली डांडा

सम्म । त्यहांवाट देउराली डांडा हुदै कुइमन सल्लेरी थुम्को, थुलो खोटे, कोल्टे सल्ला, सानो खोटे हुदै भगाको थाप्लो सम्म । भगाको थाप्लोवाट सोही डांडा हुदै कुइने खोला (ववई नदी) सम्म । त्यहांवाट कुइने खोला हुदै कुइने खोला र गिदृ खोलाको दोभानसम्म ।

पश्चिमः कर्णाली नदी र गेरुवा नदीको भंगालो फुटेको ठाउं, सुगा मजेडावाट वर्दिया जिल्ला र कैलाली जिल्लाको सीमाना छुट्याउने कर्णाली नदीको किनार हुदै वन कट्टि सम्म, वन कट्टिको दौलतपुरको सीमाना टिहुनी सम्म । टिहुनीवाट मोटर चल्ने कच्चीबाटो हुदै झपहीसम्म । त्यहांवाट महिलानालाको पानी फेकुवा झरन हुदै हरिपुर सम्म । हरिपुरवाट महिलानाला हुदै वेलभरिया,मानपुर टपराको इन्टेक बांध सम्म । त्यहांवाट पुनः महिलानाला हुदै गरकटिया झरन हुदै वाजपुर सैजना घाटसम्म ।

**उत्तरः** गिद्धे खोला र कुहिने खोलाको दोभान वाट पश्चिम तर्फ वतासे डांडाको टुप्पा सम्म। त्यहांवाट चिउरीवास, गोठरीलाई भित्रपारी मिलमिलेको छहरा सम्म । मिलमिलेको छहरावाट पश्चिम तर्फ ककरेको ठुलो पैरोको सिरान हुदै कोहलपुर सुर्खेत सडकको ३७ किलो भन्ने ठाउंसम्म ।

**दक्षिणः** सैजना घाटवाट पुर्व तर्फ डांडा गाउंको सम्पूर्ण आवादिलाई भित्र पारी खौरहा नदी सम्म । त्यहांवाट चाक्ले घाटलाई भित्रपारी डांडा गाउंको फांट हुदै डल्ला र कैलासी वीच भएर वंगालीपुर जाने कच्ची मोटर वाटो हुदै तीनवट्टीसम्म । तीनवट्टीवाट डल्ला ठाकुरद्वारा कच्ची मोटर वाटो हुदै पटुवा कुलाका पुराना बांधसम्म । त्यहांवाट पूर्व तर्फ ठाकुरद्वारा सूर्य पटुवा गा.वि.स.को सीमाना हुदै जरही झरनसम्म । त्यहांवाट जरही झरन हुदै जरही र औराही खोलाको दोभानसम्म । त्यहांवाट औराही खोलाको किनार हुदै गोदाना गाउंसम्म । गोदाना गाउंवाट सो गाउंको वीच भएर न्यांउलापुर जाने कच्ची मोटर वाटो हुदै सो वाटो कोलिएर लाईनमा जोडिएको स्थानसम्म । सो

स्थानवाट कोलिएर लाईन हुंदै उत्तर तर्फ १०० मिटरसम्म । त्यहांवाट पूर्व तर्फ नेउलापुर गाउंको आवादीसम्म । सो आवादीको किनार हुंदै पुन: नेउलापुर गोदाना कच्ची मोटरवाटोमा । त्यहांवाट सोही वाटो हुंदै जम्तीनालासम्म । जम्तीनालावाट मिरचैया जाने वाटो हुंदै भुरी गाउं गुलेरिया सडकसम्म । भुरी गाउं गुलेरिया सडकवाट सोही सडक हुंदै दक्षिण तर्फ भुरी गाउं गुलेरिया सडक र पुराना राजमार्ग भेटिने स्थानसम्म । त्यहांवाट पुरानो राजमार्ग हुंदै ढोढरी वांधसम्म । ढोढरी वांधवाट ववई नदी हुंदै दक्षिण तर्फ वन्तरियासम्म । वन्तरियावाट जोधिपुर जाने कच्ची मोटरवाटो हुंदै मिलनचोक सम्म । मिलनचोकवाट जमुनिया जाने कच्ची मोटरवाटो हुंदै वुढि कुलासम्म । त्यहांवाट वुढि कुलाको पश्चिममा रहेको कच्ची मोटर वाटो हुंदै पुरानो फायर लाईनसम्म । त्यहांवाट सोही फायर लाईन हुंदै पूर्व तर्फ वेलवावज्जा जाने लिकसम्म । वेलवावज्जाको लिकवाट हर्नवाको दक्षिणतर्फको वाटो हुंदै सोनपुर सम्म । सोनपुरवाट औरी जाने कच्ची मोटरवाटो हुंदै सोनपुर र धधवार कुलो छुटिने वोक्सीनीया वांधसम्म । त्यहांवाट धधवार कुलो हुंदै वकलभार पुलसम्म । वकलभार पुलवाट हाइटेन्सन टावरको टावर नं ९६ र त्यहांवाट पूर्वतर्फ हाइटेन्सन टावर हुंदै भादा नदी नजिकको टावर नं ९० सम्म । त्यहांवाट भादा नदी हुंदै उत्तरतर्फ भादापुल सम्म, भाद्रापुलवाट कोहलपुर चिसापानी राजमार्ग हुंदै ग्यांङग नदीसम्म । ग्यांङग नदीवाट उत्तरतर्फ सोही नदी हुंदै फायरलाईनसम्म । त्यहांवाट सोही फायरलाईन हुंदै पूर्वतर्फ भैसासुरसम्म। भैसासुरवाट पुन: सोही फायरलाईन हुंदै रेउ खोला (साफीनाला) सम्म । त्यहांवाट सोझै पूर्व दमारैदमार नेवादावाट वेतनी जाने वाटो हुंदै वनमुढा कुलाको पुलसम्म । वनमुढा कुलाको पुलवाट वेतनी गाउं हुंदै राझा जाने कच्ची मोटर वाटो हुंदै लौहा खोलासम्म । लौहा खोलावाट राझा गाउंको आवादिलाई भित्र पारी पूर्वतर्फ वावियाको पहाड हुंदै च्यामनाला भएर करेली खोलासम्म ।

त्यहांवाट करेली खोलावाट चिसापानी हाईस्कूल जाने गोरेटोवाटो हुंदै चिसापानी हाईस्कूलसम्म ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, साउन ३१ गते २०६७ साल (संख्या १८

## भाग ५

### नेपाल सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क. को उपदफा (२)ले दिएको अधिकार प्रयोग गरी हाल कायम रहेको बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको क्षेत्रफलमा देहायको चार-किल्लाभित्रको १८० वर्ग किलोमिटर क्षेत्रलाई समावेश गरी बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको सीमाना हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

#### मध्यवर्ती क्षेत्रको चारकिल्ला

पूर्व: खण्ड ४६, संख्या ३३ मिति २०५३।८।१७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचना अनुसारको बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको पूर्वी सीमानामा उल्लेख भएको बबई नदी र गिद्दखोलाको दोभानबाट गिद्दखोला हुँदै पानीढलो भएर डाँडाँडाँडा छिन्चु गाउँ विकास समितिको वडा नं. १ को पूर्वी सीमाना ।

पश्चिम: कर्णाली नदी ।

उत्तर: छिन्चु गाउँ विकास समिति वडा नं. १, ३ र ४ को सीमानालाई भित्र पारेर लेखपराजुल गाउँ विकास समितिको सानो

डुङ्गी ,चुच्चे थुम्कीदेखि हिले दोभान, आँपखोला, धनुबाँस खोला हुँदै लेखपराजुलसम्म तथा हरिहरपुर गाउँ विकास समितिको सीमाना ज्याभिरे खोला र श्रीचउर गाउँलाई भित्र पारी सल्लेरो डाँडा, लिस्नेडाँडा, राजवन, फार्से, गठेरी माथिको डाँडा हात्तिखाल र भष्मकाँडा खोलाको दोभान हुँदै हरिहरपुर र तरंगा गाउँ विकास समितिको सिस्नेरीकाँडा, तातोपानी खण्डेकोडाँडा, बत्तिसे दोभान हुँदै गुराँसेको गाउँलाई भित्र पारी बुँगाडको खोलैखोला कर्णाली नदी र बुँगाड खोलाको दोभान सम्म ।

दक्षिणः बर्दिया राष्ट्रिय निकुञ्जको उत्तरी सीमाना ।

आज्ञाले,
युवराज भुसाल
नेपाल सरकारको सचिव

# सूचना २

श्री ५ को सरकारले राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी शाही चितवन राष्ट्रिय निकुन्ज क्षेत्र वरिपरीको देहायको चार किल्ला भित्रको क्षेत्रलाई "शाही चितवन राष्ट्रिय निकुन्ज मध्यवर्ती क्षेत्र" तोकेको छ :–

**पूर्व:** पर्सा जिल्ला निर्मल वस्ती गा.वि.स.वडा नं ४ को पूर्वी सिमाना दोहरम नदीले भेटेको नेपाल–भारत सिमानादेखि उत्तर दोहरम खोलै खोला (पर्सा वन्यजन्तु आरक्षको सिमाना) हुँदै शाही चितवन राष्ट्रिय निकुन्ज र पर्सा वन्यजन्तु आरक्षको सिमाना र मकवानपुर जिल्लाको मनहरी गा.वि.स.को वडा नं २ को हस्ताखोला र राप्ती नदीको दोभानवाट ठिक् सिधा उत्तर तिर महेन्द्र राजमार्गसम्म ।

पश्चिम:विनई खोलावाट हुलाकी सडक हुदै करिव एक कि.मी.पश्चिमवाट वग्ने खोल्सी भएर ५०० मी. को कन्टुर (Contour) हुदै ८३२ मी. को टुप्पो (Ridge) पुगी त्यहांवाट दक्षिण तिर वग्ने खोल्सा हुदै नारायणी नदीवाट आएको नेपाली नहर छुने ठाउंसम्म र त्रिवेणी सुस्ता गा.वि.स.को नेपाली नहरै नहर हुदै नारायणी नदीको किनारसम्म ।

**उत्तर:** मकवानपुर जिल्ला मनहरी गा.वि.स. वडा नं २ को हस्ता खोला र राप्ती नदीको दोभानवाट ठीक सिधा उत्तरतिरको महेन्द राजमार्ग हुदै राजमार्ग भन्दा दक्षिण तर्फका सम्पूर्ण भू–भागलाई समेट्दै लोथरखोलाको पुलसम्म । त्यसपछि पश्चिम तर्फ लागी चितवन जिल्लाको पिप्ले गा.वि.स.को वडा नं ६ को लोथरपुलवाट महेन्द्र

राजमार्ग हुदै दक्षिणतर्फको सम्पूर्ण भू–भागलाई समेटी महादेवटार भन्दा पश्चिमतिरको सानो खोल्सीवाट घोराङ०ग (सुरदेवी) खोला प्रवेश गरी भण्डारा गा.वि.स.को सीमानासम्म र पिप्ले गा.वि.स.वाट आएको घोराङ०ग खोला हुदै कठार गा.वि.स.को सीमानासम्म । त्यसपछि कठार गा.वि.स.भण्डारावाट आएको घोल हुदै कुमरोज गा.वि.स.सम्म । कुमरोज गा.वि.स.मा कठारवाट आएको घोल हुदै ढुग्रै(ट्याङ०ग्रा) खोला मिसीने दोभान हुदै वछौली गा.वि.स.को सीमानासम्म । वछौली गा.वि.स. को उत्तरी सीमाना हुदै वुढी राप्तीको चित्रसारी सम्म, वछौली गा.वि.स.को वुढीराप्ती पार गरी पश्चिम बकुलर जाने वाटो हुदै अगाडि गई दायां मोडिएको वाटो हुदै महेन्द्र राजमार्गसम्म । त्यसपछि महेन्द्र राजमार्ग हुदै टिकौली भएर भरतपुर नगरपालिकाको पूर्वी चौकीसम्म । सो चौकीवाट दक्षिणतर्फको वाटो हुदै वरुवा गाउंलाई भित्र पारी गितानगर गा.वि.स.को पूर्वपट्टि रहेको खोलैखोला हुदै पटिहानी गा.वि.स.को वडा नं ७ को सीमानासम्म । पटिहानी गा.वि.स.को वडा नं ७ को उत्तरतर्फको वडा सीमाना हुदै पकौडी वजार स्थित गा.वि.स.भवन, माध्यामिक विद्यालय हुदै पश्चिममा खैराङ०खोला सम्म । त्यसपछि जगतपुर गा.वि.स.मा खैराङ०खोला हुदै सो गा.वि.स. को उत्तरी सीमाना हुदै शुक्रनगर गा.वि.स.को वडा नं २ को सीमाना सम्म । शुक्रनगर गा.वि.स.को वडा नं २ को रत्नचोक हुदै वटारेखोला सम्म र सो खोला हुदै सोही गा.वि.स.को वडा नं ५ र ६ भएर वग्ने खोलाको धार हुदै मेघौली गा.वि.स.को सीमानासम्म । मेघौली गा.वि.स.मा शुक्रनगर गा.वि.स.वाट आएको खोलाको धारवाट गा.वि.स.को उत्तरी सीमाना हुदै दिव्यनगर गा.वि.स.को सीमानासम्म । त्यसपछि दिव्यनगर गा.वि.स.मा पर्शाढाप हुदै दिव्यनगरवाट मगनक्षेत्र सम्म । त्यसपछि गुन्जनगर गा.वि.स.मा मगन क्षेत्र वाट आएको वाटो हुदै विष्णुचोकवाट उत्तर लागि नारायणी नदी किनारसम्म । त्यसपछि नवलपरासी जिल्लाको मुकुन्दपुर गा.वि.स.को वडा नं ६ को पूर्वि सीमानावाट महेन्द्रराजमार्ग भन्दा दक्षिण तर्फको सम्पूर्ण भू–भागलाई समेट्दै अमरापुरी, रजहर, दिव्यपुरी, प्रगतिनगर र पिठौली

गा.वि.स.हरुका महेन्द्र राजमार्गको दक्षिण किनारा हुँदै कावासोती गा.वि.स.को पिठौली गा.वि.स.संगको सीमानावाट दक्षिण तर्फ लागि मगरकोट सम्म । मगरकोटवाट आएको वाटो हुँदै अग्यौली गा.वि.स.को त्रिभूवन टारसम्म । त्रिभूवनटारवाट आएको वाटो हुँदै कुमारवर्ती गा.वि.स.को वडा नं ५ को धोकी र पटुवा हुँदै कोल्हुवा गा.वि.स.को दान्जोर खोला सम्म । त्यसपछि दान्जोर खोलावाट सीधा पश्चिम हुँदै मदनपुर हर्दिया हुँदै गिरवारी खोला सम्म । त्यसपछिगिरवारी खोला हुँदै सिमरा गाउं भएर जाने हुलाकी वाटो हुँदै अरुण खोला सम्म । त्यसपछि नयां वेल्हानी गा.वि.स.को वडा नं ५ को उत्तरी सीमाना हुँदै ठुलो पोखरा घोललाई भित्र पारी ठुलो खहरेखोलावाट दक्षिण झरी विनई खोला सम्म । विनई खोलावाट हुलाकी सडक हुँदै करिव एक कि.मि.पश्चिमवाट वग्ने खोल्सी हुँदै ५०० मी. को कन्टुर (Contour) सम्म ।

दक्षिण: चितवन जिल्लाको गर्दी गा.वि.स.को वडा नं ९ स्थित शाही चितवन राष्ट्रिय निकुन्ज को सीमानावाट शुरु भई पूर्व तर्फ लागी मित्रराष्ट्र भारतसंगको अन्तरराष्ट्रिय सीमाना हुँदै चितवन जिल्लाकै गर्दी, बघोडा, कल्याणपुर र अयोध्यापुरी गा.वि.स.हरु र पर्सा जिल्लाको ठोरी र निर्मलवस्ती गा.वि.स.हरुको नेपाल– भारत सीमाना हुँदै निर्मलवस्ती गा.वि.स.को वडा नं ४ को पूर्वि सीमाना दोहरम नदीले भेटेको नेपाल–भारत सीमाना सम्म ।

आज्ञाले,

**नारायणराज तिवारी**

**श्री ५ को सरकारको सचिव**

## सूचना २

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको साविक क्षेत्रफलमा २०.६३ वर्ग किलोमिटर घटी कूल क्षेत्रफल ७२९.३७ वर्ग किलोमिटर कायम हुने गरी देहाय बमोजिमको सीमा हेरफेर गरी चार किल्ला तोकेको छ :-

### चार किल्ला

**पूर्वः** पर्सा जिल्ला निर्मलबस्ती गाउँ विकास समिति वडा नं. ४ को पूर्वी सीमाना दोहरम नदीले भेटेको नेपाल भारत सिमानादेखी उत्तर दोहरम खोलैखोला (पर्सा वन्यजन्तु आरक्षको सिमाना) हुँदै चितवन राष्ट्रिय निकुञ्ज र पर्सा वन्यजन्तु आरक्षको सिमाना र मकवानपुर जिल्लाको मनहरी गाउँ विकास समिति वडा नं. २ को हस्ताखोला र रासी नदीको दोभानबाट ठीक सिधा उत्तरतिर महेन्द्रराजमार्गसम्म ।

**पश्चिमः** विनयखोलाबाट हुलाकी सडक हुँदै करिब एक किलो मिटर पश्चिमबाट बग्ने खोल्सी भएर ५०० मिटरको कन्टुर हुँदै ८३२ मिटरको टुप्पो पुगी त्यहाँबाट दक्षिण तिर बग्ने खोल्सा

हुँदै नारायणी नदीबाट आएको नेपाली नहर छुने ठाउँसम्म र त्रिवेणी सुस्ता गाउँ विकास समितिको नेपाली नहरै नहर हुँदै ८३°५६'१५" अक्षांश २७°२८'८" देशान्तर हुँदै ८३°५६'२०" अक्षांश २७°२८'२०" देशान्तर, ८३°५६'३६" अक्षांश २७°२८'१९" देशान्तर, ८३°५६'३७" अक्षांश २७°२८'२०" देशान्तर हुँदै त्रिवेणीको धनसरीखोला र नारायणी नदीको दोभानको ८३°५६'४०" अक्षांश २७°२८'२१" देशान्तरको नारायणी नदीको किनारसम्म।

उत्तर: मकवानपुर जिल्ला मनहरी गाउँ विकास समिति वडा नं.२ को हस्ताखोला र रासी नदीको दोभानबाट ठीक सिधा उत्तरतिरको महेन्द्रराजमार्ग हुँदै राजमार्ग भन्दा दक्षिणतर्फका सम्पूर्ण भूभागलाई समेट्दै लोथर खोलाको पुलसम्म । त्यसपछि पश्चिमतर्फ लागी चितवन जिल्ला पिप्ले गाउँ विकास समिति वडा नं. ६ को लोथर पुलबाट महेन्द्र राजमार्ग हुँदै दक्षिणतर्फको सम्पूर्ण भूभागलाई समेटी महादेवटार भन्दा पश्चिमतिरको सानो खोल्साबाट दोराङ्ग सुरदेवीखोला प्रवेश गरी भण्डारा गाउँ विकास समितिको सिमानासम्म र पिप्ले गाउँ विकास समितिबाट आएको दोराङ्ग खोला हुँदै कुमरोज गाउँ विकास समितिसम्म । कुमरोज गाउँ विकास समितिमा कठारबाट आएको घोल हुँदै टयाङ्ग्राखोला मिसिने दोभान हुँदै बछ्यौली गाउँ विकास समितिको सिमानासम्म । बछ्यौली गाउँ विकास समितिको उत्तरी सिमाना हुँदै बुढी रासीको चित्रसारीसम्म । बछ्यौली गाउँ विकास समितिको बुढी रासीपार गरी पश्चिम बकुलर जाने बाटो हुँदै अगाडि गई दायाँ

मोडिएको बाटो हुँदै महेन्द्र राजमार्गसम्म । त्यसपछि महेन्द्र राजमार्ग हुँदै टिकौली भएर भरतपुर नगरपालिकाको पूर्वी चौकी सम्म । सो चौकीबाट दक्षिणतर्फको बाटो हुँदै बरुवा गाउँलाई भित्रपारी गितानगर गाउँ विकास समितिको पूर्व पट्टि रहेको खोलैखोला हुँदै पटिहानी गाउँ विकास समितिवडा नं. ३ को पूर्वी सिमानासम्म । पटिहानी गाउँ विकास समिति वडा नं. ३ को उत्तरतर्फ वडा सिमाना हुँदै पकौडी बजार स्थित गाउँ विकास समिति भवन माध्यमिक विद्यालय हुँदै पश्चिम खैरान खोलासम्म । त्यसपछि जगतपुर गाउँ विकास समितिमा खैरान खोला हुँदै सो गाउँ विकास समितिको उत्तरी सिमाना हुँदै शुक्रनगर गाउँ विकास समिति वडा नं. २ को सिमानासम्म । शुक्रनगर गाउँ विकास समिति वडा नं. २ को रत्नचोक हुँदै पुठारे खोलासम्म । सो खोला हुँदै सोही गाउँ विकास समितिकवडा नं. ५ र ६ भएर बग्ने खोलाको धार हुँदै मेघौली गाउँ विकास समितिको सिमानासम्म । मेघौली गाउँ विकास समितिमा शुक्रनगर गाउँ विकास समितिबाट आएको खोलाको धारबाट गाउँ विकास समितिको उत्तरी सिमाना हुँदै दिव्यनगर गाउँ विकास समितिको सिमानासम्म । त्यस दिव्यनगर गाउँ विकास समितिको पर्साढाप हुँदै दिव्यनगरबाट मगन क्षेत्रसम्म । त्यसपछि गुञ्जानगर गाउँ विकास समितिमा मगन क्षेत्रबाट आएको बाटो हुँदै विष्णुचोकबाट उत्तर लागी नारायणीनदी किनारसम्म । त्यसपछि नवलपरासी जिल्लाको मुकुन्दपुर गाउँ विकास समिति वडा नं. ६ को पूर्वी सिमानाबाट महेन्द्रराजमार्ग भन्दा दक्षिणतर्फको सम्पूर्ण भूभागलाई समेट्दै अमरापुरी, रजहर,

दिव्यपुरी, प्रगतिनगर र पिठौली गाउँ विकास समितिहरूको महेन्द्रराजमार्गको दक्षिणं किनारा हुँदै कावासोती गाउँ विकास समितिको पिठौली गाउँ विकास समितिसँगको सिमानाबाट दक्षिणतर्फ लागी मगरकोटसम्म । मगरकोटबाट आएको बाटो हुँदै अग्यौली गाउँ विकास समितिको त्रिभुवनटारसम्म । त्रिभुवनटारबाट आएको बाटो हुँदै कुमारवर्ती गाउँ विकास समिति वडा नं. ५ को धोकी र पटुवा हुँदै कोल्हुवा गाउँ विकास समितिको दान्जोर खोलासम्म । त्यसपछि दान्जोर खोलाबाट सिधा पश्चिम हुँदै मदनपुर, हर्दिया हुँदै गिरवारी खोलासम्म । त्यसपछि गिरवारी खोला हुँदै सिमरा गाउँ भएर जाने हुलाकी बाटो हुँदै अरुणखोलासम्म । त्यसपछि नयाँ वेलहानी गाउँ विकास समिति वडा नं. ५ को उत्तरी सिमाना हुँदै ठूलो पोखरा घोललाई भित्रपारी ठुलो खहरे खोलाबाट दक्षिण झरी विनय खोलासम्म । विनय खोलाबाट हुलाकी सडक हुँदै करिब १ किलोमिटर पश्चिमबाट बग्ने खोल्सी हुँदै ५०० मिटर कन्टुरसम्म ।

दक्षिण:चितवन जिल्लाको गर्दी गाउँ विकास समितिवडा नं. ९ स्थित चितवन राष्ट्रिय निकुञ्जको सिमानाबाट शुरू भई पूर्वतर्फ लागी मित्रराष्ट्र भारतसँगको अन्तर्राष्ट्रिय सिमाना हुँदै चितवन जिल्लाको गर्दी,बघौडा, कल्याणपुर र अयोध्यापुरी गाउं विकास समितिहरू र पर्सा जिल्लाको ठोरी र निर्मलवस्ती गाउँ विकास समितिहरूको नेपाल भारत सिमाना हुँदै निर्मलबस्ती गाउँ विकास समिति वडा नं. ४ को पूर्वी दोहरम नदी नेपाल भेटेको नेपाल भारत सिमानासम्म ।

खण्ड ४६, सङ्ख्या ३३, मिति २०५३।०८।१७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको चितवन राष्ट्रिय निकुञ्ज क्षेत्र वरिपरिको क्षेत्रलाई चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको चारकिल्ला तोक्ने सम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
डा.कृष्णचन्द्र पौडेल
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, वैशाख १४ गते २०५५ साल (संख्या २

## भाग ३

### श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ क को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले लाङटाङ राष्ट्रिय निकुन्ज क्षेत्र वरिपरिको देहायको चार किल्लाभित्रको क्षेत्रलाई "लाङटाङ राष्ट्रिय निकुन्ज मध्यवर्ती क्षेत्र" तोकेको छ ।

लाङटाङ राष्ट्रिय निकुन्जको दक्षिणतर्फको मध्यवर्ती क्षेत्रको चार किल्लाः

पूर्वः नोसेम खोलाको मध्य भागको तिरैतिर भई बलेफी खोलाको फलामे साँघु-सम्म ।

पश्चिमः राम्चे गाउँको बाँदरेस्थित ढोकसार छडरे त्रिशुली खोलाको दोभानबाट त्रिशुली खोलाको तिरैतिर भई त्रिशुली खोला र वेत्रावती नदीको दोभान-सम्म ।

दक्षिणः त्रिशुली खोला र वेत्रावती नदीको दोभानबाट पूर्व खोलाको उत्तर खोलै-खोला हुँदै लच्याङ डाँडाको बीचबाट पार गर्दै लच्याङ गा.वि.स. को केही भाग भित्र पार्दै दोर्खु खोलासम्म । त्यहाँबाट रालुका गुम्बालाई ५१ नम्बरको पिलरबाट र रालुका गा. वि.स. को भवनलाई ५५ नम्बरको पिलरबाट भित्र पार्दै चिलाउने गाउँ र दाङखर्क गाउँ हुँदै तादी खोलासम्म । त्यसपछि तादी खोलाबाट उत्तर पूर्व हुँदै स्याग्दोम्ला खोल्सासम्म र त्यहाँबाट राउत बेसी गा.वि.स. को गुम्लुङ डाँडा हुँदै गाउँखर्क गा.वि.स. को चुलीवारि,

मानी डाँडा हुँदै सिन्धुपाल्चोक जिल्ला इचोक गा.वि.स. को माले चौर सम्म । त्यहाँबाट तिम्बु जाने मूल बाटो हुँदै तिम्बु मेलम्ची खोलासम्म र तिम्बु दोभानको ठाडो खोलाबाट लार्टो खोलै खोला हुँदै क्यूल (किउल) गा.वि.स. को तारवोटा डाँडासम्म । त्यसपछि हेलम्बु वागवानी फार्मको पश्चिमी पर्खालको बाहिर याङग्री जाने मूलबाटो हुँदै बरुवा गा.वि.स.को थाल डाँडा, बिसाउनी, पिजु खोल्सासम्म र त्यसपछि पिजु खोलैखोला हुँदै याङग्री-इन्द्रावती दोभानसम्म । त्यसपछि इन्द्रावती दोभानबाट इन्द्रावती खोलाको तिरैतिर (खोलैखोला) हुँदै पातल डाँडा हवेली पाटीसम्म र हवेली पाटीबाट भोताङ गा.वि.स.को कुना बिसाउने, कोट गा.वि.स.को नागी खर्क, छुम्वीर पाखा, गुन्सा गा.वि.स.को महादेव चेट, नलकोट डाँडा, ढाप गा.वि.स.को थाम डाँडा (ढुंगा खानी), लांगार्चे गा.वि.स. को ओखरनी डाँडासम्म । त्यहाँबाट स्याउले गा.वि.स. को सानो गौंडा, मैदान डाँडा हुँदै गोल्चे जाने मूलबाटो र सो मूलबाटो हुँदै गोल्चे गा.वि.स. को सुन्दर्चे, पोखरी डाँडा, दुप्चे डाँडा। त्यसपछि गोल्चे खोलैखोला हुँदै बलेफी खोलाको दोभानसम्म ।

उत्तर: साविक निकुन्जको दक्षिणी सिमाना ।

<u>लाङटाङ राष्ट्रिय निकुन्जको पश्चिमतर्फको मध्यवर्ती क्षेत्रको चार किल्ला:</u>

पूर्व: भोटेकोशी नदी (निकुन्जको साविक पश्चिमी सिमाना)

पश्चिम: स्याफ्रु गा.वि.स. वडा नं. ९ को पिलर नं. १९ बाट दक्षिणी डाँडाको शिरैशिर (धुरी) हुँदै सिया गाउँको दक्षिणी डाँडाको धुरीसम्म ।

उत्तर: भोटेकोशी र गोलजुङ खोलाको दोभानमा रहेको पिलर नं. १ बाट शुरु भै डाँडाको शिरैशिर (धुरी) हुँदै त्रिशुली सोमदाङ जाने सडकसम्म र त्यहाँबाट सडकलाई पार गर्दै कोमिन डाँडाको शिरैशिर (धुरी) हुँदै पिलर नं. १९ सम्म ।

दक्षिण: सिया गाउँको दक्षिणी डाँडाको शिरैशिर (धुरी) हुँदै भोटेकोशी नदीसम्म ।

<u>द्रष्टव्य:</u> खण्ड २५, संख्या ४९, मिति २०३२ साल चैत्र ९ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको लाङटाङ राष्ट्रिय निकुन्ज घोषित गर्ने सम्बन्धी सूचनाले उक्त निकुन्जको चार किल्लाबाट बाहिर पारिएका राम्चे धुन्चे, स्याफ्रु, वृद्धिम, टिमुरे र लाङटाङ गा.वि.स. का सम्पूर्ण गाउँहरू-लाई राष्ट्रिय निकुन्जको मध्यवर्तीक्षेत्र भित्र समावेश गरिएको छ ।

आज्ञाले,<br>
नारायणराज तिवारी<br>
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
वन तथा भू–संरक्षण मंत्रालयको
सूचना

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ क. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शे–फोक्सुण्डो राष्ट्रिय निकुन्ज क्षेत्रको वरिपरि देहायको चार किल्ला भित्रको क्षेत्रलाई शे–फोक्सुण्डो राष्ट्रिय निकुन्ज मध्यवर्ती क्षेत्र तोकिएको छ।

पूर्व – सालदाङ गाउँ विकास समितिको खुङ भन्ज्याङ (निकुन्ज सिमाना) बाट पूर्व तर्फ नेपाल चीन अन्तरराष्ट्रिय सिमाना हुँदै चोला भन्ज्याङसम्म। त्यहाँबाट दक्षिण तर्फ सालदाङ र तिन्जे गाउँ विकास समितिको सिमानै सिमाना सालदाङ गाउँ विकास समितिलाई भित्र पारी छोइला नजिक सालदाङ र धो गाउँ विकास समितिको सिमानासम्म। धो गाउँ विकास समितिको सिमानाबाट पूर्व तर्फ धो र तिन्जे गाउँ विकास समितिको सिमानै सिमाना धो गाउँ विकास समितिलाई भित्र पारी छार्का, तिन्जे र धो गाउँ विकास समितिको मिलन बिन्दुसम्म। त्यहाँबाट दक्षिण तर्फ धो र छार्का गाउँ विकास समितिको सिमानै सिमाना धो गाउँ विकास समितिलाई भित्र पारी छार्का, मुकोट र धो गाउँ विकास समितिको मिलन बिन्दुसम्म। सो मिलन बिन्दुबाट पश्चिम तर्फ धो गाउँ विकास समितिलाई भित्र पारी फोक्सुण्डो गाउँ विकास समितिको दक्षिण पूर्व सिमानामा पर्ने व्यास ऋषि भन्ने ठाउँसम्म।

दक्षिण – व्यास ऋषि भन्ने ठाउँबाट दक्षिण तर्फ व्यास खोला हुँदै रह गाउँ विकास समितिको पूर्वी सिमानै सिमाना जैरी गाड र ठूली भेरीसम्म। उक्त दोभानबाट पश्चिम तर्फ ठूली भेरी नदी हुँदै दुनै गाउँ विकास समितिलाई बाहिर र रह गाउँ विकास समितिलाई भित्र पार्दै फोक्सुण्डो खोला र ठूली भेरीको दोभान सुलिगाडसम्म। सो दोभानबाट ठूली भेरी हुँदै पश्चिम तर्फ गई त्रिपुराकोट गाउँ विकास समिति समेतलाई भित्र पारी ठूली भेरी र चुगाडको दोभानसम्म। उक्त दोभानबाट पश्चिमतर्फ पाहाडा गाउँ विकास समितिको दक्षिण सिमानै सिमाना उक्त गाउँ विकास समितिलाई भित्र पारी काईगाउँ र रिमी गाउँ विकास समितिको पनि दक्षिण सिमानालाई लिदै दुवै गाउँ विकास समिति लाई भित्र पारी देउली पाटन गुरुजुला लेख नजिक पर्ने डोल्पा र जुम्ला जिल्लाको सिमानासम्म। त्यहाँबाट उत्तर पूर्व हुँदै जुम्ला जिल्ला र डोल्पा जिल्लाको सिमानै सिमाना रिमी गाउँ विकास समिति लाई दक्षिण पारी निकुन्ज सिमानासम्म।

पश्चिम – रिमी गाउँ विकास समितिको उत्तरी सिमाना तथा काईगाउँ गाउँ विकास समितिको पश्चिम सिमानाको मिलन बिन्दुबाट उत्तर तर्फ जुम्ला र डोल्पा जिल्लालाई छुट्याउने कान्सी डाल्फा डाँडा (निकुन्जको पश्चिमी सिमाना)हुँदै चौध विसे डाँडाको टुप्पासम्म। त्यहाँबाट उत्तर तर्फ रेकम खर्क नजिक भोटे खोलाको शिरमा पर्ने जुम्ला, डोल्पा र मुगु जिल्लाको मिलन बिन्दुसम्म। त्यहाँबाट उत्तर तर्फ मुगु जिल्लाको किम्री गाउँ विकास समितिको सम्पूर्ण भाग भित्र पारी निकुन्ज सिमाना बाहिर रहेको डोल्फु गाउँ विकास समितिको बाँकी भू–भागलाई भित्र पार्दै नेपाल–चीन अन्तरराष्ट्रिय सिमानासम्म।

उत्तर – निकुन्जको उत्तरी सिमाना।

आज्ञाले,

रवि शर्मा अर्याल
उप सचिव (कानून)

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ४१, संख्या ३१, मिति २०४८।८।१२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना २ ले घोषित गरेको मकालु बरुण संरक्षण क्षेत्र परित्याग गरी सोही ऐनको दफा ३क को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्ला र कोशी अञ्चलको संखुवासभा जिल्लाको देहायबमोजिमको चार किल्लाभित्रको क्षेत्र-लाई "मकालु बरुण राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र" तोकेको छ।

पूर्व : अरुण खोलाको शिर (नेपाल चीनको अन्तर्राष्ट्रिय सिमाना) बाट शुरु भई अरुण खोलै खोला हुँदै संखुवा खोला र अरुण खोलाको दोभानसम्म ।

पश्चिम : होङ्गु खोला (बुङ्ग गाउँको फेदी) बाट बुङ्ग गाउँको पश्चिम पट्टिको डाँडाको धारै धार सुर्केलासम्म। सुर्केलाबाट चेरेम गाउँको सिरान हुँदै हिङ्कु खोलासम्म ।

उत्तर : मकालु बरुण राष्ट्रिय निकुञ्जको दक्षिणी सिमाना।

दक्षिण : संखुवा खोला र अरुण खोलाको दोभानबाट पश्चिमतर्फ लाउने डाँडाको शिरै शिर बुकुरखोलाको (होङ्गु खोलाको शाखा) सिरानसम्म। त्यहाँबाट बुकुरखोलै खोला हुँदै होङ्गु र बुकुर खोलाको दोभान हुँदै दक्षिणतर्फ होङ्गु खोलै खोला बुङ्गु गाउँको फेदीसम्म ।

आज्ञाले,
रविशर्मा अर्याल
उप-सचिव कानून

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, पुस १७ गते २०५८ साल (अतिरिक्ताङ्क ५६

## भाग ३

### श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९ को दफा ३क. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोलुखुम्बु जिल्लाको चौरीखर्क गाउँ विकास समितिको सगरमाथा राष्ट्रिय निकुञ्ज र मकालु वरुण राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र परेका भू-भाग बाहेकका सम्पूर्ण क्षेत्र र खण्ड २६, संख्या १४, मिति २०३३ साल साउन ४ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित सगरमाथा राष्ट्रिय निकुञ्ज घोषित गर्ने सम्बन्धी वन मन्त्रालयको सूचनामा उल्लेख भए अनुसार उक्त राष्ट्रिय निकुञ्जको चारकिल्ला भित्र परेका तर राष्ट्रिय निकुञ्जको क्षेत्र बाहिर पारिएका जोरसल्ले, तावोथ, घुम्वडा, नाम्चेबजार, स्याङबोचे, खुण्डे, खुम्जुङ, त्रासिङ्गा, फुङकीटाङ्ग, टयाङवोचे, डिबोचे, मिलिङ्गो थाङबोचे, ताबोचे, मिङबो, राला, शाम्शो, ओग्मा, सुरोओग, साम्सोचोपा, सुरोटेङ, तुवोनाओग्मा, साम्बुर, जोङला, डुग्ला, फुलुङकार्पो, डुसा, लोबुचे, गोरक्षेप, फेरिचे, डिङबोचे, सान्जा, विब्रे, छुकुङ, नाकरजोङ्ग, फोर्त्से, किनार, थोरे, सोमओोग, नाला, शोसुङ्ग, गोकियो, लोङ्गपोङ्गा, पाङ्का, माछेरामा, लुजा, लाफ्रामा, डोले, गेले, टोङवा, गोङला, मेण्डे, लाउडो, थामो, थोग्दे, पारे, साम्डे, थामे, थामेगोम्पा, टेङवो, ओोर्त्से, आर्थे, चुले, सोङजो, जिम्को, लुनाक र नाङपाईघाटाथा गाउँहरू र उक्त गाउँहरूले चर्चेका आवादीलाई सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेको छ ।

आज्ञाले,
मधुप्रसाद रेग्मी
उपसचिव, (कानून)

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४)   काठमाडौं, जेठ ९ गते २०६१ साल   (अतिरिक्ताङ्क ६


## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ क को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष क्षेत्रको वरिपरि देहायको चार किल्ला भित्रको क्षेत्रलाई शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र तोकेको छ ।

पूर्वः  देखतभुली गा.वि.स.वडा नं. १ चानदेवी वस्तीलाई भित्रपारी आबादी देखि ५०० मिटर दक्षिण जंगलबाट मुक्त कमैया बस्ती र शोभातालाई भित्रपारी पूर्वतर्फ पुरानो स्याली नदी सम्म । त्यहाँवाट शंकरपुर गा.वि.स.वडा नं ७ र ८ लाई भित्रपारी देखतभुली गा.वि.स.वडा नं २ छोटी पर्सियाको पूर्वी सिमाना हुँदै उत्तर तर्फ वडा नं ३ को सिकलपट्टी जाईको पूर्वी सिमाना भएर उत्तरतर्फ नदी तटीय वनलाई भित्रपारी वनहरा नदीसम्म । त्यहाँवाट वडा नं ६ दुवाहालाई भित्रपारी कालागौडीको खुल्ला र डाँडा

छुट्याउने वेलौरी–कलुवापुर सडक जाने बाटोसम्म । त्यहाँबाट उत्तर तर्फ वेलौरी–कलुवापुर सडक हुँदै वन्साहा चोकसम्म । वन्साहा चोकबाट ग्राभेल सडकै सडक उत्तरतर्फ १ कि.मि.अगाडिसम्म, त्यहाँबाट सोभै जंगलै जंगल लोहारपुर गाउँको सिरसम्म । त्यहाँवाट पिपलाडी गा.वि.स.वडा नं ४ लोहारपुरलाई भित्रपारी सुनवरा नदीसम्म । त्यहाँबाट उत्तरतर्फ सुनवर नदी हुँदै पूर्व पश्चिम राजमार्ग भन्दा उत्तर टोटी र जवदा खोलाको दोभानसम्म । सो दोभानबाट जवदा खोलैखोला कालापानी नहरको शाखा नहरसँग जोडिएको जैराम खोला हुँदै सिधै उत्तर झलारी गा.वि.स.वडा नं २ र ४ को सिमानावाट वडा नं २ लाई भित्रपारी उत्तर चुरे पहाडसंग जोडिएको जंगल छेउको शिव मन्दिर भएर सोभै उत्तर तर्फ चुरे पहाडको दक्षिण पानी ढलोसम्म ।

पश्चिम:दोधारा र चाँदनी पुरै गा.वि.स.लाई भित्र पर्ने गरी नेपाल भारत अन्तरराष्ट्रिय सिमानाको ८ नम्वर पिलरको वयलवण्ड देखि २१ नम्वर पिलर कुतियाकवरसम्म ।

उत्तर: महाकाली नदीको पूर्वी किनारा महेन्द्रनगर नगरपालिका वडा नं १२ र १३ को सिमाना ओदालीबाट वडा नं १३ लाई भित्रपारी वडा नं १३ र १६ को सिमाना वसन्तपुरसम्म । त्यहाँबाट वडा नं १६ को वसन्तपुर टोलको उत्तर–दक्षिण वग्ने नहर छेउमा पर्ने वडा नं १३ र १४ जाने नहरको दोभान हुँदै, त्यहाँबाट दक्षिण वडा नं १६ को शान्तिटोल र अमरटोलको ग्राभेल सडक जोडने कलभर्ट त्यहाँबाट उत्तरतर्फ ग्राभेल सडक हुँदै ऐरी जाने ग्राभेल सडक जोड्ने चोकसम्म, त्यहाँबाट पूर्व गन्धानालासम्म र गन्धानालाबाट उत्तर तर्फ महाकाली सिंचाईको मूल नहरसम्म । मूल नहर हुँदै साइफन (गोवरीया नाला), त्यहाँबाट गोवरिया नाला हुँदै महेन्द्रनगर मझगाउँबाट विमानस्थल जाने बाटोमा पर्ने पुलसम्म, त्यहाँबाट पूर्वतर्फ महेन्द्रनगर जाने बाटो हुँदै महाकाली सिंचाईको गोवरीया वागफाँटा जाने शाखा नहरमा पर्ने कल्भर्ट सम्म । त्यहाँबाट नहरै नहर हुँदै सिद्धनाथ विज्ञान क्याम्पसलाई वाहिर पारी नगर विकास समिति र आवादीको सिमाना हुँदै उत्तर–दक्षिण बग्ने खोलासम्म । त्यहाबाट खोलैखोला हुँदै बागफाँटा खयरभट्टीसंग जोडिएको पुल आउनु भन्दा १०० मिटर अगाडिबाट सोभै सरस्वती मा.वि.खोल्टी हुँदै वागफाँटा शाखा नहरको खयर भट्टी–वागफाँटा जाने वाटोमा पर्ने कलभर्ट सम्म ।

त्यहाँबाट वडा नं १९ र २ लाई जोडने ग्राभेल सडक हुँदै वडा नं १९ लाई भित्रपारी लालपुर–वागफाँटा खण्डको कृषि पाइलट फर्मको नहरसँग जोडिएको सुडा गा.वि.स.को सुन्दरपुरलाई जोड्ने पुलसम्म । त्यहाँबाट वडा नं ४ र ५ को सिमानाको खोला हुँदै उत्तरमा पूर्वी सिसैया शाखा नहर र हरपालबाट महेन्द्र राजमार्गको चोकनेरको पिपल चौतारा सम्म । त्यहाँबाट उत्तरतिर सिसैया शाखाको नहर हुँदै सो कुलैकुला पूर्वतर्फ महाकाली सिंचाईको वेलडाँडी जाने नहर सम्म । त्यहाँबाट सो नहरै नहर पूर्वतर्फ राना दैजीको नहर चौराहासम्म । सो चौराहाबाट कच्ची सडकै सडक उत्तरतर्फ पूर्व पश्चिम राजमार्ग जोड्ने चोक सम्म । त्यहाँबाट पूर्वतर्फ राजमार्गै राजमार्ग पथरिया खोलाको पुलसम्म । सो पुलवाट उत्तरतर्फ पथरिया खोलैखोला दैजी गा.वि.स.वडा नं ७ र ८ लाई भित्रपारी चुरे पहाडको दक्षिणी पानी ढलोसम्म ।

दक्षिण: नेपाल भारत अन्तरराष्ट्रिय सिमानाको पिलर नम्बर २८ देखि ३२ हुँदै महाकाली सिंचाई आयोजना नहरको पानी फेकुवा (Over Flow Door) सम्म, त्यहाँबाट सिमल डाँडाको ग्राभेल सडकसम्म जाने टर्सरी हुँदै भोग्ला नदीसम्मको ग्राभेल सडक भएर कल्भर्टसम्म । सो कल्भर्टबाट वेलडाँडी गा.वि.स.वडा नं ५ र ६ लाई भित्रपारी वेलडाँडी गा.वि.स.जोड्ने वाटोको खोलासम्म । त्यहाँबाट दक्षिणतर्फ रामपुर विलासपुर गा.वि.स.वडा नं ९ कुण्डाको खल्लादेखि माथिको क्षेत्रलाई भित्रपारी पथरिया नालासम्म । पथरिया नालावाट पूर्वतर्फ खल्ला देखि माथिल्लो भागबाट सोझै कुण्डा स्कुललाई भित्रपारी वृक्षारोपण क्षेत्रको तारवार हुँदै वेलौरी सडकको कलभर्टसम्म । त्यहाँबाट ५०० मिटर उत्तरतर्फ जंगलै जंगल हुँदै पथरिया खोलाबाट चानदेव निस्कने गोरेटो बाटोमा पुगी बाटै बाटो चानदेवसम्म । त्यहाँबाट ५०० मिटर दक्षिण तर्फ सोझै पूर्वी सिमाना शुरु भएको विन्दुसम्म ।

आज्ञाले,
मधु प्रसाद रेग्मी
उप-सचिव, (कानून)

## श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कोशी टप्पु वन्यजन्तु आरक्ष क्षेत्रको वरिपरी देहायको चार किल्ला भित्रको क्षेत्रलाई कोशी टप्पु वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र तोकेको छ।

पूर्व: प्रकाशपुर गा.वि.स. को पूर्वी सिमाना हुँदै ढोलबजिया बस्तीलाई भित्रपार्दै प्रकाशपुर जाने सहायक बाटो हुँदै हरिपुरतर्फ जाने हरिपुर नहरसम्म। त्यसपछि हरिपुर नहर हुँदै खुनियाधारसम्म र खुनिया-धार हुँदै महेन्द्र राजमार्गसम्म। त्यहाँबाट पुनः महेन्द्र राजमार्ग हुँदै पश्चिममा हरिपुर नहरसम्म। त्यसपछि हरिपुर नहरै नहर मरियाधार खोलासम्म र पुनः मरियाधार खोला हुँदै हरिपुर खैराटोललाई भित्र पार्दै सिताराम चोकसम्म। सिताराम चोकदेखि महेन्द्र राजमार्ग हुँदै कोशी ब्यारेजसम्म।

पश्चिम: कंकालिनी चोकदेखि उत्तर बाँध हुँदै माङ्ली नदीसम्म। माङ्ली नदी हुँदै बैरवा गा.वि.स. तथा वदगमा गा. वि. स. समेतको सिमाना हुँदै महेन्द्र राजमार्गसम्म। त्यसपछि महेन्द्र राजमार्ग हुँदै जगतपुर गा. वि. स. को सिमानै सिमाना र धरमपुर गा. वि. स. को सिमाना हुँदै चन्द्रनहरसम्म। चन्द्र नहरै नहर गंगाजली खोलासम्म र गंगाजली खोला हुँदै ओद्राहा गा. वि. स. को सम्पूर्ण भाग भित्र पार्दै त्रिजुगा नदीसम्म।

उत्तर: त्रिजुगा नदीबाट तपेश्वरी गा. वि. स. को त्रिजुगा जंगल सिमाना हुँदै वनटोल वलही वार्ड नं. ६ र जंगलटोल वार्ड नं. ४ र ५ लाई भित्र पार्दै गल्फरिया बस्तीलाई समेत समेटी धार खोलासम्म। धार खोलाबाट विसरियाघाटको मूलबाटोको दायाँ बायाँ रहेको बस्तीलाई भित्र पार्दै जमही टोललाई जोड्दै प्रकाशपुरको सिमानासम्म।

दक्षिण: कोशी ब्यारेज देखि महेन्द्र राजमार्ग हुँदै कंकालिनी चोकसम्म।

आज्ञाले,
डा. दामोदरप्रसाद पराजुली
श्री ५ को सरकारको निमित्त सचिव

(२)

## श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी पर्सा वन्यजन्तु आरक्ष क्षेत्रको वरिपरी पर्सा जिल्ला समेत तीन जिल्लाका देहायको चार किल्ला भित्रको क्षेत्रलाई पर्सा वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र तोकेकोले यो सूचना प्रकाशन गरेको छ।

(क) पर्सा जिल्ला अन्तर्गतः

पूर्वः गढुवालाईन जाने वनपथबाट शुरू भई वसन्तपुरतर्फ जाने वनपथ हुँदै सेढवा गा.वि.स. वडा नं. ९ को काठमाडौं टोलासम्म।

पश्चिमः शाही चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको पूर्वी सीमानामा पर्ने दोरम खोला।

उत्तरः पर्सा वन्यजन्तु आरक्षको दक्षिणी सीमाना।

दक्षिण: सेढवा गा वि.स को काठमाडौं टोल हुँदै महादेवपट्टि गा.वि.स. को वार्ड नं ७, ८ र ९ को आवादी क्षेत्र हुँदै सुवर्णपुर गा.वि.स. को दक्षिणी सीमाना भई नेपाल भारतको अन्तर्राष्ट्रिय सीमाना हुँदै निर्मल वस्ती गा.वि.स.को वोरम खोलासम्म ।

(ख) वारा जिल्ला अन्तर्गत:

पूर्व: चुरियामाई मन्दिरबाट शुरू हुने दुधौरा खोला हुँदै आधाभारबाट हलखोरिया दह जाने वनपथसम्म र आधाभारबाट वीरगञ्ज जाने राजमार्ग हुँदै जीतपुर गा.वि. स. वडा नं. ४ नगौल गाउँसम्म ।

पश्चिम: पर्सा वन्यजन्तु आरक्षको सीमाना भेराहा खोला (पर्सा र वारा जिल्लाको सीमाना) ।

उत्तर: चुरियाको उत्तरी रिज ।

दक्षिण: जीतपुर गा.वि.स.वडा नं.४ को नगौल गाउँको दक्षिणी सीमाना हुँदै भेराहा खोलासम्म ।

(ग) मकवानपुर जिल्ला अन्तर्गत:

पूर्व: चुरीयामाई गा.वि.स. वडा नं. १ स्थित कुखुराना खोलाको पहिलो पुलबाट (चुरिया वस्क कट) शुरू हुने कुखुराना खोलैखोला हुँदै राप्ती नदीको दोभानसम्म ।

पश्चिम: शाही चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको पूर्वी सीमानासम्म ।

उत्तर: कुखुराना खोला र राप्ती नदीको दोभानदेखि राप्ती नदीको उत्तरी किनारा हुँदै रजैयासम्म र त्यहाँबाट महेन्द्र राजमार्गको हेटौडा-नारायणगढ खण्ड हुँदै सुनाचुरी स्थित शाही चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको पूर्वी सीमानासम्म ।

दक्षिण: पर्सा वन्यजन्तु आरक्षको उत्तरी सीमाना ।

आज्ञाले,
फणीन्द्र गौतम
उपसचिव (कानून)

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, असोज ९ गते २०६३ साल (संख्या २२

## भाग ३

### नेपाल सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी रारा राष्ट्रिय निकुञ्ज क्षेत्रका देहायको चार किल्लाभित्रको क्षेत्रलाई रारा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकिएकोले यो सूचना प्रकाशन गरिएको छ: –

पूर्वः पूर्वमा श्रीनगर गा.वि.स. को वडा नं. ९ स्थित इमा बस्तीलाई भित्र पार्दै मुंगु कर्णालीमा मिसिएको साँया खोलालाई आधारमानी पश्चिमतर्फ साँया खोलै खोला साँया खोला घट्टसम्म, साँया खोला घट्टबाट दक्षिण नाउर खोला हुँदै खोलै खोला पूर्वतर्फ जिल्ला सदर मुकाम गमगढीलाई बाहिर पारेर चैन खोला र गमगाढको दोभान सम्म। क्रमशः पूर्वको गमगाढ खोला हुँदै दक्षिणतर्फ कार्कीबाढा गा.वि स.को वडा नं. २ को पूर्वी सीमानालाई कायम राख्दै पिना गा.वि.स. वडा नं. ५ र ९ को पूर्वी सीमाना मुन्दु खोला हुँदै बुम्रामारी चौर गा.वि.स. वडा नं. ७ को पूर्वी सीमाना काघ्रा खोला हुँदै तलीगाड खोलाको दोभानसम्म ।

पश्चिमः महेन्द्रमल्ली खोलालाई पश्चिमी सीमाना मान्दै उत्तरतर्फ कन्कासुन्दरी गा.वि.स. को पश्चिमी सीमाना हुँदै कालाकाँडा लेकको ३,४६४ मिटर उचाईको चुचुरालाई सीमाना कायम राखी खमाले गा.वि.स. को वडा नं: ९ को चाकपाडे गाउँलाई भित्र पारी उत्तरतर्फ बहने छोटे खोलालाई आधार मानी शेरी गा.वि.स. को वडा नं. २ को पश्चिमी सीमाना हुँदै बग्ने छोटे खोलादेखि खत्याड खोलाको दोभानसम्म र खत्याड खोलाको केही पश्चिमतर्फ हुँदै बग्ने पुत्ता खोलाको दोभानसम्म त्यसपछि सेरी गा. वि. स. को वडा नं. ३ र ५ को पश्चिमी सीमाना भएर पुत्ता खोलै खोला उत्तर पूर्व ३,६२२ मिटरको चुचुरा भएको काला पानी खाम्दुला डाँडो हुँदै उत्तरपूर्व बगेको खोल्सा भएर क्रमशः रारा गा.वि.स. को वडा नं. ३ र १ को पश्चिम सीमाना तथा कालैं गा. वि. स. को पूर्वी सीमानालाई कायम राख्दै मुगु कर्णाली नदीमा मिसिने खोल्साको दोभानसम्म।

उत्तरः पूर्वबाट पश्चिमतर्फ बगेको मुगु कर्णाली नदी हुँदै पूर्वतर्फ रारा र श्रीनगर गा वि.स हरूको उत्तरी सीमानालाई कायम राखेर पूर्वमा श्रीनगर गा. वि.स. वडा नं ९मा अवस्थित इमा बस्ती छेउ भएर बग्ने साँया खोला र मुगु कर्णालीको दोभानसम्म।

दक्षिणः दक्षितर्फ बगेको तलीगाड खोला हुँदै पश्चिमतर्फ बग्ने लाहागाड खोलै खोला बोतामालीका गा. वि.स. को वडा नं ९ को उत्तरी सीमानालाई कायम राखै गानो खोलाको दोभानसम्म र त्यहाँबाट कन्कासुन्दरी गा. वि.स को वडा नं. १,२,३ र ४ बस्ती क्षेत्रलाई भित्र पार्दै ३,२०२ मिटर उचाईको चुचुरोलाई आधार मानेर पश्चिमतर्फ महेन्द्रमल्वी खोलामा मिसिने खोल्सा हुँदै दोभानसम्म।

आज्ञाले,
फणिन्द्र गौतम
उपसचिव कानून

नेपाल सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी खप्तड राष्ट्रिय निकुञ्ज क्षेत्रका देहायको चार किल्ला भित्रको क्षेत्रलाई खप्तड राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेकोले यो सूचना प्रकाशन गरेको छ :-

**पूर्व:** बाजुरा जिल्लाको सीमानामा डोगडी हुँदै मार्तडी जाने बाटोमा पर्ने थामको चौताराबाट दक्षिणतर्फ थामको लेकदेखि रिठेको डाँडालाई मुख्य सीमाना मानी पूर्वतर्फ विर्जयामाण्डौ हुँदै ठूलो राललाईभित्र पार्ने गरी विदकालीको बस्तीलाई पनि भित्र पारी नानीगाड (खोला) लाई सीमाना मानी लुग्याना हुँदै काँडाबाट जयबागेश्वरी जाने बाटोलाई सीमाना मानी कंचालीखोलाको झोलुंगे पुल हुँदै दक्षिणतर्फ सैनेडी हुँदै काँडा गा.वि.स. वडा नं. ९ को पैंयापाटा बस्तीलाई भित्र पार्ने गरी कचाली खोलालाई मुख्य सीमाना मानी सिधै बाँसपाटा हुँदै पश्चिमतर्फ सोही गा.वि.स. वडा नं. ५ को कपचुच्चे खेतको जनातोला बस्तीलाई भित्र पारी सिधै दक्षिणतर्फ अएरपानी खोलालाई सीमाना मानी बिचकोट खोला हुँदै सिधै खप्तड गा.वि.स. वडा नं. ३ को बस्तीलाई भित्र पार्ने गरी खाडीगाउँ/सानोखोला हुँदै सोही गा.वि.स. वडा नं. ३ को टम्टागाउँको बस्तीलाई भित्र पारी किमिणे खोला हुँदै खप्तड गा.वि.स.को तोरे छहरादेखि दक्षिणतर्फ देवीस्थान गा.वि.स.को वडा नं. ९ को पातलकोट र गुताटोल भित्र पर्ने गरी साँफे जाने बाटोलाई सीमाना मानी बगासैन हुँदै महाकाली प्रा.वि.सम्म ।

**पश्चिम:** कोइरालाकोट र कौटभैरव गा.वि.स.को सीमाना सेतीधारबाट सिधै पश्चिमतर्फ गुयागाड हुँदै कोटभैरव गा.वि.स.को वडा नं. ८ को सम्पूर्ण बस्तीलाई भित्र पारी दुवालीबाट पारा काट्ने जाम्बांज जाने बाटोलाई सीमाना मानी खुईधार हुँदै पारा काट्ने गा.वि.स.को वडा नं. ८ जाम्बांजको बस्तीलाई भित्र पारी सिधै सोही गा.वि.स. वडा नं. ९ गुरेना बस्तीलाई भित्र पारी सिधै गुरेनाबाट झल्मा जाने बाटोलाई सीमाना मानी सिधै दक्षिणतर्फ दोगडयाको खोला पारी गोत्रडी बस्तीलाई भित्र पार्ने गरी राहदेउ सामुदायिक वन र रातोमाटी हुँदै बुंगो आवादीलाई भित्र पारी नागैराको जंगल हुँदै मल्लो बिसौनाबाट तोलेनी गा.वि.स.को वडा नं. ७ पानीखाल जाने बाटोलाई सीमाना मानी सिधै पश्चिमतर्फ पानीखालको बस्ती सहितलाई भित्र पारी सिलगडी आउने काटे बाटोलाई सीमाना मानी बाटोमै पर्ने हेल्थपोष्ट र गा.वि.स. भवनलाई भित्र पार्ने गरी त्यहाँबाट सिधै सोही गा.वि.स. वडा नं. ५ कमछाडाको गाउँ हुँदै सैलीगाडसम्म त्यहाँबाट काँचली गाउँको बस्तीलाई भित्र पारी सिलगडी आउने बाटो हुँदै रातोमाटी वनलाई भित्र पारी डौड ३ को गडेली वडा नं ३ कुनाकारियाबाट सदरमुकाम जाने बाटो हुँदै घड्गारे गाउँलाई भित्र पारी चर्के लेकसम्म ।

**उत्तर:** बझाङ र बाजुराको पूर्वी सीमाना थामको चौताराबाट पश्चिम जाने मुलबाटो हुँदै सिधै गडराय गा.वि.स.को महेश्वरी मा.वि.लाई भित्र पार्ने गरी त्यहाँबाट पाटादेवल आउने मुलबाटो हुँदै माडीचौरसम्म, त्यहाँबाट पश्चिम तल्लो पुजारी गाउँ जाने मुलबाटो हुँदै सिधै दुदिमाणु गाड (खोला) सम्म, त्यहाँबाट तल्लो पुजारीगाउँलाई भित्र पार्ने गरी अगास्या खेत हुँदै पाटादेवल गा.वि.स.को वडा नं. १ को तिउँदेगाउँसम्म त्यहाँबाट राजकोट जाने मुलबाटो हुँदै सोही गा.वि.स. वडा नं. २ राजकोट गाउँलाई भित्र पार्ने गरी सिधै पश्चिमतर्फ पाडागाउँसम्म, त्यहाँबाट सुतारीगाउँको सार्वजनिक चौर हुँदै कालुखेती गा.वि.स.को वडा नं. ५ र भाटगाउँको बस्तीलाई भित्र पार्ने गरी वालुगाडबाट आउने नहर र त्यसको सिधा पश्चिम जाने बडिकुलोको नहरलाई सीमाना मानी सुनारगाउँलाई भित्र पार्ने गरी सिधै नहरलाई सीमाना मानी खत्रीवाडालाई भित्र पारी पुरानी गाउँका घरहरु भित्र पार्ने गरी सिधै सल्लेरीको मन्दिरलाई

## सूचना २

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बाँके राष्ट्रिय निकुञ्जको वरिपरिको बाँके, दाङ्ग र सल्यान जिल्लाको देहायको चार किल्लाभित्रको ३४३ वर्ग किलोमिटर क्षेत्रलाई बाँके राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेकोले यो सूचना प्रकाशन गरिएको छः-

### चारकिल्ला

**बाँके जिल्ला अन्तर्गतको पूर्वी क्षेत्र**

पूर्व : शिव खोला ।

पश्चिम : खैरी खोला ।

उत्तर : बाँके राष्ट्रिय निकुञ्जको दक्षिणी सिमाना वनपथ ।

दक्षिण : राप्ती नदी र शिव खोला दोभानबाट राप्ती नदीलाई भित्र पारी खैरी खोला र राप्ती खोलाको दोभानसंग ।

**बाँके जिल्ला अन्तर्गतको पश्चिमी क्षेत्र**

पूर्व : ओभरी गाउँनेर बाँके राष्ट्रिय निकुञ्जको वनपथ र पूर्व-पश्चिम राजमार्ग जोडिने बिन्दुबाट दक्षिणतर्फको राजमार्ग ।

पश्चिम : बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको पूर्वी सिमाना ।

उत्तर : बाँके राष्ट्रिय निकुञ्जको दक्षिणी सिमाना वनपथ ।

दक्षिण : ओभरीदेखि कोहलपुरसम्म पूर्व-पश्चिम राजमार्ग, कोहलपुरबाट रत्न राजमार्ग हुँदै बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको पूर्वी सिमानासम्म ।

**दाङ्ग र सल्यान जिल्ला अन्तगतको उत्तरी क्षेत्र**

पूर्व : चुरे पहाडको मुख्य धुरीबाट मलाइ खोलाको पानी ढलोको धार हुँदै मलाइ खोला र बबई नदीको दोभानसम्म ।

पश्चिम : बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको पूर्वी सिमाना ।

उत्तर : बबई नदी ।

दक्षिण : बाँके राष्ट्रिय निकुञ्जको उत्तरी सिमाना ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं चैत १५ गते, २०७२ साल (संख्या ५०


## भाग ५

### नेपाल सरकार
### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क. ले दिएको अधिकार प्रयोग गरी देहाय वमोजिमको चारकि ना भएको ११८ वर्ग किलोमिटर ६१.क्षेत्रलाई शिवपुरीनागार्जुन- राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र घोषणा गरेको छ ।

चार किल्ला

पूर्व: नुवाकोट जिल्ला, तलाखु गाउँ विकास समितिको पाटी भन्ज्याङ्गबाट बाटैबाटो सान्दन टोल, हैबुङ्ग महादेबस्थान माध्यामिक विद्यालय, गुरुङ्ग गाउँ र सोती खोलाको दोभान हुँदै भोटेचौर गाउँ विकास समितिको मुल कुलो र मेलम्ची मार्ग जोडिने स्थानसम्म। त्यहाँबाट खवासे टोललाई भित्र पारी भुमेथान डाँडा र मेलम्ची जाने मोटर बाटैबाटो काठमाडौं जिल्ला चौकि भन्ज्याङ्ग, छिरिङ्ग खोला हुँदै घट्टेखोला दोभानसम्म। त्यहाँबाट झुलेखोला हुँदै चौकी भन्ज्याङ्गबाट धारा

भन्ज्याङ्ग जाने बाटैबाटो धारा भन्ज्याङ्ग, लामा नाच्ने डाँडा, शैले खोला हुँदै शंखरापुर र कागेश्वरी मनहरा नगरपालिकाको सिमानामा पर्ने मणिलिङ्गेश्वर महादेव खोला दोभानसम्म।

पश्चिम: काठमाडौं र धादिङ्ग जिल्लाको सिमानामा पर्ने महेशनारायण खोलाबाट भीमढुङ्गा लामिडाँडा सडक हुँदै भन्ज्याङ्ग पोखरीसम्म । त्यहाँबाट सिरानचौर खोला, घट्टे खोला, ढाँडेबेसि हुँदै कोल्पु र नागडोल खोला दोभानसम्म ।त्यहाँबाट पुरानो गोरेटो बाटो हुँदै डाँडागाउँलाई भित्र पारी महालक्ष्मी मन्दिर हुँदै कोल्पु खोलाको पुलसम्म।त्यहाँबाट सिधै खोलैखोला काउले भन्ज्याङ्ग, स्वाँरा खोलो, थानसिङ्ग गाउँको सिरान हुँदै ठुलो छहरे खोलामा थानपति जाने पुरानो बाटो जोडिएको स्थानसम्म।

उत्तर: नुवाकोट जिल्ला, थानपति गाउँ विकास समितिको ठुलो छहरे खोलाबाट थानपति जाने गोरेटो बाटैबाटो थानापति मन्दिर र मोक्तान गाउँ, कोटथोक गाउँलाई भित्र पारेर पाण्डे टोल जाने मोटर बाटैबाटो पाण्डे टोल, गुर्जे खोला दोभान र समुन्द्रादेवी मन्दिरसम्म।त्यसपछि लप्से खोला, मोहोरथोक घट्ट, देउराली चियानडाँडाको टुप्पोबाट सिक्रे खोला र लिखु खोलाको नरसिंहघाट हुँदै तलाखु गाउँ विकास समिति को पाटी भन्ज्याङ्गसम्म।

दक्षिण: काठमाडौं जिल्ला, शंखरापुर र कागेश्वरी मनहरा नगरपालिकाको सिमानामा पर्ने मणिलिङ्गेश्वर महादेव खोला दोभानबाट भोर्लेटार गाउँ जाने मोटर बाटैबाटो धुले पुल, गागलफेदीबाट नयाँपाटी जाने बागमती नदी पुल, नयाँपाटीको चण्डिकाश्वरी माध्यामिक विद्यालय हुँदै ढोका भन्ज्याङ्ग र सुर्यमति खोला दोभानसम्म।त्यहाँबाट सिधै कौडेलको डाँडाको सिरान हुँदै माईलो भोटेको ढुङ्गो, निलकण्ठ रुद्रेश्वर महादेव मन्दिर र खोल्सो हुँदै रुद्रेश्वर महादेव मन्दिरसम्म।त्यहाँबाट खोलैखोला माहादेवखोला पुल र जय भद्रकाली निम्न माध्यामिक विद्यालय ,ज्याम्ले खोला हुँदै मुहानपोखरी र तौलुङ्ग जाने बाटो छुट्टिने दोसाँधसम्म।त्यहाँबाट

पन्चेश्वर महादेव मन्दिर, छोलिङ्ग गुम्वा, बिष्णुमती नदी हुँदै लुडे खोला दोभानसम्म। त्यहाँबाट सिधै टोखा गणेश मन्दिर र सपनातिर्थ खोला भएर टोखा छहरे मार्ग हुँदै साङ्ला जाने मोटर बाटोको दोसाँधसम्म। त्यहाँबाट जीतपुरफेदी जोड्ने मोटर बाटो हुँदै तीनपिप्ले बजार र थानागढी हुँदै कृष्ण प्रणामी मन्दिरसम्म। त्यहाँबाट घ्याम्पेखोलाको पुछार हुँदै फुँयालथोक गाउँलाई भित्र पारेर घारी खोल्सो हुँदै गोलढुङ्गाको नागार्जुन माध्यामिक विद्यालय र नागिन खोल्सी हुँदै लोलाङ्ग पुल तरेर बाटैबाटो पुरानो गुहेश्वरी मन्दिर हुँदै लखः पातः निकुन्ज सिमानासम्म। त्यसपछि नागार्जुन नगरपालिकाको निकुन्ज सिमानामा रहेको टौडल सिद्धी गणेश मन्दिरबाट मोटर बाटो हुँदै डल्लेको चोक, नसिढोकाको दोबाटो, तीनघरे तल्लो चोक, गैरीगाउँ, हलचोक हुँदै सिधै भद्रमती खोलाको कल्भर्ट र त्यस खोलैखोला माथितर्फ डाँडागाउँबाट जोडिने खोल्सोसम्म। त्यहाँबाट सिधै माथि खोल्सो हुँदै सेतो गुम्वा जाने मोटर बाटोसम्म। त्यहाँबाट वन क्षेत्र र आवादी जमिनको सिमाना हुँदै साखाहिटी खोल्सोसम्म। त्यहाँबाट मोटर बाटैबाटो सिद्धेश्वर महादेव मन्दिर हुँदै भीमढुङ्गा भीमसेनस्थान मन्दिर र भीमढुङ्गा लामिडाँडा सडक महेश नारायण खोलामा जोडिएको स्थानसम्म ।

आज्ञाले,
**उदय चन्द्र ठाकुर**
**नेपाल सरकारको सचिव**

# 'ग'

## ऐन, नियम, नियमावली, निर्देशिका तथा अनुसूचीसम्बन्धी राजपत्र

# नेपाल गजट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड८]काठमाडौं मार्ग १८गते २०१५ साल[अतिरिक्ताङ्क १६ [क]


## कानून तथा संसदीय प्रवन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाई बक्सेको तल लेखिए बमोजिमको ऐन सर्ब साधारण जनताको जानकारीका लागी प्रकाशित गरिएको छ ।

स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा अति-ओजस्वि त्रिभुवन-प्रजातन्त्र-श्रीपद ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखा दक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाह-बहादुर शमशेर जङ्गदेवानाम् सदा समर विजयिनाम् ।

### २०१५ सालको ऐन नं. १५

जंगली जीव जन्तुको संरक्षण गर्ने व्यवस्थाको निमित्त बनेको ऐन

जंगली जीव जन्तुको संरक्षण गर्ने र शिकारमा नियन्त्रण लगाउन समयो-

(१)

चित व्यवस्था गर्नु आवस्यक परेकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषद्का सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ।

१ **१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भः**- [१] यस ऐनको नाम जंगली जीव जन्तु [संरक्षण] ऐन, २०१५ रहेकोछ।

१ [२] यो ऐन नेपाल भरमुलुकमा लागू हुनेछ।

१ [३] यो ऐन श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकि दिएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः**– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) "जङ्गल" भन्नाले स्वभावत जंगली जीव जन्तु रहने बुट्यान, झाडी, हिउँ तथा बर्फिले जमीनलाई समेत जनाउँछ।

(ख) "जंगली जीव जन्तु" भन्नाले स्वभावतः जंगलमैं रहने सबै जातका पशु पंक्षी र पस्रने हिंडने जन्तु सम्झनु पर्छ।

(ग) "संरक्षित जंगली जीव जन्तु" भन्नाले अनुसूचि १ मा लेखिएका जीव जन्तु सम्झनु पर्छ।

(घ) "शिकार" भन्नाले कुनै जंगली जीव जन्तुलाई कुनै साधनले मार्ने, पक्रने, जोखिम पार्ने, त्यसको कुनै अङ्गलाई झिकी लिने, नाश गर्न र सो गर्न प्रयत्न गर्न कामलाई समेत जनाउँछ।

(ङ) "लाइसेन्स" भन्नाले यस ऐन अन्तर्गत दिइएको लाइसेन्स सम्झनु पर्छ,

(च) "तोकिएको" वा "तोकिएबमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ।

**३. जंगली जीव जन्तुको शिकार गर्न मनाहीः**- कुनै व्यक्तिले लाइसेन्स विना वा लाइसेन्स प्राप्त गरेकोलेपनि सो लाइसेन्समा लेखिएको शर्त बमोजिम बाहेक कुनै जङ्गली जीवजन्तुको शिकार गर्न हुदैन।

तर–

(१) यस ऐनको दफा १२ को उपदफा (१) बमोजिम हुनेमा यस दफाले बाधा पुर्याएको मानिने छैन।

(२ कुनै व्यक्तिले यस ऐनको दफा १२ को उपदफा (१) मा लेखिए देखि बाहेक अन्य कुनै हिंसक जङ्गली जीव जन्तुबाट आफ्नो वा अरू कसैको ज्यू ज्यानको रक्षाको लागी हातहतियार चलाउन परी हातहतियार चलाउँदा सो जङ्गली जीव जन्तुलाई केही हुन गएमा निजले यस दफाको उल्लंघन गरेको मानिने छैन।

४. लाइसेन्स प्राप्त गर्ने तरीका:- (१) कुनै पनि व्यक्तिले कुनै एक वा एक भन्दा बढी जातका जङ्गली जीव जन्तुको शिकार गर्न पाउने लाइसेन्सको निमित्त तोकिएको अफिसर छेउ तोकिएको दस्तुर सहित तोकिएको ढाँचाको दर्खास्त दिन सक्छ ।

(२) उपदफा (१) अन्तर्गत कसै को दर्खास्त परेपछि तोकिएको अफिसरले तोकिएको शर्तमा कुनै एक क्षेत्रभित्र कुनै एक वा एक भन्दा बढीजातका जङ्गली जीव जन्तुको शिकार गर्न पाउने गरी दरखास्तवालालाई तोकिएको ढाँचाको लाइसेन्स दिन सक्छ । त्यस्ता प्रत्येक लाइसेन्सको दस्तुर [फी] तथा अवधि र त्यसलाई रिन्यू गर्ने तरिका तोकिएबमोजिम हुनेछ । तर कुनै संरक्षित जङ्गली जीव जन्तुको शिकार गर्न पाउने गरी तोकिएको शर्तमा श्री ५ को सरकारले मात्र लाइसेन्स दिन सक्नेछ ।

(३) श्री ५ को सरकारले वा तोकिएको अफिसरले कुनै कारण न देखाइ कुनै दर्खास्तवालालाई लाइसेन्स दिन इन्कार गर्न सक्नेछ । श्री ५ को सरकारले बाहेक तोकिएको अफिसरले गरेको इन्कारी उपर श्री ५ को सरकारमा उजुर लाग्न सक्नेछ ।

५. श्री ५ को सरकारको लाइसेन्स रद्दी गर्न सक्ने अधिकार:- दफा ४ बमोजिम प्राप्त लाइसेन्सलाई आवश्यक देखेमा श्री ५ को सरकारले कारण देखाइ वा न देखाइ जुन सुकै वखत रद्दी गर्नसक्नेछ ।

६. जंगली जीव जन्तु विदेशमा पैठारी गर्न र एक जिल्लाबाट अर्को जिल्लामा ल्याउन लैजानमा प्रतिबन्ध:- तोकिएका जंगली जीव जन्तु र त्यसको तोकिए बमोजिमका अगहरू नेपाल राज्यबाट विदेशमा पैठारी गर्न र नेपाल राज्य भित्र एक जिल्लाबाट अर्को जिल्लामा ल्याउन लैजानमा श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित आदेशद्वारा आफूले आवश्यक ठाने बमोजिमका प्रतिबन्धहरू लगाउन सक्नेछ ।

७. पक्रिएका तथा मारिएका जंगली जीव जन्तुका शरीर तथा तिनका अंगहरू लाइसेन्स दिने अफिसर छेउ पेश गर्ने:- [१] तोकिए बमोजिमको जंगली जीव जन्तु मध्ये जुनसुकै जीब जन्तु पक्रने तथा मार्ने व्यक्तिले त्यसतो जीव जन्तुको लाइसेन्समा लेखिए बमोजिमको अंग तथा त्यस्को सम्पूर्ण शरीर सोही लाइसेन्समा लेखिएको अबधिभित्र लाइसेन्स दिने अफिसर छेउ पेश गर्नु पर्छ ।

(२) पक्रिएका वा मारिएका जंगली जीव जन्तुका सम्पूर्ण शरीर वा त्यसको लाइसेन्समा लेखिए बमोजिमका अंगहरू पेश भएपछि लाइसेन्स दिने अफिसरले तोकिए बमोजिम आवश्यक जांच बूझ गरी हेर्दा त्यस्तो शरीर

वा अंग लाइसेन्स अनुसार नै प्राप्त गरिएको हो भन्ने आफुलाई विश्वास भएमा त्यस्को तोकिए बमोजिमको लगत राखी तोकिए बमोजिमको निस्सा सहित त्यस्ता जंगली जीव जन्तुका सम्पूर्ण शरीर वा अंग पेश गर्ने व्यक्तिलाई नै फिर्ता बुझाइ दिनेछ ।

तर पाकिएका वा मारिएका जंगली जीव जन्तुको सम्पूर्ण शरीर वा त्यसको कुनै अंग श्री ५ को सरकार लाग्ने शर्तमा लाइसेन्स दिएइकोमा भने सोही शर्त बमोजिम हुनेछ ।

८. लिखत नगरी लिन दिन न हुने:- कुनै जंगली जीव जन्तुको शरीर वा त्यसको कुनै अंग लिखत नगरी कसैबाट कसैले लिनवा दिन हुँदैन ।

९. दण्ड सजाय:- (१) दफा ४ उल्लंघन गरी कुनै व्यक्तिले जंगली जीव जन्तुको शिकार गरेमा निजलाई रू. ५०। पचास देखि रू. १०००। एक हजारसम्म जरिबानावा १ एक महीना देखि १ एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

तर त्यसरो संरक्षित जंगली जीव जन्तुको शिकार गर्ने व्यक्तिलाई माथि लेखिएको सजायमा थप रू. ५००। पांचसय देखि रू. ३०००। तिन हजार सम्म जरिवाना वा ६ महीना देखि ५ पाँच वर्ष सम्मकैद वा दुवै सजाय हुनेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक यो ऐनका अरू कुनै कुरा उल्लंघन गर्ने व्यक्तिलाई रू. ५००। पांचसय सम्म जरिवाना हुनेछ ।

(३) उपदफा (१) वा (२) अन्तर्गत सजाय हुने कसूर साबित भएका व्यक्तिसंग रहेका निजको सो कसूरसंग सम्बन्धित सबै जंगली जीव जन्तु, त्यस्तो जीव जन्तुको अंग र हतियार सामान जफत गरी निजसंग शिकार सम्बन्धी कुनै लाइसेन्स रहेको भए सो समेत खिची रद्दी गर्न सकिनेछ ।

१०. विना वारेन्ट गिरफतार गर्ने र हिरासतमा राख्ने अधिकार:— (१) यो ऐन विरुद्ध कुनै व्यक्तिले शिकार गरेको थाहा हुन आएमा वा शका हुने मनासीब कारण भएमा असिस्टेन्ट सब इन्स्पेक्टर सम्म दर्जाका पुलीस अफिसर वा रेन्जरसम्मका दर्जाका अफिसरले देहाय बमोजिम गर्न सक्छ:-

(क) सो व्यक्तिसंग रहेको जंगली जीव जन्तु वा त्यसको कुनै अंग वा यो ऐन अन्तर्गत निजले राख्नु पर्ने वा पाएको लाइसेन्स वा अरू लिखत निरीक्षणको लागी आफु छेउ पेश गर्न लगाउने, र

(ख) सो व्यक्तिसंग रहेको जंगली जीव जन्तु वा त्यसको कुनै अंग अरू कसैको अधिकारको वा सरकारी सम्पत्ति भन्न लागेमा कब्जामा लिने र मनासीब कारण भएमा बिना बारेन्ट गिरफतार गरी हिरासतमा राख्ने ।

(२) उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कुनै खास मालसामानलाई कब्जामा लिने वा कुनै व्यक्तिलाई गिरफतार गर्ने अफिसरले त्यस्तो मालसामान र व्यक्तिलाई बाटोको म्याद बाहेक २४ घंटाभित्र कानूनी कारवाइको निमित्त अदालतमा बुझाई दिनु पर्छ। सो ऐन अन्तर्गतको कसूरको तहकिकातको सम्बन्धमा पुलीस ठानाको अफिसर इन्चार्ज सरहको अधिकार रेन्जर वा सो भन्दा माथिका फरेष्ट अफिसरहरूलाई हुनेछ।

११. घर जग्गाभित्र प्रवेश गर्ने, खान तलासी गर्ने अधिकारः— यो ऐन बिरुद्ध कसैले कुनै काम गरेको भन्ने बिश्वास हुने मनासीब कारण भएमा, र निजले गरेको त्यस्तो कामको सबूद बुझनको निमित्त वा निजको गिरफतारीको निमित्त आवश्यक भएमा रेन्जर सम्मका दर्जाका कुनै अफिसरले वा सब इन्स्पेक्टर सम्मका दर्जाका कुनै पुलीस अफिसरले तोकिएको अफिसरबाट वारेन्ट प्राप्त गरी जुनसुकै समय त्यस्ता व्यक्तिको घर, जग्गा, जमीन, सबै प्रकारको सवारीमा प्रवेश गर्न र खान तलासी गर्न सक्छ।

तर कुनै घर, जग्गा, जमीन, सवारीमा प्रवेश गरी खान तलासी गर्न पाउने वा कुनै कसूरदारलाई गिरफतार गर्न पाउने वारेन्ट प्राप्त गर्न केही समय लाग्ने भइ सो समयभित्र कसूरदार भागी जाने वा कसूरको सबूद गायब गरिने सम्भावनामा देखिए मा त्यस कुराको लिखित रेकर्ड खडा गरी त्यस्तो रेञ्जर वा पुलीस अफिसरले बिना वारेन्ट जुनसुकै समयमा पनि त्यस्तो घर, जग्गा जमीन वा सवारीमा प्रवेश गर्न र खान तलासी गर्न सक्छ।

१२. पुरस्कारः—(१) तोकिएको अफिसरले तोकी दिएको क्षेत्रमा अनुसूचि २ मा लेखिएका अनुपयोगी जंगली जीव जन्तु मार्ने प्रत्येक व्यक्तिले आफुले त्यस्ता जंगली जीब जन्तु मारेको पक्का प्रमाण तोकिएको अफिसर छेउ दाखिल गर्न सकेमा निजलाई त्यस्तो जीव जन्तुको निमित्त सोही अनुसूचिमा लेखिए बमोजिमको पुरस्कार दिनेछ।

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम उल्लंघन गरेको सूचना दिने व्यक्तिलाई कसूर साबित भएमा कसूरदारबाट असूल भएका दण्ड जरिवानाको सैकडा २५ पुरस्कार दिइनेछ।

१३. अनुसूचिमा संशोधन गर्ने श्री ५ को सरकारको अधिकारः— श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित आदेशद्वारा यो ऐनको अनुसूचिमा आफुलाई आवश्यक लागे बमोजिम थपघट गर्न सक्छ।

१४. यो ऐन लागू नहुने:— कुनै व्यक्तिले घर पालुवा गरी वा बिदेशबाट झिकाई वा कानून बमोजिम पक्री थुनी राखेको जंगली जीव जन्तुको सम्बन्धमा यो ऐन लागू हुनेछन।

१५. सूचना दिने:— यो ऐन प्रारम्भ नहुँदै देखि तोकिएको जंगली जीव जन्तु वा त्यसको तोकिए बमोजिमको अंग राख्ने प्रत्येक व्यक्तिले त्यसको सूचना तोकिएको अबधिभित्र तोकिएको अफिसर छेउ दिनु पर्छ।

१६. नियम बनाउने अधिकार:—(१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्छ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती नियममा बिशेष गरेर देहायका सबै वा केही कुराहरूको व्यवस्था गर्न सकिनेछ।

(क) यो ऐन बमोजिम तोक्नु पर्ने कुराहरू,

(ख) जंगल भित्रको बाटोघाटो बन्द गर्ने,

(ग] कुनै क्षेत्रलाई बन प्रदेश शराय शिकार कुन्ज राष्ट्रीय पार्क रिजर्भ ग्राउण्ड वा अरू कुनै नामले घोषित गर्ने र त्यस्तो क्षेत्रमा प्रवेश उपस्थिति इत्यादि सम्बन्धमा आवश्यक नियन्त्रण लगाउने, र

(घ) नियमका कुराहरू उल्लंघन गर्ने व्यक्तिलाई त्यस्तो प्रत्येक उल्लंघन बापत रू. २००। दुइ सयसम्मको जरिवाना हुने व्यवस्था।

१७. संशोधन र खारेजी:—(१) जंगली जीव जन्तु र शिकार सम्बन्धी अनुसचि ३ मा लेखिएका सवाल, सनद, तोक सदर र रिपोर्ट सदरहरू खारेज गरिएका छन्।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमसंग बाझिने जति प्रचलित नेपाल कानून खारेज भएको वा अवस्थानुसार या ऐन वा नियमसँग मिल्ने गरी संशोधित भएको मानिनेछ।

# अनुसूचि १

दफा २ को खण्ड [ग] सम्बन्धित।

[१] गैंडा,

[२] हात्ति,

[३] अर्ना,

[४] नील गाई,

[५] गौरी गाई,
[६] कृष्ण सार,
[७] कस्तुरी मृग,
[८] बाघ,
[९] यति ( हिम मानव )
[१०] सिंह,

## अनुसूचि २

दफा १२ को उपदफा [१] सम्बन्धित

| | | | |
|---|---|---|---|
| [१] जंगली कुकुर | मारेमा | प्रत्येकको रू. | १५। |
| [२] हुँदार | ऐ | ऐ | ३। |
| [३] फ्याउरो | ऐ | ऐ | ३। |
| [४] स्याल | ऐ | ऐ | २। |
| [५] ठुलो बाज | ऐ | ऐ | ३। |
| [६] मलसाप्रो | ऐ | ऐ | ४। |

## अनुसूचि ३

दफा १७ को [१] सम्बन्धित

[१] पाल्पा गौंडा सवालको ९० नम्बर र यस सरहको चराहरू मारी छाला सुकुटी मोगलान निकासी गरेमा गर्ने बिषयको अरू गौंडाहरूका नाउँ-मा भएका सवालहरू।

[२] पाल्पा गौंडाको सवालको १०१ नम्बर र यही सरहका चितुवा, भालु मारेमा बक्स बिषयको अरू गौंडा, गोस्वारा, गडीका नाउँमा भएका सवाल।

[३] पाल्पा गौंडाका नाउँको ९९।६।२१ को सनद।

[४] धनकुटा गौंडाको सवालको १०५ नम्बर, इलाम गौंडाको ९७ नम्बर।

[५] पाल्पा गौंढाका नाउँको २००१।९।२७ को सनद।

[६] पहाड गौंडा गोस्वारा, गडीका नाउँको ५८।१० र ३ को सनद।

[७] पहाड गडी, गोस्वाराका नाउको ५७।७।६।१ को सनद।

[८] ९३।७।२५ का तोक्सदर बमोजिम पहाड गोस्वाराका नाउँका सवालको १ नम्बर।

[९] पहाड गौंडा, गढी गोस्वाराका नाउँको ९१।५।७ को तोकसदर।

[१०] मधेश अमिनिको सवालको ७३ र ७४ नम्बर।

[११[ पहाड गौंडा, गढी गोस्वाराका नाउँको २००१।२।२३ को तोक सदर।

[१२] बन जाँचको सवालको ५ नम्बर।

[१३] रौटहट सर्लाही बन जाँचको सवालको ६ नम्बर।

[१४] कैलाली कन्चनपूर बन जांचका नाउँका ९५।७।१४ को तोक सदरको ३ र ४ नम्बर।

[१५] बाँके बर्दिया बन जांचका नाउँका ९५।७।१४ का तोकसदरको २२३नम्बर।

[१६] ९०।६।२८।६ को रिपोर्ट सदर।

[१७] २०००।८।२७।१ को तोक सदर।

[१८] महोत्तरी सर्लाही गोस्वारा सवालको १३१ नम्बर र यही सरहको गैंडा मार्ने बिषयको, अरू गोस्वाराहरूको माउँमा भइ गएका सवालका दफाहरू।

[१९] ०६।९।९ को तोक सदर।

[२०] ०७।४।२५ को तोक सदर।

[२१] बन गोस्वाराका नाउँको सवालको ३४ नम्बर।

[२२] ९९।९।६।६ को रिपोर्ट सदर।

[२३] मुलुकी ऐन, चौपाया महलको २३।२४।२४ (क) र २५ नम्बर।

[२४] सदर जंगी कोतवालीको सवालको ९५ नम्बर।

लालमोहर सदर मिति ०१५।८।११।४

आज्ञाले—
नयन बहादुर खत्री,
श्री ५ को सरकारका सचिव.
कानून तथा संसदीय प्रवन्ध मन्त्रालय,

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको शासन कालको छैठौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन, सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

## २०१७ सालको ऐन नं. १८

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वलनेपाल तारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

## जलचरहरूको संरक्षण र तत्सम्बन्धी अरू कुराहरूको व्यवस्था गर्न बनेको ऐन

जलचरहरूको संरक्षण र तत्सम्बन्धी अरू कुराहरूको व्यवस्था गर्नु वान्छनीय भएकोले, श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवका शासन कालको छैठौं वर्षमा संसदले यो ऐन बनाएको छः——

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः–

(१) यस ऐनको नाम जलचर संरक्षण ऐन, २०१७ रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "जल" भन्नाले ताल, दह, खहरे खोला, नदी, नाला, पोखरी, नहर, कुलो, तलाउ, जलाशय र तिनीहरूको श्रोतलाईसमेत जनाउँछ ।

(ख) "जलचर" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव संझनु पर्छ ।

(ग) "स्थानीय अधिकारी" भन्नाले यो ऐन अन्तर्गत स्थानीय अधिकारीको काम गर्न श्री ५ को सरकारबाट नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(घ) "निजी जल" भन्नाले व्यक्ति विशेषले श्री ५ को सरकारलाई मालपोत वा भूमिकर तिरिराखेको जमीनमा भएको निजको हक र उपभोगको ताल, दह, पोखरी, तलाउ वा जलाशय सम्झनु पर्छ ।

(ङ) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. जलचर समात्ने तथा मार्ने तरीकाहरूमा प्रतिवन्धः

कुनै व्यक्तिले पनि कुनै जलमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले जानी जानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विष्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न वा कुनै बाँध, पुल, जलमार्ग इत्यादि बिगार्न भत्काउन हुँदैन ।

तर कुनै निजी जलका धनीले अरू कुनै जलका जलचरहरूलाई क्षति नहुने गरी आफ्नो निजी जलमा जलचर समात्न तथा मार्नको निमित्त विषालु पदार्थ छाड्न बाहेक जुनसुकै तरीकाको प्रयोग गर्नमा यो दफा र यस दफा अन्तर्गतका कुनै कुराले वाधा पुऱ्याउने छैन ।

४. केही खास प्रकारका जलचरहरूलाई समात्न, मार्न तथा चोट पुऱ्याउन मनाही गर्ने श्री ५ को सरकारको अधिकारः

श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित आदेशद्वारा सोही आदेशमा–

(क) तोकिएका जतिका जलचरहरूलाई श्री ५ को सरकार वा स्थानीय अधिकारीको इजाजत बेगर कुनै पनि व्यक्तिले जानी जानी समात्न मार्न तथा चोट पुऱ्याउन नपाउने गरी, र

(ख) तोकिएको ऋतुमा र तोकिएका अवस्थाका कुनै पनि जलचरहरूलाई कुनै पनि व्यक्तिले जानी जानी समात्न, मार्न तथा चोट पुऱ्याउन नपाउने गरी, मनाही गर्न सक्ने छ ।

तर कुनै व्यक्ति विशेषको निजी जलमा रहेका जलचरहरूको सम्बन्धमा यो दफा र यस दफा अन्तर्गतका कुनै कुरा लागू हुनेछैन ।

५. केही खास जलमा जलचरहरूलाई समात्न, मार्न तथा चोट पुऱ्याउन मनाही गर्ने श्री ५ को सरकारको अधिकारः

श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिएका ठाउँको जलमा श्री ५ को सरकार वा स्थानीय अधिकारीको इजाजत बेगर कुनै पनि व्यक्तिले जानी जानी जलचरहरू समात्न मार्न तथा चोट पुऱ्याउन नपाउने गरी मनाही गर्न सक्ने छ र त्यस्ता ठाउँका जलको सम्पूर्ण जलचरमा श्री ५ को सरकारको मात्र अधिकार हुनेछ ।

तर कुनै व्यक्ति विशेषको निजी जलको सम्बन्धमा श्री ५ को सरकारले यस्तो आदेश निकाल्ने छैन ।

६. नागरिकको अधिकारः

दफा ४ तथा दफा ५ बमोजिम निकालिएका आदेशले मनाही गरेको ऋतु अवस्था तथा ठाउँमा बाहेक दफा ३ को अधीनमा रही अन्य जलमा जलचर मार्न वा समात्न यस ऐनको कुनै कुराले कुनै नागरिकलाई मनाही गरेको मानिने छैन ।

७. ठेक्का दिने श्री ५ को सरकारको अधिकारः

श्री ५ को सरकारले आफ्नो नियन्त्रणमा रहेको जुनसुकै जलमा कुनै एक वा एकभन्दा बढी प्रकारका जलचरहरू समात्ने तथा मार्ने कामको ठेक्का बन्दोवस्त गर्न सक्ने छ । त्यस्तो ठेक्का लिने दिने गर्दाको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. दण्ड सजायः

(१) दफा ३ उल्लङ्घन गर्ने वा गर्न दुरुत्साहन गर्ने व्यक्तिलाई स्थानीय अधिकारीका आदेशले कसूर हेरी नेपाली रूपैयाँ ५००। पाँचसयसम्म जरिवाना हुनेछ ।

(२) दफा ४ वा दफा ५ अन्तर्गत निकालिएको आदेशका कुनै कुरा उल्लङ्घन गर्ने वा गर्न दुरुत्साहन गर्ने व्यक्तिलाई स्थानीय अधिकारीका आदेशले नेपाली रूपैयाँ १००। एक सयसम्म जरिवाना हुनेछ ।

(३) उपदफा (१) र (२) मा लेखिएको दण्ड सजायमा कुनै प्रतिकूल प्रभाव नपारी यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा निकालिएका आदेशका कुनै कुरा उल्लङ्घन गर्ने वा गर्न दुरुत्साहन गर्ने व्यक्तिलाई स्थानीय अधिकारीका आदेशले नेपाली रूपैयाँ ५०। पचाससम्म जरिवाना हुनेछ ।

(४) यो ऐन अन्तर्गत कसूरदार साबित भएको व्यक्तिको साथमा रहेको सो कसूरसंग सम्बन्धित सबै हतियार, सामान र चीज वस्तुहरूसमेत स्थानीय अधिकारीका आदेशले जफत हुनेछ ।

(५) यो ऐन अन्तर्गत भएको जरिवानाको रूपैयाँ तोकिएको म्यादभित्र कसूरदारले बुझाउन नल्याएमा सरकारी बाँकी सरहको कारबाई गरी निजबाट असूल उपर गरिनेछ ।

९. अपीलः (१) दफा ८ अन्तर्गत स्थानीय अधिकारीले दिएको दण्ड सजायका आदेश उपर चित्त नबुझ्ने व्यक्तिले सो आदेशको सूचना पाएका मितिले ३५ दिनभित्र जिल्ला अदालतमा अपील गर्न सक्ने छ ।

तर आफूलाई लाग्ने ठहरिएको जरिवाना वापतको रूपैयाँ धरौटी वा त्यत्ति अंकको धन जमानी नराखे निजको त्यस्तो कुनै अपील लाग्ने छैन ।

१०. जरिवाना वापत असूल भएको रूपैयाँ र जफत भएको हतियार, सामान र चीच वस्तुहरू सरकारी कोषमा दाखिल हुनेः

यो ऐन अन्तर्गत जरिवाना वापत असूल भएको रूपैयाँ र जफत भएको हतियार, सामान र चीज वस्तु मध्ये हतियार र विष्फोटक तथा विषालु पदार्थ बाहेक अरू जिन्सी

जति लिलाम विक्री गरी नगदीमा परिणत गरी स्थानीय माल अड्डा वा नेपाल राष्ट्र बैंकमा दाखिल गर्नु र हतियार र विष्फोटक र विषालु पदार्थ जति प्रचलित नेपाल कानून बमोजिम गर्नु स्थानीय अधिकारीको कर्तव्य हुनेछ ।

११. स्थानीय अधिकारीको अधिकार :

यो ऐन अन्तर्गतको मुद्दाको कारवाई गर्दा बयान बकपत्र गराउने, साक्षी प्रमाण बुझ्ने लिखतहरू दाखिल गराउनेसमेत शुरू अदालतलाई भए सरहका सबै अधिकार स्थानीय अधिकारीलाई हुनेछ ।

१२. गिरफ्तार गर्ने र कब्जा गर्ने अधिकारः

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा निकालिएका आदेश बखिलाप कसैले काम गरे गराएको कुरा देखेमा वा प्रमाण पाएमा स्थानीय अधिकारी वा निजबाट खटिएका कर्मचारी वा जुनसुकै पुलिस कर्मचारीले त्यस्तो व्यक्तिलाई बिना वारेन्ट गिरपतार गरी कसूरमा प्रयोग भएका हतियार, सामान र चीज वस्तुहरू-समेत उपर कब्जा गर्न सक्ने छ स्थानीय अधिकारीबाट खटिएका कर्मचारी वा कुनै पुलिस कर्मचारीले गिरफ्तार गरेको व्यक्ति र कब्जा गरेको हतियार सामान र चीज वस्तुलाई बाटोको म्याद बाहेक २४ घण्टाभित्र स्थानीय अधिकारी समक्ष बुझाइदिनु पर्छ ।

(२) उपदफा (१) बमोजिम दाखिल हुन आएपछि स्थानीय हाकिमले २४ घण्टाभित्रै जो गर्नु पर्ने कारवाई गर्नु पर्छ र कब्जा भइआएको चीज सड्ने गल्ने रहेछ भने गिरफ्तार भइआएका मानिसकै रोहवरमा लिलाम गरी आएको मोल धरौटीमा राख्नु पर्छ ।

१३. प्रचलित कानून बमोजिम हुनेः

यस ऐनले गर्न मनाही भएको काम कुरा गर्दा र यस ऐनको कुनै दफा लागू नभएका कुनै व्यक्तिले सो बमोजिम गर्दा कसैको केही हानी नोक्सानी भएकोमा प्रचलित नेपाल कानून बमोजिम हुन वा गर्नमा यस ऐनको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन ।

१४. नियम बनाउने अधिकारः

यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्ने छ ।

१५. खारेजीः

(१) मुलुकी ऐन (अदल) को २५ नं खारेज गरिएको छ ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०१९ सालको ऐन नं. ७

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अति प्रबल गोरखा दक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्री श्री श्री महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जंगबहादुर शाहबहादुर शमशेर जंग देवानाम् सदा समरविजयिनाम्।

### जंगली जीव जन्तु (संरक्षण) ऐनलाई संशोधन गर्न बनेको ऐन

जंगली जीव जन्तु (संरक्षण) ऐन, २०१५ (यसपछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम जंगली जीव जन्तु (संरक्षण) (संशोधन) ऐन, २०१९ रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल ऐनको दफा ४ मा संशोधनः– (१) मूल ऐनको दफा ४ को शीर्षकमा रहेको "लाइसेन्स प्राप्त गर्ने तरीका" भन्ने शब्दहरुको सट्टा "लाइसेन्स प्राप्त गर्ने तरीका र जंगली जीव जन्तुको शुल्क र हात्ती घोडाको दस्तूर लिने बारे" भन्ने शब्दहरू राखिएकोछ।

(२) मूल ऐनको दफा ४ को उपदफा (१) मा निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ –

"तर, श्री ५ को सरकारले कुनै व्यक्तिसंग त्यस्तो दस्तूर नलिन पनि सक्नेछ"।

(३) मूल ऐनको दफा ४ को उपदफा (२) को सट्टा निम्नलिखित उपदफा (२) राखिएकोछ–

(२) उपदफा (१) अन्तर्गत कसैको दरखास्त परेपछि तोकिएको अफिसरले तोकिएको शर्तमा कुनै एक क्षेत्रभित्र कुनै एक वा एकभन्दा बढी जातका जंगली जीव जन्तुको शिकार गर्न पाउने गरी दरखास्तवालालाई तोकिएको ढांचाको लाइसेन्स दिन सक्छ। त्यस्तो प्रत्येक लाइसेन्सको दस्तूर (फी) तथा अवधि र त्यसलाई रिन्यू गर्ने तरीका तोकिए बमोजिम हुनेछ र त्यस्तो लाइसेन्स बमोजिम शिकार गर्न पाउने जंगली जीव जन्तुको शुल्क र शिका-

रको प्रयोजनको लागि जंगलमा लगिएको हात्ती घोडाको दस्तूर तोकिए बमोजिमको हुनेछ ।

तर––

(१) श्री ५ को सरकारले कुनै व्यक्तिसंग त्यस्तो जंगली जीव जन्तुको शुल्क वा जंगलमा लगिने हात्ती घोडाको दस्तूर नलिन पनि सक्नेछ ।

(२) कुनै संरक्षित जंगली जीव जन्तु शिकार गर्न पाउने गरी तोकिएको शर्तमा श्री ५ को सरकारले मात्र लाइसेन्स दिन सक्नेछ ।

३. मूल ऐनको दफा ९ मा संशोधनः– मूल ऐनको दफा ९ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश राखिएकोछ–

"तर त्यसरी संरक्षित जंगली जीव जन्तुको शिकार गर्ने व्यक्तिलाई माथि लेखिएको सजायका सट्टा रू. २०००।– दुई हजारदेखि २५०००।– पच्चीस हजारसम्म जरिवाना वा १ वर्षदेखि ५ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

४. मूल ऐनको दफा ११ पछि निम्नलिखित दफा ११ क. थपिएको छः–

११ क. विशेष अधिकारः– लाइसेन्स विना संरक्षित जंगली जीव जन्तुको शिकार गर्न लागेको फेला परी पक्रेकोमा छुटाई लैजान वा पक्रन नदिन कसूरदार वा निजका मदतगार कसैले हूल हुज्जत गरी भागी जाने वा भगाई लैजाने अवस्था परेमा वा पक्रने के ज्यान जोखिम हुने सम्भावना देखिन आएमा वा हतियार नचलाई नहुने अवस्था पर्न आएमा भरसक घूंडादेखि मुनी लाग्ने गरी सो पक्रन जाने मुख्य कर्मचारीले गोली चलाउन सक्दछ र सो बमोजिम गोली चलाउंदा मानिस मर्न गएमा बात लाग्नेछैन ।

५. बचाउः– नेपाल अधिराज्यको संविधानको धारा ५५ को उपधारा (४) बमोजिम यो ऐन निष्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी यस ऐन अन्तर्गत भए गरेको काम कुरामा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

इति सम्वत् २०१९ साल गते रोज शुभम्–––

लालमोहर सदर मितिः २०१९।३।१५।६

आज्ञाले–

प्रद्युम्नलाल राजभण्डारी

श्री ५ को सरकारको सचिव,

कानून तथा न्याय मन्त्रालय ।

# नेपाल गजेट
## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ १८ गते २०२२ साल

श्री ५ को सरकार

वन,कृषि मन्त्रालयको

सूचना

जङ्गली जीवजन्तु संरक्षण ऐन, २०१५ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरी निम्नलिखित जीवजन्तु र तिनको शरीरको अङ्ग विदेश निकासी गर्न मनाही गरेको छ :–

गैंडा र अर्नाको छाला, हाड, खाग, सिङ र अन्य सबै भागहरू र जन्तुमा रेड पन्डा (होकर्पा, होबृ अथवा रातो बिरालो) ।

लाइसेन्स पाई शिकार गरी उपलब्ध गरिएको बाहेक अन्य कुनै प्रकारको जङ्गली जीवजन्तु र त्यसको भाग ।

आज्ञाले–

कृष्णबहादुर देउजा,

श्री ५ को सरकारको सह–सचिव ।

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष १० गते २०२४ साल

श्री ५ को सरकार

वन–मन्त्रालयको

सूचना

जङ्गली जीवजन्तु संरक्षण ऐन, २०१५ ( संशोधन सहित ) को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपालको राष्ट्रिय पन्छी "डाँफे" लाई सोही ऐनको अनुसूची १ मा समावेश गरेको छ ।

आज्ञाले–
परिक्षित नरसिंह राणा
श्री ५ को सरकारको का. मु. सचिव ।

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र ४ गते २०२५ साल

**श्री ५ को सरकार**

वन मन्त्रालयको

सूचना

जंगली जीवजन्तु (संरक्षण) ऐन, २०१५ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरी रेडपण्डा (होकर्पा होव्रे अथवा रातो बिरालो) लाई सोही ऐनको अनुसूचि १ मा समावेश गरेको छ।

आज्ञाले–

प्रयागराज पाण्डे

श्री ५ को सरकारको सचिव।

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आश्विन २७ गते २०२६ साल

श्री ५ को सरकार

### वन मन्त्रालयको

### सूचना

जङ्गली जीवजन्तु संरक्षण ऐन, २०१५ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कस्तुरीमृग र कृष्णसारलाई सोही ऐनको अनुसूची १ मा समावेश गरेको छ।

आज्ञाले–
प्रयागराज पाण्डे
श्री ५ को सरकारको सचिव ।

# नेपाल राजपत्र

# भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कार्तिक १७ गते २०२७ साल

श्री ५ को सरकार

## वन मन्त्रालयको

## सूचना

जङ्गली जीवजन्तु संरक्षण ऐन, २०१५ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जङ्गली जीवजन्तु र तिनका शरीरका कुनै पनि अङ्ग भाग विदेश निकासी गर्न यो आदेश जारी गरी मनाही गरेको छ ।

तर निम्नलिखित अवस्थामा विदेश निकासी गर्न उपरोक्त मनाहीले कुनै बाधा पार्नेछैन:–

(१) शिकार नियमावली, २०२६ बमोजिम इजाजत प्राप्त गरी मारेको वा समातेको जङ्गली जीवजन्तु र तिनका अङ्ग र भाग ।

(२) श्री ५ को सरकारले बिक्री गरेको जङ्गली जीवजन्तु र तिनका अङ्ग र भाग ।

(३) शिकार नियमावली, २०२६ को नियम २५ बमोजिम इजाजत प्राप्त गरेको जङ्गली जीवजन्तु र तिनका अङ्ग र भाग ।

खण्ड १५ संख्या ७ मिति २०२२।२।१८ पृ. नं. १७ नेपाल राजपत्र भाग ३ मा प्रकाशित वन, कृषि मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले–

प्रयागराज पाण्डे

श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## वन मन्त्रालयको

## सूचना

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को देहायका दफाहरूको प्रयोजनको निमित्त श्री ५ को सरकारले देहायबमोजिमका अधिकार प्राप्त अधिकारीहरू तोकी दिएको छः-

| क्रम नं. | ऐनको दफा | अधिकार प्राप्त अधिकारी |
|---|---|---|
| (१) | दफा ४ को निमित्त | संरक्षक (वार्डेन) वा निजले तोकेको कर्मचारी। |
| (२) | दफा ५ को निमित | संरक्षक (वार्डेन)। |
| (३) | दफा २४ को प्रयोजनको निमित्त | वन वा वन्यजन्तु वा राष्ट्रिय निकुञ्ज वा आरक्ष संरक्षण र सुव्यवस्था गर्न रहेका श्री ५ को सरकारका कर्मचारीहरू र प्रहरी कर्मचारीहरू। |

आज्ञाले-
थीरबहादुर रायमाझी
श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, आश्विन ४ गते २०३० साल [ अतिरिक्ताङ्क ३८ (क)

श्री ५ को सरकार

### वन मन्त्रालयको

### सूचना

राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९ को दफा १ को उप-दफा )ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सो ऐन मिति २०३०।६।४।५ देखि लागू हुने गरी तोकिदिएको छ ।

आज्ञाले–

थीरबहादुर रायमाझी

श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ १५ गते २०३० साल

श्री ५ को सरकार

**वन मन्त्रालयको**

**सूचना**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका क्षेत्रमा देहायका अवधिसम्मको लागि शिकार बन्द समय तोकिदिएको छ र सो शिकार बन्द समयमा शिकार अनुज्ञापत्र दिइने छैन:--

(क) महाभारतदेखि उत्तर पहाडी क्षेत्रका जंगलमा बैशाख १६ गतेदेखि आश्विन मसान्तसम्म।
तर नाउर शिकार बन्द समय ज्येष्ठ १ गतेदेखि भाद्र मसान्तसम्म हुनेछ।

(ख) महाभारत र महाभारतदेखि दक्षिणतर्फका जंगलमा बैशाख १ गतेदेखि आश्विन मसान्तसम्म।

आज्ञाले–
धीरबहादुर रायमाझी
श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज ७ गते २०३१ साल

श्री ५ को सरकार

### वन मन्त्रालयको

### सूचना

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका जिल्लाहरूमा ५ वर्षको लागि शिकार बन्द समय तोकिदिएको छ।

शिकार बन्द जिल्लाहरू:–

(१) सुनसरी (२) सोलुखुम्बू (३) सिंधुपाल्चोक (४) काठमाडौं (५) भक्तपुर (६) ललितपुर (७) नुवाकोट (८) रसुवा (९) चितौन (१०) पर्सा (११) नवलपरासी (१२) रुपन्देही (१३) डोल्पा (१४) बर्दिया (१५) कञ्चनपुर (१६) जुम्ला (१७) हुम्ला (१८) मुगु (१९) तिब्रीकोट।

तर, राजनिकुञ्ज गोकर्ण र नागार्जुन वन जंगलहरूमा सोही वनसम्बन्धी नियमानुसार हुनेछ।

आज्ञाले -

धीरबहादुर रायमाझी

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५ ] काठमाडौं, वैशाख १६ गते २०३२ साल [ अतिरिक्ताङ्क ४ (क)


### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना

#### नागर्जुन शाही वन प्रवेश तथा वन पैदावार बिक्री बितरण नियमावली, २०३२

नागार्जुन शाही वनको संरक्षण, प्रवेश तथा वन पैदावार बिक्री बितरणको व्यवस्था ग.. वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराजबाट देहायको नियमावली स्वीकृत गरिबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस नियमावलीको नाम "नागर्जुन शाही वन प्रवेश तथा वन पैदावार बिक्री बितरण नियमावली, २०३२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "वन" भन्नाले नागार्जुन शाही वन सम्झनु पर्छ।

(ख) "अधिकार प्राप्त अधिकारी" भन्नाले शाही वन्य जन्तु संरक्षण विभाग राजदरबारबाट वनमा प्रवेश तथा वन पैदावार बिक्री बितरणको व्यवस्थाको लागि तोकिएको अधिकृत सम्झनु पर्छ।

३. प्रवेश–पत्र लिनु पर्नेः– (१) अधिकार प्राप्त अधिकारीबाट अनुमति वा प्रवेश–पत्र नलिई कुनै पनि व्यक्तिले वनभित्र प्रवेश गरी घुम्न, डुल्न वा पाल टाँगी बस्न पाउने छैन ।

(२) उप–नियम (१) बमोजिमको प्रवेश–पत्र लिन चाहने व्यक्तिले अनुसूची १ बमोजिमको शुल्क तिरी प्रवेश–पत्र लिन सक्नेछ ।

तर प्रवेश–पत्र बिदेशी नागरिकले अनुसूची १ मा उल्लिखित शुल्कको दोब्बर प्रवेश शुल्क बुझाउनु पर्नेछ ।

४. अनुसूची २ बमोजिमको वन पैदावार लिन मोल तिर्नु पर्नेः– वन क्षेत्रबाट अनुसूची २ बमोजिमको कुनै वन पैदावार लिन चाहने व्यक्तिले अधिकार प्राप्त अधिकारी समक्ष सोही अनुसूचीमा उल्लेखित मोल बुझाई वन पैदावार खरीद गर्न सक्नेछ ।

५. जरिवानाः– अनुमती वा प्रवेश–पत्र नलिई वनभित्र प्रवेश गर्ने वा घर पालुवा चौपाया प्रवेश गराई चरी चराई गर्ने व्यक्तिलाई अधिकार प्राप्त अधिकारीले पचास रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

६. आमदानी दाखिल गर्नेः– अधिकार प्राप्त अधिकारीले प्रवेश–पत्रबाट उठेको शुल्क, वन पैदावार बिक्री बितरणबाट प्राप्त भएको रकम तथा जरिवानाको रकम ढुकुटी विभाग राजदरबारमा दाखिल गर्नु पर्नेछ ।

७. अपराध गर्ने व्यक्ति माथि कार्यबाहिको व्यवस्थाः– वनसम्बन्धी प्रचलित नेपाल कानून-द्वारा दण्ड सजाय हुने किसिमको अपराध कुनै व्यक्तिले वन क्षेत्रभित्र गरेमा वा गर्ने प्रयत्न गरेमा त्यस्तो व्यक्तिलाई वनसम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम सजाय गराउनको लागि अधिकार प्राप्त अधिकारीले सम्बन्धित वन कार्यालयमा पठाउन सक्नेछ ।

८. क्षतिपूर्ति असूल गरिनेः– नागार्जुन शाही वन क्षेत्रको बार, परखाल, सिमाना वा चिन्हो भत्काउने वा बिगार्ने व्यक्तिसंग अधिकार प्राप्त अधिकारीले त्यसरी भत्काइएको वा बिगारिएको बार, परखाल, सिमाना वा चिन्हो पुनः बनाउँदा वा मर्मत गर्दा लाग्ने खर्च बराबरको रकम क्षतिपूर्तिको रूपमा असूल उपर गरी पचास रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पुस २३ गते २०३६ साल


श्री ५ को सरकार

**वन मन्त्रालयको**

**सूचना**

हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ को नियम ३१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले लामटाङ, रारा र सगरमाथा राष्ट्रिय निकुञ्जहरूभित्र 'श गर्दा नेपाली नागरिकलाई प्रवेशशुल्क नलगाउने निर्णय गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले–

मी.सु. प्रकाशमान सिंह

श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, माघ ७ गते २०५५ साल (अतिरिक्ताङ्क ६६

## भाग २

श्री ५ को सरकार

**कानून तथा न्याय मन्त्रालयको सूचना**

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५५ सालको ऐन नं. १७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## जलचर संरक्षण ऐन, २०१७ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : जलचर संरक्षण ऐन, २०१७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "जलचर संरक्षण (पहिलो संशोधन) ऐन, २०५५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **जलचर संरक्षण ऐन, २०१७ को दफा २ मा संशोधन** : जलचर संरक्षण ऐन, २०१७ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछ :–

"(क) "जल" भन्नाले ताल, दह, खहरे, खोला, नदी, नाला, पोखरी, नहर, कुलो, तलाउ, जलाशय, कृत्रिम जलाशय (रिजरभ्वायर), सिमसार, मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज) तथा माछा पालन गरेको धान खेतको पानी र तिनीहरुको स्रोत समेत सम्झनु पर्छ ।"

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएकोछ :–

"(ग) "स्थानीय अधिकारी" भन्नाले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी सम्झनु पर्छ ।"

(३) खण्ड (ग) पछि देहायका खण्ड (ग१) र (ग२) थपिएका छन् :-

"(ग१) "प्राविधिक अधिकारी" भन्नाले मत्स्य विकास वा मत्स्य अनुसन्धान वा मत्स्य प्रसार कार्य गर्नको लागि श्री ५ को सरकारले तोकेको कर्मचारी सम्झनु पर्छ ।

(ग२) "फीस ल्याडर" भन्नाले जलमा जलचरको आवागमनको लागि राखिएको वैकल्पिक बाटो सम्झनु पर्छ ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ मा रहेका "कुनै किसिमको" भन्ने शब्दहरु पछि "विद्युतीय धार (करेण्ट)" भन्ने शब्दहरु थपिएका छन् र सोही दफामा रहेका "वा कुनै बाँध, पुल, जलमार्ग इत्यादी बिगार्न भत्काउन" भन्ने शब्दहरु झिकिएका छन् ।

४. मूल ऐनमा दफा ३क. थप : मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थपिएकोछ :-

"३क. फीस ल्याडर तथा संरचनाका ढोका थुन्न वा भत्काउन नहुने : अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि जलमा रहेको फीस ल्याडर, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकाहरुलाई थुन्न वा भत्काउन हुँदैन ।"

५. मूल ऐनमा दफा ५क. र ५ख. थप : मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. र ५ख. थपिएका छन् :-

"५क. <u>सुरक्षित विष बाहेक अन्य विष प्रयोग गर्न नहुने</u> : जलचर समात्ने वा मार्ने प्रयोजनको लागि कुनै विषालु पदार्थ प्रयोग गर्नु पर्ने भएमा त्यसको प्रयोजनको लागि सुरक्षित विष बाहेक अरु कुनै प्रकारको विष प्रयोग गर्न हुँदैन ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "सुरक्षित विष" भन्नाले प्राविधिक अधिकारीले सिफारिश गरेको रसायन वा जडिबुटी सम्झनु पर्छ ।

५ख. <u>जलचर सम्बन्धी अन्य व्यवस्था</u> : (१) विद्युत, खाने पानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्ने निकायले जलचरको आवागमनमा वाधा पर्न नदिनको लागि सम्भव भएसम्म फीस ल्याडर निर्माण गर्न पर्नेछ । फीस ल्याडर निर्माण गर्न सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आस पासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्माण कार्य गर्दा प्राविधिक अधिकारीलाई पूर्व जानकारी दिनु पर्नेछ ।"

६. <u>मूल ऐनको दफा ७ मा संशोधन</u> : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएकोछ :-

"७. <u>ठेक्का सम्बन्धी व्यवस्था</u> : (१) श्री ५ को सरकारले आफ्नो नियन्त्रणमा रहेको जुनसुकै जलमा कुनै एक वा एक भन्दा बढी प्रकारका जलचरहरु समात्ने तथा मार्ने कामको ठेक्का बन्दोबस्त गर्न सक्नेछ ।

(२) स्थानीय निकायहरुले प्रचलित कानून बमोजिम जलमा माछा पालन गर्ने वा माछा मार्ने ठेक्का दिंदा प्राविधिक अधिकारीसंग परामर्श लिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको ठेक्का दिंदा जलचर समात्न वा पक्रन प्रयोग गरिने साधनको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिमको ठेक्का दिंदाको कार्यविधि तोकिए बमोजिम हुनेछ ।"

७. <u>मूल ऐनको दफा ८ मा संशोधन</u> : मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) दफा ३ वा ३क. उल्लंघन गर्ने वा गर्न दुरुत्साहन गर्ने व्यक्तिलाई स्थानीय अधिकारीको आदेशले कसूरको मात्रा हेरी हानी नोक्सानी भएकोमा बिगो बराबरको क्षतिपूर्ति भराई पाँचहजार रुपैयाँसम्म जरिवाना हुनेछ । हानि नोक्सानीको मूल्यांकन गर्दा प्राविधिक अधिकारीलाई संलग्न गराउनु पर्नेछ ।"

(२) उपदफा (२) मा रहेका "नेपाली रुपैयाँ १००। एकसय सम्म" भन्ने शब्दहरुको सट्टा "दुइ हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (३) मा रहेका "नेपाली रुपैयाँ ५०। पचाससम्म" भन्ने शब्दहरुको सट्टा "एक हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

८. <u>मूल ऐनको दफा ९ मा संशोधन</u> : मूल ऐनको दफा ९ को दफा शीर्षकमा रहेको "(१)" भन्ने अंक झिकिएकोछ ।

लालमोहर सदर मिति:- २०५५।१०।७५

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

# 'घ'

## बिभिन्न आयोग, उच्च स्तरिय समिति तथा अन्य समिति गठन सम्बन्धी राजपत्र

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, कार्तिक ३० गते २०२६ साल [ अतिरिक्ताङ्क ४० (क)


श्री ५ को सरकार

### वन मन्त्रालयको

### सूचना

**नागार्जुन शाही वन विकास समिति (गठन) आदेश, २०२६**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "नागार्जुन शाही वन विकास समिति (गठन) आदेश, २०२६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "योजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत नागार्जुन शाही वन विकास योजना सम्झनुपर्छ ।

३. समितिको गठनः– (१) नागार्जुन शाही वन विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायको अध्यक्ष र सदस्यहरू रहनेछन्ः–

(क) राजकुमार श्री रविन्द्र शाह — अध्यक्ष
(ख) रथी श्री रङ्गविक्रम शाह– — सदस्य
(ग) सह अञ्चलाधीश, वाग्मती अञ्चलाधीश कार्यालय– — सदस्य
(घ) डी. एफ. ओ. काठमाडौं डिभिजन– — सदस्य
(ङ) अधिकृत, वाग्मती अञ्चल वृक्षारोपण शाखा– — सदस्य- सचिव

(३) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूको संख्यामा थपघट वा नाममा हेरफेर गर्न सक्नेछ ।

(४) अध्यक्ष र सदस्य-सचिवको अतिरिक्त एक सदस्यको उपस्थिति भएमा समितिको गणपूरक संख्या पूरा भएको मानिनेछ ।

(५) समितिमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा मात्र अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः– (१) नागार्जुन शाही वनको संरक्षण, संवर्धन, उचित व्यवस्था र उपयोगको लागि योजना कार्यान्वयन गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्नेछः–

(क) वन सिमानाको वरिपरि पर्खाल लगाउने,
(ख) वन क्षेत्रभित्र फलोद्यानहरू बनाउने,
(ग) वन क्षेत्रभित्र बाटो, विश्राम गृह र दृश्य स्थलहरू निर्माण गर्ने,
(घ) लोक सेवा आयोगबाट स्वीकृत भएका सिद्धान्तहरू र तरीका अनुसार योजनाको लागि आवश्यक कर्मचारी भर्ना गर्ने र,
(ङ) अन्य आवश्यक काम गर्ने ।

५. समितिको कोष र आर्थिक कारोबारः– (१) योजना संचालनको लागि समितिको एउटा कोष हुनेछ जस्मा श्री ५ को सरकारबाट समय समयमा प्राप्त रकमहरू रहनेछ ।

(२) उपदफा (१) बमोजिमको आफ्नो कोषको रकम समितिले नेपाल राष्ट्र बैंकमा राख्नेछ ।

(३) समितिले प्रत्येक आर्थिक वर्षको अन्त्यमा आगामी आर्थिक वर्षको आफ्नो काम कारोबारको लागि आवश्यक रकम जगेडा राखी बचत हुन आउने रकम श्री ५ को सरकारको सर्वसंचित कोषमा दाखिल गर्नेछ ।

(४) समितिले आफ्नो आय–व्ययको लेखा श्री ५ को सरकारद्वारा स्वीकृत प्रणाली बमोजिम राख्नेछ ।

(५) समितिको कोषको संचालन समितिले तोकेबमोजिम हुनेछ ।

६. लेखापरीक्षणः– (१) श्री ५ को सरकारबाट मुकरर भएको अधिकृत वा लेखापरीक्षकले समितिको हिसाब किताब जांच गर्नेछ ।

(२) श्री ५ को सरकारले चाहेमा जुन सुकै वखत पनि समितिको हिसाव किताब जांच्न जँचाउन सक्नेछ ।

७. अधिकार प्रत्यायोजनः– समितिले आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्यहरूको उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. समितिको कार्यव्यवस्थाः– सदस्य सचिवले समितिको दैनिक कार्य संचालन स्तरको सबै काम गर्नेछ र समितिको निर्णय वा आदेश वा अन्य काम कारवाहीहरू प्रमाणित गर्नेछ ।

९. श्री ५ को सरकारसंग सम्पर्क :– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा श्री ५ को सरकार वन मन्त्रालय मार्फत सम्पर्क राख्नुपर्छ ।

१०. नियमहरू बनाउन सक्नेः– समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यसरी बनाइएका नियमहरूमा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

११. समितिको कार्यालयः– समितिको कार्यालय काठमाडौंमा रहनेछ ।

आज्ञाले–
थीरबहादुर रायमाझी
श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, भदौ ६ गते २०३२ साल [संख्या २०

श्री ५ को सरकार

### वन मन्त्रालयको

### सूचना

नागार्जुन शाही वन विकास समिति (गठन) आदेश, २०२६ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त गठन आदेशको [illegible] ३ को उपदफा (२) को खण्ड (ङ) को सट्टा निम्नलिखित खण्ड (ङ) राखी [illegible]को खण्ड (ङ) लाई खण्ड (च) गरी हेरफेर र थप गरेको छ ।

(ङ) हाकिम, वन्य जन्तु संरक्षण विभाग, राजदरबार– सदस्य

आज्ञाले–
थीरबहादुर राथमाझी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

# वन मन्त्रालयको

## सूचना

शिवपुरी जलाधारक्षेत्र विकास समिति (गठन) आदेश, २०३३ को दफा ३ (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही गठन आदेशको दफा ३ को उप-दफा (२)को सट्टा देहायको उप-दफा (२) राखी समितिको अध्यक्ष र सदस्यहरू हेरफेर गरेको छ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन्:

| | |
|---|---|
| (क) राजकुमार श्री रवीन्द्र विक्रम शाह– | अध्यक्ष |
| (ख) रथी श्री रंग विक्रम शाह– | सदस्य |
| (ग) महा-निर्देशक भू तथा जल संरक्षण विभाग– | " |
| (घ) सह-अञ्चलाधीश वाग्मती अञ्चलाधीश कार्यालय– | " |
| (ङ) कार्यालय प्रमुख, वृक्षारोपण कार्यालय– | " |
| (च) श्री विश्व विक्रम शाह– | " |
| (छ) डी. एफ. ओ. काठमाडौं वन डिभिजन कार्यालय– | " |
| (ज) परियोजना प्रमुख– | सदस्य-सचिव |

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन २४ गते २०३४ साल


श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले मिति २०३४।३।१३ को निर्णयानुसार खण्ड २६ मिति २०३३।१२।१९ अतिरिक्ताङ्क ४८ (क) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित कोशी टप्पुको खड्ग निशानाले पाएको जग्गा दर्ता गर्ने उच्चस्तरीय आयोग गठनसम्बन्धी यस मन्त्रालयको सूचनामा देहायबमोजिमको कार्य र म्याद थप गरिएको छ।

(क) सुनसरी जिल्लाको खड्ग निशानाले पाएको कोशी टप्पुको ६६ प्लट क्षेत्रको जग्गा र त्यसको बीच बीचको गौचर जग्गा, ऐलानी जग्गा र कोशी नदीको धारले छोडी उकास भएका जग्गा, प्रल्हाद सिंदुरे मोहोरिया सिमानाभित्र मनमाया ओझाले रैती बन्दोबस्त गराउने गरी हाल आबादीमा पाएको जग्गा, देवकुमारीले पाएको १०० बिगहा कुश बिर्ता जग्गा समेत प्लट सरहको कार्यविधि अपनाई दर्ता गर्ने र समस्या समाधान गर्ने।

(ख) आयोगको कार्यावधि समाप्त भएको मितिले अर्को २ (दुई) महीनाको म्याद थप गरिएको छ।

आज्ञाले–

नारायणविक्रम शाह

श्री ५ को सरकारको का. म. सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ को उप–दफा (१) र (२) र दफा ५ को उप–दफा (१) र (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहाय–बमोजिम अध्यक्ष तथा सदस्य भएको ३ सदस्यीय विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ ।

देहाय

१. मा. न्या. श्री गजेन्द्रकेशरी वास्तोला
न्यायाधीश, पूर्वाञ्चल क्षेत्रीय अदालत– – – –अध्यक्ष

२. प्र. जि. अ. सुन्सरी– – – – –सदस्य

३. भूमि प्रशासक, सुन्सरी– – – – –सदस्य

१. उक्त अदालतलाई कोशी टप्पुको खड्ग निशानाले पाएको जग्गा दर्ता गर्ने सम्बन्धमा सर्वोच्च अदालत र क्षेत्रीय अदालतमा दायर भै रहेको मुद्दा मामिला बाहेक अन्यत्र अड्डा अदालत तथा कार्यालयमा दायर भै किनारा हुन बाँकी मुद्दा मामिलाहरू उक्त अड्डा अदालत तथा कार्यालयहरूबाट झिकी कारवाई र किनारा गर्ने गरी तोकी सुम्पेको छ ।

२. विशेष अदालतको अवधि जिल्लामा गै कार्य प्रारम्भ गरेको मितिले तीन महीना कार्यावधि हुनेछ ।

३. विशेष अदालतको मुकाम आवश्यकतानुसार विराटनगर र सुन्सरी जिल्लामा कायम गर्ने गरी तोकिएको छ ।

आज्ञाले–
चूडामणिराजसिंह मल्ल
श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मंसीर २० गते २०३४ साल

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले मिति २०३४।७।१४ को निर्णयानुसार खण्ड २६ मिति २०३३।१२।१९ अतिरिक्ताङ्क ४८(क) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित कोशी टप्पुको जग्गा दर्तागर्ने उच्चस्तरीय आयोग गठनसम्बन्धी यस मन्त्रालयको सूचनामा उल्लेखित अध्यक्ष तथा सदस्यहरूको सट्टा देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू रहने गरी हेरफेर र म्याद थप गरेको छ ।

आयोगको अध्यक्ष र सदस्यहरू:–

| | | |
|---|---|---|
| (क) | माननीय भूमिसुधार सहायक मन्त्री श्री मरीचमान सिंह– | अध्यक्ष |
| (ख) | मा. श्री गजेन्द्रकेशरी वास्तोला, न्यायाधीश पूर्वाञ्चल क्षेत्रीय अदालत– | सदस्य |
| (ग) | सह–अञ्चलाधीश कोशी अञ्चलाधीश कार्यालय– | सदस्य |
| (घ) | प्रमुख जिल्ला अधिकारी सुन्सरी– | सदस्य |
| (ङ) | भूमि प्रशासक सुन्सरी– | सदस्य–सचिव |

२. म्याद समाप्त भएको मिति २०३४।५।१८ देखि पुनः ४ (चार) महीना म्याद थप गरिएको छ ।

आज्ञाले–
नारायणविक्रम शाह
श्री ५ को सरकारको निमित्त सचिव

# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ २४ गते २०३४ साल

श्री ५ को सरकार

**भूमिसुधार मन्त्रालयको**

**सूचना**

श्री ५ को सरकारको मिति २०३४।१०।५ को निर्णयानुसार खण्ड २६ मिति ३३।१२।१९ अतिरिक्ताङ्क ४८ (क) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचना–बमोजिम गठित कोशी टप्पु उच्चस्तरीय आयोगको म्याद समाप्त भएको मिति २०३४।६।१८ देखि पुनः २ (दुई) महीना म्याद थप गरिएको छ।

आज्ञाले–

वासुदेव प्याकुरेल

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४१।८।८ को निर्णयानुसार शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष क्षेत्रभित्र निम्नबमोजिम इलाका वन कार्यालय स्थापना गरिएको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | कार्यालयको नाम | चार किल्ला | |
|---|---|---|---|
| १. | मणिचूर इलाका वन कार्यालय | उत्तरः | परियोजना सिमाना, |
| | | दक्षिणः | परियोजनाको सिमाना पर्खाल, |
| | | पूर्वः | हैबुङ पञ्चायत मझुवा गाउँ हुँदै निर्माण भएको सिमाना पर्खाल, |
| | | पश्चिमः | सुन्दरीजलबाट मूलखर्क भै गोसाईकुण्ड, टार्केघ्याङ जाने मूल बाटो । |
| २. | सुन्दरीजल इलाका वन कार्यालय | उत्तरः | परियोजनाको सिमाना, |
| | | दक्षिणः | परियोजनाको सिमाना पर्खाल, |
| | | पूर्वः | सुन्दरीजलबाट मूलखर्क भै गोसाईकुण्ड, टार्केघ्याङ जाने मूल बाटो, |
| | | पश्चिमः | पानी मुहान, बुढानीलकण्ठ, फेदी गाउँबाट छाप लाग्ने भन्ज्याङ भै अल्छे, लिखु, सिक्रे जाने मूल बाटो । |
| ३. | झोर इलाका वन कार्यालय | उत्तरः | परियोजनाको सिमाना, |
| | | दक्षिणः | परियोजनाको सिमाना पर्खाल, |
| | | पूर्वः | पानी मुहान बुढानीलकण्ठ, फेदी गाउँबाट छाप लाग्ने भन्ज्याङ भै लिखु, अल्छे, सिक्रे जाने मूल बाटो, |
| | | पश्चिमः | सांग्लाबाट गुर्जे भन्ज्याङ भै अर्खोले छह्रे जाने बाटो । |
| ४. | पाँचमाने इलाका वन कार्यालय | उत्तरः | परियोजनाको सिमाना, |
| | | दक्षिणः | परियोजनाको सिमाना पर्खाल, |
| | | पूर्वः | सांग्लाबाट गुर्जे भन्ज्याङ भई अर्खोले छह्रे जाने बाटो, |
| | | पश्चिमः | ककनी कृषि फर्मको सिमाना तथा परियोजनाको पर्खाल । |

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन १ गते २०४१ साल

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालयको

सूचना

शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष विकास समिति (गठन) आदेश, २०४१

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "शिवपुरी जलाधार तथा वन्य-जन्तु आरक्ष विकास समिति (गठन) आदेश, २०४१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,–

"परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष परियोजना सम्झनुपर्छ ।

३. समितिको गठन : (१) शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :–

(क) राजकुमार रवीन्द्र वीर विक्रम शाह – अध्यक्ष

(ख) प्रतिनिधि, प्रमुख निजी सचिवालय, राजदरबार – सदस्य

(ग) महा-निर्देशक, भू तथा जलाधार संरक्षण विभाग – सदस्य

(घ) महा-निर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग – सदस्य

(ङ) चीफ कन्जरभेटर, वन विभाग – सदस्य

(च) सह-अञ्चलाधीश, वागमती अन्चलाधीश कार्यालय – सदस्य

(छ) प्रतिनिधि, शाही नेपाली जङ्गी अड्डा – सदस्य

(ज) प्रतिनिधि, अर्थ मन्त्रालय – सदस्य

(झ) वन अधिकृत, परियोजना – सदस्य

(ञ) नापी अधिकृत, परियोजना – सदस्य

(ट) प्रधान पञ्च, सुन्दरीजल गाउँ पञ्चायत – सदस्य

(ठ) परियोजना प्रमुख – सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिको आमन्त्रणमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञले समितिको बैठकमा सल्लाहकारको रूपमा भाग लिन सक्नेछ ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : (१) शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्षको संरक्षण र सम्वर्द्धन गरी खानेपानीको स्रोत तथा गुणमा वृद्धि गर्ने र सो आरक्षलाई मनोरञ्जनस्थलको रूपमा विकास गर्नको लागि परियोजना कार्यान्वयन गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उप-दफा (१) बमोजिम कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछः–

(क) सो क्षेत्रको वन सीमाङ्कन गर्ने,

(ख) सो क्षेत्रको वरिपरि बार लगाउने,

(ग) सो क्षेत्रभित्र चेकड्याम, तटबन्ध, बाटो र दृश्यस्थलहरूको निर्माण गर्ने,

(घ) वृक्षारोपण, फलफूल तथा उन्नत घाँस रोपण गऱ्हा बनाउने र भू-संरक्षण कार्य सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,

(ङ) परियोजनाको लागि आवश्यक कर्मचारीहरू नियुक्ति गर्ने, र

(च) अन्य आवश्यक कार्यहरू गर्ने ।

५. उप-समितिको गठन : (१) समितिले परियोजनाको कार्य सञ्चालन गर्न देहाय बमोजिमका उप-समितिहरू गठन गर्नेछ र सो उप-समितिहरूमा देहायबमोजिमका सदस्यहरू रहनेछन्:–

(क) सुरक्षा उप-समिति :

| | |
|---|---|
| परियोजना प्रमुख | – संयोजक |
| नापी अधिकृत परियोजना | – सदस्य |
| प्रतिनिधि, शाही नेपाली सेना | – सदस्य |
| वन अधिकृत परियोजना | – सदस्य |

(ख) पुनर्वास उप-समिति :

| | |
|---|---|
| सह-अञ्चलाधीश | – संयोजक |
| नापी अधिकृत परियोजना | – सदस्य |
| सम्बन्धित गाउँ पञ्चायतको प्रधानपञ्च | – सदस्य |

(ग) वृक्षारोपण उप-समिति :

| | |
|---|---|
| महा-निर्देशक, भू तथा जलाधार संरक्षण विभाग | – संयोजक |
| वन अधिकृत, परियोजना | – सदस्य |
| प्रतिनिधि, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | – सदस्य |

(घ) पञ्चायत तथा स्थानीय जनसम्पर्क उप-समिति :

| | |
|---|---|
| सह-अञ्चलाधीश | – संयोजक |
| प्रधानपञ्च सुन्दरीजल गाउँ पञ्चायत | – सदस्य |
| वन अधिकृत, परियोजना | – सदस्य |

(२) उपदफा (१) बमोजिम गठन भएको उप-समितिहरूको काम, कर्तव्य समितिले तोके बमोजिम हुनेछ ।

६. समितिको बैठक र निर्णय : (१) समितिको बैठक अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(२) अध्यक्ष र सदस्य-सचिव लगायत समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

(४) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

७. उप-समितिको बैठक र निर्णयः (१) उप-समितिको बैठक उप-समितिको संयोजकले तोके बमोजिम बस्नेछ ।

(२) उप-समितिको संयोजक र सदस्यको अतिरिक्त अर्को एकजना सदस्य उपस्थित भएमा उप-समितिको बैठक बस्न सक्नेछ ।

(३) उप-समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा संयोजकले निर्णयात्मक मत दिन सक्नेछ ।

(४) उप-समितिको निर्णय संयोजकद्वारा प्रमाणित गरिनेछ ।

(५) उप-समितिको बैठकमा अपनाइने अन्य कार्यविधि उप-समिति आफैंले निर्धारण गर्नेछ ।

८. समितिको कोषः (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछः--

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) श्री ५ को सरकार मार्फत विदेशी सरकार वा अन्तरराष्ट्रिय संस्थाबाट प्राप्त रकम,

(ग) समितिले अरू कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको कोषको सञ्चालन समितिले बनाएको नियम बमोजिम हुनेछ ।

९. लेखा र परीक्षण : (१) समितिको आयव्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीका बमोजिम राखिनेछ ।

(२) समितिको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जचाउँन सक्नेछ ।

१०. अधिकार प्रत्यायोजन : समितिले आवश्यकता अनुसार आफ्नो अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समिति वा परियोजनाको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

११. नियमहरू बनाउने : समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

१२. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा वन तथा भू-संरक्षण मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

१३. समितिको कार्यालय : समितिको कार्यालय काठमाडौंमा रहनेछ ।

१४. खारेजी : शिवपुरी जलाधारक्षेत्र विकास समिति (गठन) आदेश, २०३३ खारेज गरिएको छ ।

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव

## सूचना ४

श्री ५ को सरकारले मिति २०४४।७।२५ को निर्णयानुसार शाही शुक्ला फाँटा वन्यजन्तु आरक्ष विस्तार कार्यक्रमलाई छुट्टै आयोजनाको रूपमा संचालन गर्न निम्न अनुसार गर्ने गरी निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

(१) शाही शुक्ला फाँटा वन्य जन्तु आरक्ष क्षेत्र विस्तार कार्यक्रमलाई छुट्टै आयोजनाको रूपमा संचालन गर्ने ।

(२) आयोजना प्रमुखमा नेपाल वन सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीका जि.व.नि. श्री दामोदरप्रसाद पराजुलीलाई नियुक्ति गर्ने ।

(३) आयोजनाको अवधि २०४५ आषाढ मसान्तसम्म रहने । यो काम वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग र आयोजनाले मिति २०४५ आषाढ मसान्त सम्ममा पूरा गर्ने ।

(४) आयोजना प्रमुखले शाही शुक्ला फाँटा वन्य जन्तु आरक्ष क्षेत्र विस्तारको काम गर्दा वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगको निर्देशनमा रही गर्ने ।

(५) उठाइने परिवारलाई नयाँ ठाउँमा सामान ढुवानी गर्न, जग्गाको झासझुस हटाउन लाग्ने खर्च बापत रू. २०,००,०००।– दिने र घर बनाउनको निमित्त सहुलियत दरमा काठ उपलब्ध गराउने ।

(६) सट्टा भर्ना दिइने जग्गामा कटान गरिने सबै जातको गोलिया काठ र दाउरा टिम्बर कर्पोरेशन अफ नेपाल लि. ले कटान गर्ने र यसरी कटान गरेको गोलिया काठ र दाउरा लिलाम (अक्सन) बाट बिक्री गर्ने। लिलामबाट खरिद गर्नेले विदेश निकासी गर्न पाउने।

(७) नयाँ बसाइने परिवारलाई आरक्षबाट यथाशक्य टाढा राख्न मनासिब पर्ने भएकोले आरक्षबाट हटाइने परिवारलाई देहायबमोजिम गर्ने।

(क) पिपरैयाको १७० विगहा, बागफाँटाको ८३२ विगहा र सुन्दरपुरको २२६ विगहा समेत गरी जम्मा जग्गा विगहा १,२२८ महेन्द्रनगर नगर पंचायत क्षेत्रभित्रको जमीन हुनाको साथै सिंचाइ, नहर र बाटोघाटोको पनि सुविधा भएकोले उठाउनु पर्ने क्षेत्रको जमीनको तुलनामा उक्त १,२२८ विगहा जमीनलाई सट्टाभर्नामा नदिई १ (एक) विगहाका दरले कित्ता काट गरी वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगले उक्त जग्गाको मूल्य निर्धारण गर्ने। त्यसै गरी आरक्षबाट उठाइने परिवारहरूको जग्गाको पनि आयोगबाट नै मूल्य निर्धारण गर्ने। यसरी मूल्यांँकन गरिएका जग्गाहरूको आधारमा जग्गा सट्टापट्टाकै रूपमा लिन चाहेमा सोही अनुसार उठाइएका परिवारहरूलाई मूल्यले खामेबमोजिम नगर पंचायत क्षेत्रभित्र १ (एक) विगहामा नबढाई जग्गा दिने व्यवस्था गरिदिने।

(ख) नगर पंचायत क्षेत्रमा १ (एक) विगहा जमीन लिएपछि पनि उठाइने परिवारको क्षतिपूर्ति पूरा नभएमा निजको बाँकी जमीनको मूल्यांँकन भए अनुसारको मुआब्जा दिने अथवा सट्टाभर्ना जग्गा नै लिन चाहेमा जग्गा नै दिने। सट्टाभर्ना दिने जग्गा पुनर्वास कम्पनीको लागि छुट्याइएको तर जंगल कटान गरी पुनर्वास गराउन बाँकी रहेको बुटावारीको जंगल र गोकुलपुर महैया र उपियाँफाँटा उत्तर–पूर्वको सोतो जंगल खेतीलायक जमीनबाट र पश्चिम – रत्नपुर, नयाँ सेटलमेण्ट, पूर्व–दौवा नदी, उत्तर–आरक्षको सिमाना र चानदेव गाउँ, दक्षिण– कलकत्ता, नयाँ सिपुर र शान्तिपुर भएको जंगलबाट वन सिमाना सीधा हुने गरी छुट्याई दिने र सोबाट पनि नपुग भएमा पचघडिया गाउँको उत्तर–पूर्वको वन जंगलबाट आवश्यक वनक्षेत्र छुट्याई सिमाना सीधा पारी प्राप्त हुने वनक्षेत्रबाट दिने।

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, फागुन १५ गते २०४६ साल ( संख्या ४५


## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

**सदर चिडियाखाना विकास समिति (गठन) आदेश, २०४६**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस आदेशका नाम "सदर चिडियाखाना विकास समिति (गठन) आदेश, २०४६" रहेको छ ।

१.२ यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. समितिको गठनः

२.१ सदर चिडियाखाना विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

२.२ उप-दफा २.१ बमोजिमको समितिमा देहायको अध्यक्ष तथा सदस्यहरू रहनेछन्:–

२.२.१ महानिर्देशक, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग – अध्यक्ष

२.२.२ प्रतिनिधि, अर्थ मन्त्रालय – सदस्य

२.२.३ प्रतिनिधि, वन तथा भू-संरक्षण मन्त्रालय – सदस्य

२.२.४ प्रतिनिधि, श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष – सदस्य

२.२.५ वन्यजन्तु संरक्षणमा विशेष योगदान पुर्‍याउने प्रतिष्ठित नेपाली नागरिकहरूमध्येबाट वन्यजन्तु संरक्षण समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीत तीनजना व्यक्ति – सदस्य

२.२.६ नगर पञ्चायतको सम्बन्धित वडा अध्यक्ष – सदस्य

२.२.७ कार्यकारी निर्देशक, सदर चिडियाखाना – सदस्य-सचि

२.३ उप-दफा २.२.५ बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

२.४ श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

२.५ समितिले आवश्यक देखेमा अन्य कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

३. समितिको काम, कर्तव्य र अधिकारः

३.१ विभिन्न पशु-पंछी तथा वन्यजन्तुहरूलाई सार्वजनिक रूपमा प्रदर्शन गर्नको लागि सदर चिडियाखानाको विकास गर्नु समितिको कर्तव्य हुनेछ ।

३.२ उप-दफा ३.१ मा उल्लेखित कर्तव्य पालनको लागि समितिले देहायको कार्यहरू गर्न सक्नेछः–

३.२.१ सदर चिडियाखानालाई राष्ट्रिय स्तरको चिडियाघरको रूपमा विकसित गर्न त्यसको रेखदेख, नियन्त्रण, मर्मत, सम्भार, विस्तार तथा संरक्षण गर्ने गराउने ।

३.२.२ विभिन्न पशु-पंक्षी तथा वन्यजन्तुहरूलाई सुरक्षित रूपमा सार्वजनिक प्रदर्शन गर्नको लागि उपयुक्त व्यवस्था मिलाउन आवश्यक कार्य गर्ने गराउने ।

३.२.३ लोप हुन लागेका पशु-पंक्षी तथा वन्यजन्तुहरूको संरक्षण गर्न आवश्यक कार्य गर्ने गराउने ।

३.२.४ सदर चिडियाखानामा राखिएका पशु-पंक्षी तथा वन्यजन्तुहरूलाई स्वस्थ राख्न आवश्यक औषधि, अस्पताल, प्रयोगशाला आदिको व्यवस्था गर्ने गराउने ।

३.२.५ स-साना पशु-पंक्षी तथा जीवजन्तुलाई हुर्काउन तथा पालन-पोषण गर्न उपयुक्त नर्सरीको व्यवस्था गर्ने गराउने ।

३.२.६ विभिन्न पशु-पंक्षी तथा वन्यजन्तु सम्बन्धी खोज तथा अनुसन्धान गर्ने गराउने ।

३.२.७ सदर चिडियाखाना हेर्न आउने दर्शकहरूको जानकारीको लागि चाहिने आवश्यक पुस्तक, पत्र-पत्रिका प्रकाशन गर्ने तथा चलचित्र एवं स्लाइड शो सम्बन्धी आवश्यक व्यवस्था मिलाउने ।

३.२.८ श्री ५ को सरकारले दिएको निर्देशन अनुरूप कार्य गर्ने गराउने ।

३.२.९ सदर चिडियाखानाको रेखदेख, संरक्षण तथा विकासको लागि अन्य आवश्यक कार्यहरू गर्ने गराउने ।

४. उप-समिति गठन गर्न सक्ने:

४.१ समितिले आफ्नो कार्य सञ्चालनमा सघाउ पुऱ्याउन सदस्यहरूमध्येबाट आवश्यकतानुसार विभिन्न उप-समितिहरू गठन गर्न सक्नेछ ।

४.२ उप-समितिले गर्ने कार्य उप-समितिको बैठक तथा कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

५. समितिको बैठक र निर्णय:

५.१ समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

५.२ अध्यक्षको अतिरिक्त अन्य कुनै दुईजना सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५.३ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

५.४ समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

५.५ समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

५.६ समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

६. समितिको कोष र आर्थिक कारोबार:

६.१ समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछः–

६.१.१ प्रवेश शुल्कबाट प्राप्त रकम,

६.१.२ श्री ५ को सरकारबाट प्राप्त रकम,

६.१.३ श्री ५ को सरकारमार्फत कुनै अन्तर्राष्ट्रिय वा विदेशी संस्थाबाट प्राप्त रकम ।

६.१.४ समितिले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

६.२ समितिको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. लेखा र लेखापरीक्षण:

७.१ समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीका बमोजिम राखिनेछ ।

७.२ समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

८. अधिकार प्रत्यायोजन: समितिले आवश्यकतानुसार आफ्ना सबै वा केही अधिकार उप-समिति, समितिको सदस्य-सचिव, वा समितिका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. नियम बनाउने अधिकार: समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

१०. श्री ५ को सरकारसंग सम्पर्क: समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा वन तथा भू-संरक्षण मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

११. समितिको कार्यालय: समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

आज्ञाले,

वीरेन्द्रनाथ खुंजेली

श्री ५ को सरकारको सचिव

# भाग ४

श्री ५ को सरकार

## बन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

सदर चिडियाखाना विकास समिति (गठन) आदेश, २०४६ को दफा २ को उपदफा २.४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त गठन आदेशको दफा २ को उपदफा २.२ को सट्टा देहायको उपदफा २.२ राखी हेरफेर गरेको छ ।

उपदफा २.१ बमोजिमको समितिमा देहायको अध्यक्ष तथा सदस्यहरू रहने छन् ।

२.२.१ श्री ५ को सरकारले तोकेको अधिकृत — अध्यक्ष

२.२.२ प्रतिनिधि, अर्थ मन्त्रालय — सदस्य

२.२.३ प्रतिनिधि, वन तथा भू-संरक्षण मन्त्रालय — "

२.२.४ प्रतिनिधि, श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष — "

२.२.५ प्रतिनिधि, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग — "

२.२.६ वन्यजन्तु संरक्षणमा विशेष योगदान पुऱ्याउने प्रतिष्ठित नेपाली नागरिकहरू मध्येबाट वन्यजन्तु संरक्षण समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीत तीन जना व्यक्ति — "

२.२.७ नगरपालिकाको प्रमुख — "

२.२.८ कार्यकारी निर्देशक, सदर चिडियाखाना — सदस्य-सचिव

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, वैशाख १८ गते २०५२ साल (अतिरिक्ताङ्क २ (क + १)

## भाग ४

### श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

चितवन जिल्ला, पद्मपुर गाउँ विकास समितिका जनताहरूलाई जुटपानी गाउँ विकास समितिमा सारी पदमपुर गाउँ विकास समितिलाई शाही राष्ट्रिय निकुञ्ज चितवनमा समावेश गर्नको लागि श्री ५ को सरकारले देहायबमोजिमको पदमपुर गाउँ विकास समिति स्थानान्तरण समिति गठन गरी काम, कर्तव्य र अधिकार समेत तोकेको छ ।

१. **समितिको गठनः–**

(क) श्री सूर्यप्रसाद शर्मा – अध्यक्ष

(ख) जिल्ला विकास समिति चितवनका सभापति वा निजले तोकेको जिल्ला विकास समितिको सदस्य – सदस्य

(ग) चितवन जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित प्रतिनिधि सभाका सदस्य – पदेन-सदस्य

(घ) चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २ बाट निर्वाचित प्रतिनिधि सभाका सदस्य – पदेन-सदस्य

(ङ) अध्यक्ष, पदमपुर गाउँ विकास समिति – सदस्य

(च) अध्यक्ष, जुटपानी गाउँ विकास समिति – सदस्य

(छ) प्रतिनिधि, आवास तथा भौतिक योजना मन्त्रालय — सदस्य

(ज) स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, चितवन — सदस्य-सचिव

२. समितिको काम, कर्तव्य तथा अधिकारः–

(क) पदमपुर गाउँ विकास समिति क्षेत्रका जनताहरूको पारिवारिक विवरण संकलन गरी घर जग्गाको मूल्यांकन गर्ने।

(ख) पदमपुर गाउँ विकास समितिको जनताको बसोबास जुटपानी गाउँ विकास समितिमा सार्ने।

(ग) पदमपुर गाउँ विकास समितिको क्षेत्रलाई शाही राष्ट्रिय निकुन्ज चितवनमा समावेस गर्ने।

(घ) जुटपानी गाउँ विकास समिति क्षेत्रको कालिका (गुन्द्रे, मान्द्रे) भन्ने स्थानको खाली जग्गामा बसोबासको योजना बनाउने।

(ङ) पदमपुर गाउँ विकास समितिबाट बसोबास सारिने परिवारहरूलाई आ-आफ्नो पहिलेको जग्गा र घर धुरीको अनुपातमा जग्गा तथा घर निर्माणको लागि मुआब्जा उपलब्ध गराउने।

(च) जुटपानी गाउँ विकास समितिको नयाँ बस्ती बस्ने क्षेत्रमा बाटोघाटो, खानेपानी, सिंचाई, विद्यालय, हेल्थपोष्ट, गाउँ विकास समिति भवन सार्वजनिक स्थल तथा धार्मिक मठ-मन्दिर आदि निर्माण गर्ने।

(छ) श्री ५ को सरकारबाट पदमपुर गाउँ विकास समितिको स्थानान्तरणको लागि प्राप्त हुने अनुदान रकमको कार्यक्रम तर्जुमा गरी प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्ने।

(ज) श्री ५ को सरकारले तोकेको अन्य काम गर्ने।

आज्ञाले,
विश्वराज रेग्मी
श्री ५ को सरकारको का. मु. सचिव

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, फागुन ६ गते २०५३ साल (संख्या ४४

## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले शिवपूरी जलाधार तथा वन्यजन्तु आरक्षको परियोजना प्रमुखलाई शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्षको चौहदी भित्र भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा १९ बमोजिम जलाधार संरक्षण अधिकृतको कार्य गर्ने गरी तोकेको छ ।

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन तथा भू–संरक्षण मन्त्रालयको

## सूचना १

शिवपुरी जलाधार तथा वन्यजन्तु, आरक्षण, विकास समिति (गठन) आदेश, २०४१ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्षण विकास समितिको अध्यक्ष तथा सदस्यमा देहायबमोजिमको हेरफेर तथा थपघट गरेको छ।

| | |
|---|---|
| क) राजकुमार रबिन्द्र विक्रम शाह | अध्यक्ष |
| ख) प्रतिनिधि, प्रमुख निजी सचिवालय, राजदरवार | सदस्य |
| ग) महा–निर्देशक, भू–संरक्षण विभाग | सदस्य |
| घ) महा–निर्देशक, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग | सदस्य |
| ङ) महा–निर्देशक, वन विभाग | सदस्य |
| च) प्रतिनिधि, शाही नेपाली जंगी अड्डा | सदस्य |
| छ) प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| ज) वन अधिकृत, परियोजना | सदस्य |
| झ) नापी अधिकृत, परियोजना | सदस्य |
| ञ) प्रतिनिधि, वन तथा भू–संरक्षण मन्त्रालय | सदस्य |
| ट) अध्यक्ष, नयाँपाटी गा. वि. स. | सदस्य |
| ठ) महेन्द्र आनन्द | सदस्य |
| ड) पशुपति शंकर शेंजु | सदस्य |
| ढ) परियोजना प्रमुख | सदस्य–सचिव |

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, असोज १३ गते २०५७ साल (अतिरिक्ताङ्क ३७ (क)

## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले विकास समिति ऐन, २०१३ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी "शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष विकास समिति" विघटन गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
रवि शर्मा अर्याल
उप सचिव (कानून)

# 'ङ'

## विविध राजपत्र

# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३०] काठमाडौं, कार्त्तिक १८ गते २०३७ साल [संख्या २६


श्री ५ को सरकार

## वन मन्त्रालयको

## सूचना

श्री ५ को सरकारको मिति २०३७।६।१ को निर्णय अनुसार यस मन्त्रालय अन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालयको सट्टा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग भन्ने नामाकरण गरिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले–
मी. सु. प्रकाशमान सिंह
श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, कात्तिक १० गते २०३२ साल**

श्री ५ को सरकार

**प्रशासन व्यवस्था विभागको**

**सूचना**

निजामती सेवा नियमावली, २०२१ को नियम ११.२१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्रिय निःकुन्ज तथा वन्य जन्तु संरक्षण कार्यालयका प्रमुखलाई सोही नियमको अनुसूचि १ (ख) मा समावेश गर्ने गरी तोकिदिएको छ ।

आज्ञाले—
विष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, फागुन ३० गते २०४५ साल (अतिरिक्ताङ्क ६६ (क)


## भाग ४

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल वन सेवा, जनरल फरेष्ट्री समूहमा कार्यरत देहायका कर्मचारीहरूलाई आजैका मितिदेखि नेपाल वन सेवा, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ समूहमा समूहीकृत गरेको छ ।

## तपसील

| क्र. सं. | कार्यालय | पदनाम | श्रेणी | पदाधिकारीको नाम | पदसङ्केत नं. |
|---|---|---|---|---|---|
| १. | सगरमाथा रा. नि. कार्यालय, (सोलुखुम्बु) | प्रमुख संरक्षण अधिकृत (चीफ वार्डेन) | रा. प. द्वि. प्रा. (उ. स. स्तर) | श्री विजय कटेल | व. रा. व. सं. वि. ०६१३ |
| २. | शाही चितवन रा. नि. कार्यालय, (चितवन) | " | " | श्री उदयराज शर्मा | व. रा. व. सं. वि. ०६१४ |
| ३. | लाङटाङ रा. नि. कार्यालय, (रसुवा) | " | " | डा. श्री तीर्थमान मास्के | व. रा. व. सं. वि. ०६१५ |
| ४. | शे–फोक्सुण्डो रा. नि. कार्यालय, (डोल्पा) | संरक्षण अधिकृत (वार्डेन) | रा. प. द्वि. प्रा. सा. स. स्तर | श्री श्यामसुन्दर बजिमय | व. रा. व. सं. वि. ०८१२ |
| ५. | शाही शुक्ला फाँटा व. जं. आ. कार्यालय, (कञ्चनपुर) | " | " | श्री रामप्रीत यादव | व. रा. व. सं. वि. ०८१३ |
| ६. | पर्सा व. जं. आ. कार्यालय, पर्सा | संरक्षण अधिकृत (वार्डेन) | रा. प. द्वि. प्रा. सा. स. स्तर | श्री कृष्णमान श्रेष्ठ | व. रा. व. सं. वि ०८१४ |
| ७. | रा. नि. तथा व. जं. सं. विभाग, काठमाडौं | " | " | श्री नारायणप्रसाद पौडेल | व. रा. व. सं. वि. ०८१५ |
| ८. | " | सहायक संरक्षण अधिकृत | रा. प. तृ. (प्रा.) | श्री गोपालप्रसाद उपाध्याय | व. रा. व. सं. वि. ०७११ |
| ९. | " | " | " | श्री पुरनभक्त श्रेष्ठ | व. रा. व. सं. वि. ०७१२ |

| | | | | |
|---|---|---|---|---|
| १०. ,, | ,, | ,, | श्री मिङ्मानोर्बु शेर्पा | व.रा.व.सं.वि. ०७१३ |
| ११. सगरमाथा रा.नि. कार्यालय, सोलुखुम्बु | ,, | ,, | श्री फणिन्द्रराज खरेल | व.रा.व.सं.वि. ०७१४ |
| १२. लाङ्टाङ रा.नि. कार्यालय, रसुवा | ,, | ,, | श्री सूर्यबहादुर पाण्डे | व.रा.व.सं.वि. ०७१६ |
| १३. रारा राष्ट्रिय निकुञ्ज कार्यालय, मुगु | ,, | ,, | श्री लक्ष्मीप्रसाद मानन्धर | व.रा.व.सं.वि. ०७१७ |
| १४. शे-फोक्सुण्डो रा.नि. कार्यालय, डोल्पा | ,, | ,, | श्री निमावाङचु शेर्पा | व.रा.व.सं.वि. ०७१८ |
| १५. ढोरपाटन शिकार आरक्ष कार्यालय, बाग्लुङ | ,, | ,, | श्री ल्हाक्पानोर्बु शेर्पा | व.रा.व.सं.वि. ०७११४ |
| १६. खप्तड रा.नि. कार्यालय, बाजुरा | ,, | ,, | श्री मेघबहादुर पाण्डे | व.रा.व.सं.वि. ०७११८ |
| १७. रा.नि. तथा वन्य जन्तु संरक्षण विभाग | ,, | ,, | श्री महेन्द्रकुमार श्रेष्ठ | व.रा.व.सं.वि. ०७१२८ |

आज्ञाले,
वीरेन्द्रनाथ खुंजेली
श्री ५ को सरकारको सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन २६ गते २०१२ साल

### बनमन्त्रालयको विज्ञप्ति

पत्रसंख्या ४१।६।५८८७।८४६४ मिति २०१२।११।१६

नेपाल सरकारको मृगकुञ्ज तयार नभएको र शिकार— नियम पास भै नसकेकोले शिकार-नियम तुरुन्त पास गराउनेतर्फ कारबाई हुँदै रहेको पनि छ । चितौन नवलपुरमा बन्य-पशुको ज्यादै क्षति हुँदै गएकोले सरकारले तिनको संरक्षण केही वर्षसम्म राम्ररी नगरेको खण्डमा शून्यप्राय हुने संभावना देखिन्छ । त्यसैले अर्को सूचना नआउञ्जेल ती क्षेत्रमा शिकार कडाईसाथ बन्द गराउने गरी यो सूचना प्रकाशित गरिसकेको छ । जिल्ला, गढी, गौंडा, गोस्वारासमेतले यसको पूरा देख रेख पुऱ्याई राम्ररी संरक्षण गर्नु, गर्न लगाउनु ।

आज्ञाले:—

रोहिणीप्रसाद पंथ

सेक्रेटरी:— बनमन्त्रालय.

# भाग ३

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल राज्यभित्रका निजी खेत, खला, बारीमा आउने सानो जातको बँदेल बाहेकको जङ्गली बँदेललाई आर्थिक वर्ष ०७६/७७ सम्म को लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरी त्यस्ता जङ्गली बँदेलले निजी खेत, खला, बारीमा आई क्षति पुऱ्याउने अवस्था भएमा त्यस्तो खेत, खला, बारीका धनीले देहायको शर्तको अधीनमा रही अनुज्ञापत्र बिना धपाउन, लखेट्न वा पक्रन वा मार्न सक्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

<u>शर्तहरु</u>:-

(क) जङ्गली बँदेलले किसानको खेतबारीमा आई बालीनाली नोक्सान पुऱ्याएमा वा धनजनको हानी नोक्सानी पुऱ्याएमा किसान एक्लै वा सामूहिक रुपमा त्यस्तो बँदेललाई धपाउन, लखेट्न वा पक्रन सक्ने,

(ख) खण्ड (क) बमोजिम जङ्गली बँदेललाई पक्राउ गरेमा सोको सूचना सम्बन्धित राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष कार्यालय, डिभिजन वन कार्यालय वा त्यस्ता

कार्यालयको मातहतको नजिकको कार्यालय र स्थानीय तहको वडा कार्यालयमा दिनु पर्ने,

(ग) खण्ड (क) बमोजिम जङ्गली बँदेललाई धपाउने, लखेट्ने वा पक्रने क्रममा त्यस्तो बँदेलको मृत्यु भएमा त्यस्तो बँदेललाई सम्बन्धित वडाका एकजना प्रतिनिधि सहित कम्तीमा पाँच जना स्थानीय व्यक्तिको रोहवरमा मुचुल्का खडा गरी गाड्न वा तौलको आधारमा पञ्चकिर्ती मूल्य तोकी उक्त रकम राजश्वमा दाखिला गरी सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाभित्र उपयोग (व्यापारिक प्रयोजन बाहेक) गर्न सकिने र सोको जानकारी सम्बन्धित राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष कार्यालय, डिभिजन वन कार्यालय वा त्यस्ता कार्यालय मातहतको नजिकको कार्यालय र स्थानीय तहको वडा कार्यालयमा दिनु पर्ने।

(घ) खण्ड (ग) बमोजिम जङ्गली बँदेल मारिएकोमा राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष कार्यालय वा डिभिजन वन कार्यालयले सोको विवरण प्रत्येक महिना नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा सम्बन्धित प्रदेश सरकारको

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र प्रदेश वन निर्देशनालयमा दिनु पर्ने।

(ङ) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र वा राष्ट्रिय वन क्षेत्रमा जङ्गली बँदेललाई धपाउन, लखेट्न, पक्रन वा मार्न नपाइने।

**आज्ञाले,**
**डा. विश्वनाथ ओली**
**नेपाल सरकारको सचिव**

२४

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं, चैत १६ गते, २०७१ साल (संख्या ४४

## भाग ५

### नेपाल सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७१।१०।२९ को निर्णय अनुसार भक्तपुर जिल्लाको गुण्डु, सिपाडोल तथा कटुञ्जे गा.वि.स. अन्तर्गत रहेका सामुदायिक वनहरुमध्ये सूर्यविनायक सामुदायिक वन (४६.२५५ हेक्टर), सेतीदेवी सामुदायिक वन (४४.५०४ हेक्टर), मन्थली सामुदायिक वन (६४.८७४ हेक्टर), गौरादेवी सामुदायिक वन (९.३१६ हेक्टर), बालकुमारी सामुदायिक वन (१४.६७७ हेक्टर), लिखानारायण सामुदायिक वन (४०.०१४ हेक्टर), संजिवनी सामुदायिक वन (१५.०२१ हेक्टर), तथा सरकारद्धारा व्यवस्थित वन क्षेत्रको (१०.५०४ हेक्टर) समेत गरी २४५.१६५ हेक्टर वन क्षेत्रमा राष्ट्रिय प्राणी उद्यान स्थापना गर्ने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
शरद चन्द्र पौडेल
नेपाल सरकारको सचिव

नेपाल सरकार

## वन तथा भू–संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले तनहुँ जिल्लास्थित देहायको चारकिल्ला भित्रको ४२५ हेक्टर वन लगायतको क्षेत्रमा प्राणी उद्यान स्थापना गर्ने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ :-

प्राणी उद्यान क्षेत्रको चारकिल्ला

**पूर्व:** छिर्कने भञ्ज्याङ्ग जौवारी गाउँ जाने बाटोको केही भाग हुँदै पोखरी भञ्ज्याङ्ग हुँदै ठाडोबाटो हुँदै बनतर्फको बाटो भएर राई खोल्सी भएर जौवारी जाने मुख भएर गखर्क डाँडा हुँदै चालिसे खोला, शिसा खोला भएर गरम भञ्ज्यांङ्ग ।

**पश्चिम:** मोती चौतारा हुँदै कटहरे फाँट हुँदै तिन पातेडाँडा हुँदै ढकाल नदी हुँदै भूमिटार गाउँ हुँदै साठी मुरे खोला हुँदै भञ्ज्याङ्ग चौतारा ।

**उत्तर:** गरम भञ्ज्याङ्गदेखि नाब्रुंग जाने कच्चीबाटो भन्दा दक्षिण हुँदै नाबरुंगको आवादी भएर खोल्सी हुँदै बगुवा गाउँ हुँदै नेपाल डाँडाको आवादी हुँदै सिम्ने खोला हुँदै ठाडोबाटो भएर भालुखोला हुँदै भञ्ज्याङ्ग चौतारा ।

**दक्षिण:** छिर्कन भञ्ज्याङ्गदेखि पृथ्वी राजमार्ग हुँदै देउरालीको आवादी छेउ हुँदै मौती चौतारादेखि कटहरे फाँटसम्म ।

आज्ञाले,

**प्रकाश माथेमा**

नेपाल सरकारको सचिव

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

विषय:- राशन तथा लुगा (यूनिफर्म) सुविधा सम्बन्धमा ।

माननीय विभागीय राज्य मन्त्रीज्यूबाट स्वीकृति मिति :-२०४५।७।६

प्रस्ताव

१. विषयको संक्षिप्त व्यहोरा :-

(क) यस विषयमा पहिले कुनै निर्णय भएको भए त्यसको संक्षिप्त विवरण:- +

(ख) यस विषयमा अहिले प्रस्ताव पेश गर्नु परेको व्यहोरा :- श्री ५ महाराजाधिराज सरकारबाट यहीँ २०४५ साल वैशाख १५ गते देखि २४ गते सम्म चितवनको कसरामा राज गरि बक्संदा वन व्यवस्थापन सम्बन्धमा जाहेरीका अवसरमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका सबै कर्मचारीलाई यूनिफर्म दिने र निकुन्ज तथा आरक्षमा काम गर्ने सबै कर्मचारीहरुलाई राशन र यूनिफर्म समेत दिने निर्देशन बक्स भएको ।

२. के गर्ने :- राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका सबै कर्मचारीलाई यूनिफर्म र निकुन्ज तथा आरक्षहरुमा काम गर्ने कर्मचारीहरुलाई राशन तथा लुगा ( यूनिफर्म ) सुविधा साल-बसाली रुपमा दिने ।

३. किन गर्ने :-श्री ५ महाराजाधिराज सरकारबाट निर्देशन बक्स भएकोले ।

४. कसले गर्ने :- श्री ५ को सरकारले ।

५. कहाँ, कहिले गर्ने :- राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग र अन्तर्गत कार्यालयहरुमा २०४५ साल साउनबाट ।

६. कति, कसरी गर्ने :-राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गत सम्पूर्ण कर्मचारीहरुको लागि यूनिफर्म (लुगा) र राष्ट्रिय निकुन्ज तथा आरक्षमा कार्यरत कर्मचारीहरुको लागि राशन सुविधा २०४५ साल साउनबाट लागु हुने गरी सालबसाली रुपमा व्यवस्था गर्ने र आ.व. २०४५।०४६ को लागि लुगा (यूनिफर्म) को लागि रु. २०,३०,२३५।- (बीस लाख तीस हजार दुईशय पैंतिस) र राशनको लागि रु. ३५,६६,९२५।- (पैंतिस लाख उन्नान्सय हजार नौशय पच्चिस) छुट्टै थप बजेट निकासा हुनु पर्ने ।

७. परामर्श लिएको मन्त्रालयको नाम र परामर्शको व्यहोरा :- बजेट व्यवस्थाको लागि अर्थ मन्त्रालयमा पत्राचार गरिएको ।

८. मान्नीय सचिवज्यू समक्ष प्रस्तुत गरिएको भए सो मितिको राय :- +

९. सिफारिश गरिएको बाहेक अरु तरिका अपनाउन सकिन्छ कि :- +

१०. विशेषज्ञले यस विषयमा राय दिएको भए सो उल्लेख गर्नु पर्ने :- +

११. कुनै संघ संस्था बारे उल्लेख भएमा संस्थाको पूरा नाम र उद्देश्य खुलाउने :- +

१२. ,, ,, संस्थाको प्रधान कार्यालय रहेको ठाउँ खुलाउने :- +

१३. ,, ,, संस्थाको सदस्य संख्या खुलाउने :- +

१४. ,, ,, संस्थाको नेपालसंग सम्बन्ध भएको मिति :- +

१५. ,, ,, संस्था प्रति नेपालको दायित्व र संस्थाबाट
नेपालले पाउने फाइदा खुलाउने :- +

१६. अन्तर्राष्ट्रिय सभा, सम्मेलन आदि बारे प्रस्तावमा उल्लेख भएमा तिनीहरुमा
नेपालले अपनाउने नीति र दृष्टिकोण :- +

१७. अन्तर्राष्ट्रिय सभा, सम्मेलन आदिमा नेपालको प्रतिनिधित्व गर्ने व्यक्तिले दिने
वक्तव्य र त्यस्तो वक्तव्यमा परराष्ट्र मंत्रालयबाट स्वीकृति लिइएको व्यहोरा :- +

१८. प्रस्तुत विषयमा प्रचार प्रसार गर्नु गराउनु पर्ने हो, होइन :- +

१९. प्रस्तावमा कुनै योजनाको उल्लेख छ भने योजना बारे छोटकरीमा खुलाउने :- +

२०. कुनै विषयमा नक्सा, डिजाइन वा चित्र संलग्न गर्नु पर्ने भए सो संलग्न गर्ने र
यहां उल्लेख गर्ने :- +

२१. मंत्रालयको सिफारिश :- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र
अन्तर्गत कार्यालयहरुका कर्मचारीहरुको लागि युनिफर्म र राष्ट्रिय निकुञ्ज तथा
आरक्षमा कार्यरत कर्मचारीहरुको लागि राशन सुविधा सालवसाली रुपमा दिने
र आ.व. २०४५।०४६ को लागि युनिफर्मको लागि रु. २०,३०,२३५।- (बीस लाख
तीस हजार दुइशय पैंतिस) र राशनको लागि रु. ३५,९९,९२५।- (पैंतिस लाख
उनान्सय हजार नौशय पच्चिस) मात्र थप बजेट निकासाको लागि अर्थ मंत्रालयमा
पत्राचार गर्ने र स्वीकृतको लागि मं.प.मा प्रस्ताव पठाउन अनुमतिको लागि पेश
हुंदा माननीय विभागीय राज्य मंत्रीज्यूबाट स्वीकृति प्राप्त भएकोले श्री ५ को
सरकार (कार्यसम्पादन) नियमावली, २०४० को अनुसूची १ को दफा ५ (१)
बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

२२. निर्णय हुनु पर्ने कुरा :- देहाय अनुसार गर्ने स्वीकृति दिने ।

(क) संलग्न पुस्तिका (कर्मचारी राशन तथा लुगा (यूनिफर्म) सुविधामा उल्लेख भए अनुसारको स्केल बमोजिम राशन तथा यूनिफर्म क्लोदिङ सालवसाली रूपमा निकासा दिने ।

(ख) राशन पाएपछि पनि शाही नेपाली सेनाले पाए सरह दुर्गम भत्ता पाउने ।

(ग) संलग्न पुस्तिकामा उल्लेख भए बमोजिमको हिसाब अनुसार आ.व. २०४५।०४६ को लागि यूनिफर्मका निमित्त रू. २०,३०,२३५।- (बीस लाख तीस हजार दुइ शय पैंतिस मात्र) र राशनको लागि रू. ३५,६९,९२५।-(पैंतिस लाख उनान्सय हजार नौशय पच्चिस मात्र) निकासा दिने ।

(घ) राशन २०४५ साउन १ गते देखि खान पाउने ।

(वीरेन्द्रनाथ मुखर्जी)
श्री ५ को सरकारको सचिव

मिति:- २०४५।७।१६।

मं.प.सं.४४।०४५ को मन्त्रिपरिषद्‌मा पेश भएको

राशन तथा लुगा (युनिफर्म) सुविधा विषय वन तथा भू संरक्षण मन्त्रालयको मं.१६८१।४५-०४५।७।१८ को प्रस्ताव- श्री ५ को सरकार (कार्य सम्पादन) नियमावली, २०४० को नियम २७ को उप-नियम (१) अनुसार यसमा श्री ५ को सरकारले देहायमा लेखिए बमोजिम गर्ने निर्णय गरेको--

श्री ५ को सरकारको निर्णय:-

राशन [illegible] साल मंसिर १ गते देखि खान पाउने गरी ऊ प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

ह. -------
(कल्याणध्वज अधिकारी)
मुख्य सचिव
२०४५।८।१

प्रतिलिपि

**स्थान:** **मिति:**

**विषय:**

**नोट:**

**स्थानः** **मितिः**

**विषयः**

**नोटः**

**स्थानः** **मितिः**

**विषयः**

**नोटः**

**स्थानः** **मितिः**

**विषयः**

**नोटः**

स्थानः मितिः

विषयः

नोटः


स्थान:                                                                                    मिति:

विषय:

नोट:

**स्थान:** **मिति:**
**विषय:**

**नोट:**




**प्रकाशक**

# नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

## वन्यजन्तु अपराध नियन्त्रण शाखा

## बबरमहल, काठमाण्डौं

## २०७७